**१.१ शोध शीर्षक :-**

प्रस्तुत शोध पत्रको शीर्षक "वैतडी पाटन क्षेत्रमा प्रचलित देउडा गीतको अध्ययन" रहेको छ ।

१.२ शोधार्थी :

जनकराज भट्ट

१.३ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यायल मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षण विभाग महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज स्नातकोत्तर तहको दोस्रो वर्षको दशौं पत्र कोर्ष नं. ५१०-६ को पाठ्यभार पूरा गर्ने प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

१.४ विषय परिचय

नेपाली लोकसाहित्य अन्तर्गत पर्ने ब्यापक र लोक प्रिय विधा नेपाली लोकगीत अन्तर्गतको एउटा महत्वपूर्ण शाखा र झ्याउरेसंग प्रायः मेल खाने देउडागीत पश्चिम नेपालको महत्वपूर्ण लोक साहित्यिक विधा हो । स्थानीय उच्चारणमा विभेदले ड्यौडा, देउडा, डेउडा, द्यौडाआदि जस्ता शब्दले पुकारीएतापनि देउडा विशेषतः मध्य र सुदुर पश्चिमको ठुलो भु-भागको लोक जीवनमा पूर्णतः भीजेको गीत र नाँच दुवै हो ।

देउडा गीतको शाब्दिक अर्थ हो टेढो, बाङ्गो वा छड्के सामूहिकरुपमा देउडा खेल्दा पादपंक्ति देउडी पर्ने हुँदा यसलाई देउडा खेल भनिएको हो । यो लोकगीतको ज्यादै लोक प्रिय विधा हो र पैतलो (पादतल) निर्माणमा खुट्टाहरु छड्के गतीमा अगाडि बढ्ने हुँदा प्रारम्भमा यो पैतलो विशेषलाई मात्र देउडा भनिन्थ्यो तर पछि आएर यसको अर्थ विस्तार भै यसले गीत र अभिनय दुबैलाई जनाउनथाल्यो । आजभोली पादतलमा आवद्ध सामूहिक गायन प्रक्रियालाई देउडा गाउने भनिन्छ । त्यसैले देउडा गीतको प्रयोग सामूहिक तथा एकल र अभिनयसहित वा अभिनयरहित ढंगले गर्न सकिन्छ । सामूहिक रुपमा देउडा खेल्दा खेलाडीहरु दुई पक्षमा विभक्त

भएका हुन्छन् र दुबै पक्षतिर एक-एक जना गीतेरु तत्काल गीत सिर्जना गरी भन्ने व्यक्ति रहेका हुन्छन् । तिनीहरुको बीच गीतिमय संवाद वा वादविवाद चल्दछ । जसमा आफ्ना गहकिला र मर्मस्पर्शी  अभिव्यक्तिद्धारा एक अर्कालाई  परास्त गर्ने अभिप्रायका साथै गाली गलोज तथा पुराना कलङ्क कोट्याउने काम पनि हुन्छ । देउडा गीतमा  मार्मिकता  प्रसंङ्गनुसारीता अन्यानुप्रास र लय समेत मिलाउनु पर्ने र तत्काल भन्नु पर्ने हुँदा यी देउडा भन्ने ब्यक्तिलाई आँशुकविको उपाधि दिनु सार्न्दभिक देखिन्छ ।

## १.५ समस्या कथन :-

लोकगीतको एउटा महत्वपूर्ण विधाको रुपमा रहेको देउडागीतले भाषिक तथा लोकसाहित्यमा महत्वपूर्ण स्थान ओगटेको छ । तापनि यसको व्यापकरुमा अध्ययन विश्लेशण र वर्गिकरण भएको आईदैन । बैतडीको पाटन क्षेत्रमा प्रचलित डेउडागीतले पनि नेपाली लोकसाहित्यको भण्डारलाई समृद्धशाली बनाउन महत्वपूर्ण भूमिका खेलेका छन् तर यी गीतहरुको  आजसम्म खोजी र अध्ययन हुन सकेको छैन । त्यसैले यो शोध पत्रमा निम्न लिखित समस्यामा केन्द्रित रही शोध कार्य गरिएको छ ।

(क) बैतडी पाटन क्षेत्रका डेउडा गीत के कसरी संकलन गर्न सकिन्छ ?

(ख) बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतलाई  के कति आधारमा बर्गिकरण गर्न सकिन्छ ?

(ग) बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतलाई के कसरी विश्लेषण गर्न सकिन्छ ?

१.६ शोध कार्यको उद्देश्य :-

यस शोध कार्यको मूख्य उद्देश्य नेपाली लोकगीत र भाषिकामा महत्वपूर्ण स्थान ओगट्ने यस क्षेत्रको लोकगीतको   २   गर्नु नै हुने छ । बैतडी जिल्ला पाटन क्षेत्रमा प्रचलित यस क्षेत्रका लोकगीत व। डउडागीतका बारेमा केन्द्रित रहेर निम्न लिखित उद्देश्य पूर्तिका लागि यो शोध पत्र केन्द्रित रहेको छ ।

(क) बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतहरुको संकलन गर्नु ।

(ख) बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतलाई विषयवस्तु प्रस्तुतिकरण भाव, भाषा शैली, लय, वा भाका आदिका बारेमा बर्गिकरण गर्नु ।

(ग) बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडागीतलाई अध्ययन विश्लेषण गर्नु ।

१.७ पूर्वकार्यको समीक्षा :-

बैतडी पाटन क्षेत्रमा प्रचलित गीतहरुको अध्ययन र संकलन कार्य हालसम्म कसैबाट भएको पाईदैन । केही पत्र-पत्रिका, पुस्तक, कृति र क्यासेट-एल्बमहरुमा डेउडागीतका बारेमा सामान्य चर्चा भएतापनि उद्देश्यमूलक रुपमा पाटन क्षेत्र विशेषलाई मात्र लिएर यसको अध्ययन र अनुसन्धान भएको पाईदैन । बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडागीतका अध्ययनका क्रममा पाटन क्षेत्र बाहेकका क्षेत्रमा पनि प्रचलित डेउडा गीत सम्बन्धी यस अघि भएको चर्चा क्रमशः गरिएको छ ।

**(क) खेमराज पनेरु,** "डोटेली लोक कविको जीवन दृष्ठि" (२०५०) :- डेउडा गीतका सन्दर्भमा २०६४ मा डेउडा गीतको समान्य परिचय र विषय बस्तुका आधारमा वर्गीकरण उदाहरण दिइएको पाईन्छ । सो लेखमा परिचय मात्र दिइएको छ । क्षेत्रीय आधारमा पनि छुट्याईएको छैन र गहिरो रुपमा विश्लेशणपनि गरिएको छैन ।

**(ख) सीपराज कलौनी :-** "सुदूर लोकसाहित्य" (२०६४) मा गायान र अभिनयका दृष्टिले डेउडागीतलाई चिनाउन खोजिएको छ । सो कृतिमा

डेउडागीतको बर्गीकरण विश्लेशष नभएता पनि डेउडा गीतको संकलनमा महत्वपूर्ण मानिएको छ

**(ग) निसानी २०६३ :-** पुस्तककारका कृतिमा डेउडागीतको संकलन गरिएको छ तर क्षेत्रीय आधारमा पाटन क्षेत्रको बारेमा बर्णन गरिएको पाईदैन । उक्त कृति यस कार्यका लागि महत्वपूर्ण सहयोग सामाग्री भएको छ ।

**(घ) चुडामणि बन्धु :-** "नेपाली लोकसाहित्य" (२०५८) पुस्तकमा डेउडाको सामान्य चर्चा र लयको बरेमा परिचय गराउन खोजिएको छ तर यस कृतिमा डेउडागीतको अध्ययन गरेको पाईदैन ।

**(ङ) पद्मराज जोशी (प्रभात) :-** "गौरा पर्व एक परिचय" (२०५९) सुदूर पशिचमाञ्चल संस्कृतिक पवर्दन समितिद्धारा प्रकाशित पुस्तकाकार कृतिमा सस्कृतिक चाड गौरा पर्वको मात्र परिचय गराउन खोजिएको छ ।

**(च) बासुदेव भाईसाव :-** "डोटेली लोक संस्कृति र लोकसाहित्य परिचय" (२०६१) गौरा पर्वका डेउडागीतको परिचय र विभिन्न आधारमा वर्गीकरण उदाहरणसहित दिइएको छ र क्षेत्रीय आधार पनि छुट्याईको छ । समग्र रुपमा विश्लेषण गरिएको पनि पाईन्छ ।

**(छ) कृष्ण बहादुर चन्द :-** "डेउडा कोसेली" (२०६२) कार्तिक डेउडागीतका संन्दर्भमा डेउडागीतको सामान्य परिचय गेयाभिनयका रुपमा डेउडागीतलाई चिनाउन खोजिएको छ । क्षेत्रगत रुपमा छुट्याउन पर्दा यस कृतिले राप्ती पशिचमदेखि महाकालीसम्मका दैलेख, जाजारकोट, कालीकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा, बाजुरा, अछाम, बझाङ्ग, डोटी, कैलाली, बैतडी, डडेलधुरा, दार्चुला र कन्चनपुरका गाउँ बस्तिमा गहिरो प्रभाव पारेको छ ।

**(ज) नेत्रप्रसाद पनेरु,** "हाम्रो लोक अभिनय" (२०५०) मा गायन र अभिनयका रुपमा डेउडागीतलाई चिनाउन खोजिएको छ सो लेखमा डेउडागीतको विशष चर्चा पाईदैन ।

१.८ शोध कार्यको औचित्य :-

नेपाली लोकसाहित्यको अध्ययनमा जिल्ला वा क्षेत्रगत साहित्यिक अनुशीलन अपेक्षित हुन्छ । वास्तवमा जिल्ला वा क्षेत्रीय स्तरको विधागत लोकसाहित्यिक अध्ययन राम्रो हुन नसकेमा  सिंगो नेपाली लोकसाहित्यको अध्ययन पूर्ण हुन सक्दैन ।

यस्तो स्थितिमा बैतडी जिल्लाको लोकसाहित्यिक पक्षहरुको आलेखन, संकलन तथा विभिन्न चाडपर्व, सस्कार, कर्मकाण्ड र दुःख सुखको साथीका रुपमा रहेको डेउडा गीतको महत्वमाथि प्रकाश पार्नु र यस क्षेत्रको लोकगीत तथा भाषिकाको अध्ययन गर्न चाहने ब्यक्तिका लागि सहयोगी सामाग्रीका रुपमा स्थापित हुनुका साथै यस क्षेत्रको लोक सँस्कृतिका बारेमा समेत प्रकाश पार्नु यस शोध कार्यको औचित्य रहेको छ ।

१.९ शोध कार्यको सीमा**ङ्कन** :-

यस शोध कार्यका सीमा निम्म अनुसार रहेका छन् ।

(क) यस शोध पत्रले महाकाली अञ्चल, बैतडी जिल्लाको प्रतिनिधित्व गरेतापनि विशेषतः पाटन र भुमेश्वर २ ओटा गा.वि.स. हरुलाई यसको सीमा भित्र राखिएको छ ।

(ख) पाटन क्षेत्रमा प्रचलित डेउडागीतको स्थानगत रुपमा संकलन गर्दा यहाँ प्रचलित नेपाली तथा बैतडेली भाषाका डेउडागीतलाई मात्र यस भित्र संकलन गरिएको छ ।

(ग) संकलित गीतहरु स्थानीय भाषामा नै रहेका छन् । वर्गिकरण र विश्लेशणमा पनि यहाँको जन जीवनमलाई मुख्य आधार मानी समाजिक, ऐतिहासिक, राजनैतिक, पौराणिक, माया प्रेम, चाडपर्व र संस्कारका अधारमा नेपाली भाषामा गरिएको छ ।

(घ) डेउडा गीत र नृत्य दुबै भएकाले यसमा पनि उक्त दुबै आधारको अध्ययन गरिएको छ ।

१.१०. शोध विधि :-

प्रस्तुत शोध पत्र तयार गर्दा निम्न विधिको उपयोग गरिएको ।

**(क) क्षेत्रीय अध्ययन पद्धति :-** यस अध्ययन विधि अनुसार बैतडी पाटन क्षेत्रका विभिन्न सम्भाव्य स्थानहरुमा पुगेर बूढा पाका बुद्धिजिवी र

डेउडागायकसंग लिखितरुपमा गीत संकलन गर्नुका साथै मोवाइल रेकडिङ्ग विधिको प्रयोग गरिएको छ ।

**(ख) पुस्तकालय विधि :** संकलित लोक साहित्यिका सैधान्तिक मापदण्डका आधारमा आवश्येक अध्ययन विधिको उपायोग गरि वर्गीकरण तथा ब्याख्या विश्लेषण गरिएको छ ।

१.११. शोधपत्रको रुपरेखा :-

प्रस्तुत शोधपत्रको रुपरेखा निम्न अनुसार रहेको छ ।

- पहिलो परिच्छेद : **शोध परिचय**
- दोस्रो परिच्छेद : **बैतडी जिल्ला र पाटन क्षेत्रको सामान्य परिचय**
- तेस्रो परिच्छेद : **डेउडा गीतको सैद्धान्तिक परिचय**
- चौथो पच्छिेद : **बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतको वर्गीकरण र विश्लेशण**
- पाँचौ पच्छिेद : **उपसंहार**

२.१.१. बैतडी जिल्लाको परिचय :-

नेपाल एशिया महादेश अन्तर्गत दक्षिण एशियामा पर्ने देश हो । विश्वको नक्सामा यो सानो मुलुकका रुपमा देखि ापनि सवै देशहरुभन्दा सानो भने छैन । क्षेत्रफलका आधारमा वंगलादेश, भूट दीपजस्ता देशहरुको तुलनामा नेपाल ठूलो छ । धेरैदेशहरु भन्दा सानो भएपनि विश्वका अन्य कतिपय देशहरुको तुलनामा नेपाल भौगोलिक र प्राकृतिक आधारमा सम्पन्न राष्ट्रको रुपमा देखिन्छ । प्रशासनिक सुविधाका लागि नेपाललाई ५ वटा विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा वर्गीकरण गरिएको छ । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलका चारवटा जिल्लाहरु मध्येको वैतडी जिल्ला पनि एक हो । बैतडी जिल्लाको सामान्य परिचय यस प्रकार छ ।



२.१.२. नामाकरण :-

बैतडी जिल्लाको नाम कसरी रहन गयो भन्नेबारेमा खासै अनुसन्धान हुन सकेको छैन तापनि चलिआएको किम्वदन्ती अनुसार यस ठाउँमा धेरै वायु बयलो चल्ने भएकाले यसलाई वायुतट भनिन्थ्यो र यसै वायुतटको अपभ्रंश रुप बैतडी हुनगयो ।[१] बैतडी जिल्ला पाटन गा.वि.स. लामाखेतका शिवराज पन्तको भनाई अनुसार यस ठाउँमा धेरै वायु प्रवाह हुने भएकोले यसको नामाकरण बैतडी रहन गएको हो ।

२.१.३. ऐतिहासिक सन्दर्भ :-

यस जिल्लाको ऐतिहासिक सन्दर्भलाई खोतल्दा बैतडी भन्नाले वर्तमान नेपाली अधिराज्यमा गौतम गोत्री चन्द ठकुरीहरुका पुर्खा तेह्रौं शताब्दी तिर कन्नौज दुवानगर तर्फबाट आई हाल भारत पिथौरागढ चम्पावदको वीचमा पर्ने धौलकोट भन्ने ठाउँमा बसोबास गरी बसेपछि त्यहाँबाट सर्दै बैतडी क्षेत्रमा पुगेका तीनजना वीर पुरुष

श्रोत :

१. शिवराज पन्त, पाटन लामाखेतको भनाई

भाइहरु जेठा रामदेव (रामदेउ), माइला उदय देव (उदय देउ), कान्छा मानदेव (मान्देउ) मध्ये रामदेवले हालैको बैतडी सदरमुकाम नजिकै पर्ने कुल्लेक कोटमा राजधानी बनाए र त्यसक्षेत्रको शासन गर्न लागे माईला उदय देवले हाल बैतडी जिल्ला भित्रकै पूर्वीभाग रोराड पाटन क्षेत्रमा साङ्डीकोट भन्ने ठाउँमा राजधानी बनाएर बसे भने कान्छा मानदेव यस क्षेत्र भन्दा पनि पूर्व दैलेखतर्फ गएर बसे र उनका सन्तानहरुले प्यूठानमा राज्य गरे ।[२]

यी तीनैवटा राज वंश (शासन) उपरोक्त राज्यहरुमा नेपाल एकिकरण हुंदासम्म रह्यो साङडीकोटको र कुल्लेककोटको नेपाल अधिराज्यमा विलय वि.स. १८४७ मा भएको थियो । प्यूठान राज्यको विलय वि.स. १८४३ कान्तिक १९ गते भएको थियो । विलय भएका समयमा साङडीकोटका राजा जैतु चन्दले गार्खाली सेना समक्ष आत्मसमर्पण गरेका थिए । भने कुल्लेक कोटका राजा राम चन्दका भाइ राजकुमार झुली चन्दले आफ्नो भए भरका सेनाहरु लगी वि.स.१८४७ आश्विन महिनामा कुल्लेककोट भन्दा केही पूर्व माथि कठपते भन्ने ठाउँमा गोर्खाली सेनासंग वीरता पूर्वक सामना गरे ।[३]

एक महिना चलेको युद्धमा वीर झुली चन्दले गोर्खाली सेनातर्फ धेरै क्षति पुऱ्याएका रहेछन् । लडाईमा घाइते र विरामी १० जना गोर्खाली सैनिकहरुलाई स्थानीय बरकुराली (बर क्वाली)का बरन नाथ योगीले संरक्षण दिई लुकाएर उपचार र पालन पोषणगरी दिएका थिए । यसकारण पछि उनले श्री ५ रणबहादुर शाहबाट बरकुराली मौजा बिर्ता हात पारेका थिए ।

राजकुमार झुली चन्द जतीसुकै वीर भएपनि प्रशिक्षित तथा आधुनिक सस्त्र सुसज्जित र विशाल गोर्खाली सेनाको अगाडि टिक्न सकेनन् र पक्राउ परे । गोर्खाली सेनाले उनलाई पनि अलमोडा विजय अभियानमा साथ लिएर गए । त्यसपछि झुली चन्दलाई अलमोडाको चित्तै भन्ने ठाउँमा  गोर्खाली सेनाले प्राण दण्ड दिइ मारेको भन्ने इतिहास छ । त्यसपछि यो बैतडी क्षेत्र पनि नेपाल अधिराज्यमा गाभियो ।

तर यस भेगमा प्रचलित कीम्बदन्ति अनुसार कठपते युद्ध स्थलको टाकुरामा झुली चन्दले बनाएको किल्लालाई  आज पनि झुली चन्दको गडी भन्दछन् । त्यस टाकुराबाट उनले गोर्खाली सैन्यमाथि आक्रमण गरे र गोर्खाली सैनिकहरु त्यस कठिन र दुर्गम भीर पाखाको बाटोबाट गडीमा पुग्न सक्दैनथ्ये । उनले ठूला ठूला ढुङ्गहरु त्यस भिरपाखाबाट लडाउँदा गोर्खाली सैनिक गडीसम्म जान सक्दैनथ्ये । यस

श्रोत :

२ जीत सिंह भण्डारी, महाकाली र सेती वंशावली, (आत्माराम ओझा, सदर... पश्चिमाञ्चल का ऐतिहासिक वीर वीरङ्गना

प्रकारको युद्ध महिना दिन सम्म रह्यो अनि बरकुलीका बरननाथ योगीका मध्यस्थतामा झुली चन्द र गोर्खाली सैन्यको सम्झौता भयो । सम्झौता अनुसार गोर्खाली सेनामा उनलाई एउटा सैनिक टुकडीको सरदार बनाई अल्मोडा विजय गर्न जाने कुरा थियो । त्यस अनुसार झुली चन्द गोर्खाली सेनासंग कुमाउ अल्मोडा विजय गर्ने अभियानमा गए पनि अगाडि पुगेर गोर्खाली सेनाले झुली चन्दको तिरस्कार गर्नलागे र यसबाट गोर्खाली सैन्यसंग झुली चन्दको खटपट सुरुभयो अन्तमा अल्मोडा विजय पश्चात अल्मोडाको चित्तै भन्ने ठाउँमा गोर्खाली सेनाले झुली चन्दलाई सुली चढाइ मारीदिए ।

उपरोक्त रानादेव वंशका ठकुरीहरुले अनेक राठ (हाँगा) मा विभाजित भई बैतडी सदरमुकाम क्षेत्र र ढीक तथा दार्चुला जिल्लामा पर्ने लाली, लुइटा, उकु आदि ठाँउमा बस्दछन् भने उदयदेवका सन्तानहरु पनि अनेक राठ (हाँगा) हरुमा सम्बन्धित भइ बैतडी जिल्लाकै पूर्वी दक्षिणि क्षेत्र मल्लो सोरड र तल्लो सोराड क्षेत्रमा बसोबास गर्दछन् । भानदेवका संतानहरु पनि प्युठान, दैलेख, बागलुङ्ग, स्याङ्जा, भिरकोठ समेतमा र उक्त तिनै भाईहरुका सन्तानहरु बसाई सर्दै तराईका विभिन्न ठाउँमा र राजधानी काठमाण्डौं तथा भारतका विभिन्न क्षेत्रमा बसोबास गर्दछन् ।

उदयदेवको मन्दिर बैतडी मल्लो सोराड पाटनमा बनेको छ भने रानादेवको मन्दिर बैतडी बास्कोट नजिक बनेको छ । यसरी आफ्ना महान पूर्खाहरुको सम्झानामा उनका सन्तानहरुले उँहाहरुका मन्दिरहरु बनाई पर्व पर्वहरुमा पितृदेवताको रुपमा पूजाआजा गर्ने गरेको छ । बैतडी जिल्लामा अरु थरहरुका मानिसहरु भन्दा यी गौतम गोत्रीका चन्द ठकुरीहरुको जनसंख्या बढी हुन सक्छ । यसरी कुनै कुनै खानदानको अत्याधिक बंश बृद्धि भएको देखिन्छ ।[४]

## २.१.४. राजनैतिक विभाजन :-

प्रशासनिक कार्यमा सजिलोका लागि कुनैपनि क्षेत्रलाई विभिन्न स-साना इकाईमा बाडिएको हुन्छ भने जस्तै बैतडी जिल्लालाई पनि विभिन्न आधारमा बाडिएको छ । तर बैतडी भन्नाले हालको बैतडी  जिल्लालाई मात्र नबुझाई मध्यकालीन बैतडीलाई बैतडी जिल्ला भित्रकै पूर्वीभागमा सोराड पाटन साङ्डीकोट

हाल बैतडी सदरमुकाम नजिक पर्ने कुल्लेककोट भनि दुईभागमा विभाजन गरिएको थियो । समय समयमा भएका राजनैतिक विभाजन अनुसार अहिलेको बैतडी जिल्ला हो भन्न सहिन्छ ।

बैतडी जिल्ला नेपाल एकिकरण भएपछि पश्चिममा कालीकोट, दक्षिणमा तराई, पूर्वमा भेरी, उत्तरमा तिब्बत सिमानावीचको क्षेत्रलाई बैतडी भनियो यस

श्रोत :

४. आत्मा राम ओझा, सु, प. क्षेत्रका केही एतिसासिक वीर वीरङ्गना, पृष्ट संख्या १५-१६, प्रकाशन सहीद दशरत चन्द मेमोरियल ट्रष्ट, काठमाण्डौं



वि.स. २०१८ साल पछिको नेपाल अधिराज्यको प्रशासनिक विभाजन संग विभाजित भई बनेको बैतडी जिल्ला लाई पाटन सोराडको साङ्रीकोट (सुङर कोट) तथा बैतडी सदरमुकाम नजिक पर्ने कुल्लेककोट हो भनेर मान्न सकिन्छ ।[५] आज भोलीको आन्तरिक सीमा विभाजनको नविन रुप निर्माण हुदा बहुसंख्य मानिसहरु बैतडी भन्नाले पाटनको सोराडको साङ्डी तथा कुल्लेकोट, श्रीकोट जस्ता क्षेत्रलाई बुझाउदछ । २००७ सालमा प्रजातन्त्रको उदय हुनपूर्व दोस्रो छुम्तीका क्षेत्रहरु लगाएतका तराईका जिल्लाहरु कैलाली र कञ्चनपुर पूर्वमा वझाङ्ग, पश्चिममा भारतको उत्तारञ्चल प्रदेश उत्तरमा दार्चुला जिल्ला भएको बैतडी वि.स. २०१९ सालमा आएर बैतडी जिल्लाले आफ्नो हालको स्वरुप पाएपछि यसको सिमाना पूर्वमा बझाङ र डोटी जिल्ला पश्चिममा भारतको उत्तराञ्चल प्रदेश उत्तरमा दार्चुला जिल्ला दक्षिणमा डडेलधुरा जिल्ला रहेका छन् ।[६] यस जिल्लाको आन्तरिक विभाजनालाई हेर्दा दईवटा निर्वाचन क्षेत्र १३ वटा इलाका १ वटा नगरपालिका ६२ वटा गा.वि.स. रहेको बैतडी जिल्ला सुदुर पश्चिमाञ्चल महाकाली अञ्चलको पहाडी  जिल्ला हो ।[७]

## २.१.५. भौगोलिक तथा प्रकृतिक परिचय :-

नेपाल दुई ठूला राष्ट्रहरु भारत र चिनकावीचमा रहेको सानो मुलुक हो । यसको आफ्नै प्रकारको भौगोलिक बनावट छ । पूर्व-पश्चिम लाम्चो आकारको छ भने उत्तर दक्षिण साघुरो परेको छ । यसको दक्षिण भागमा सम्म परेको तराई क्षेत्र छ भने वीचभागमा पहाड, उत्तरतिर विश्वको सर्वोच्च शिखर सगरमाथा लगायतका

हिमालका भाग रहेका छन् जहाँ बाह्रै महिना हिउँ जमेको हुन्छ । यही भौगोलिक बनौटमा विविदधताका कारण बैतडी प्रशासनिक सुविधाका लागि ५ विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा विभजन गरिएको छ । ५ विकास क्षेत्रमध्ये सुदूर पश्चिाञ्चल क्षेत्रको महाकाली अञ्चलमा पर्ने पहाडी जिल्ला हो । यो जिल्ला पश्चिमदेखि दक्षिण फैलिदै गएको छ । पहाडी प्रदेशअन्तर्गत पर्ने यस जिल्लाको उचाई समुन्द्री सतहबाट ३९० मि. देखि २९५० मि सम्म रहेको छ । भौगोलिक मापन अनुसार विश्व मानचित्रमा हेर्दा यो जिल्लाको औशत तापक्रम न्यूनतम १५.०८° देखि २४.३६° रहेको छ भने औषत बर्षा १२६.६७ मि.लि रहेको छ । यस जिल्लाको हावापानी समशितोष्ण रहेको छ । भू-उपायोग जंगल ५८५८२ हे. र चरन १९१९९ हे. रहेको छ भने खेतीयोग्य सिंचित जमिन १२४४९ हे. र पाखो २५८६० हे. र अन्य २९०२३ हे. रहेको छ ।[८]

जलस्रोतका दृष्टिले पनि बैतडी जिल्ला धनी जिल्लाकै रुपमा चिन्न सकिन्छ । यहाँका मूख्य नदीहरुमा महाकाली नदी, इश्वरी गाड, सुरनया नदी, चौलानी, ठोपरी, बगाडी गाडआदि पर्दछन् । यी मध्येमा महाकाली नदी बैतडी जिल्ला भन्दा महाकाली अञ्चलकै सबै भन्ला ठूलो नदी हो । यो नदी नेपाल भारतको सिमाना भएर उत्तरबाट पश्चिम हुदै बैतडी दार्चुला डडेलधुरा कन्चनपुरको पश्चिम हुदै भारतको बनबासाबाट सारदा नदीमा प्रवेश गरेको छ । यस्तै बैतडी जिल्लामा अन्य साना नदीहरु पनि प्रसस्त छन् ।[९]

यस जिल्लाको औसत तापक्रम न्यूनतम १५.०८° देखी २५.३६° से. छ । प्राकृतिक हिसावले यस जिल्लालाई लेकाली, पहाडी, बेसी प्रदेश गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।यस जिल्लाको लेकाली तथा पहाडी प्रदेशअन्तर्गत उत्तरी सीमानामा ग्वाल्लेक केदार धुरा पर्दछ भने उत्तरमा पवित्र नदी इश्वरीगाड, पश्चिममा भारतको उत्ताराञ्चल प्रदेशको झुलाघाट , दक्षिणमा घनघस्या लेक रहेको छ ।[१०]

बैतडी जिल्ला विकासका दृष्टिले पछि परेपनि भौगोलिक दृष्टिले यो जिल्ला धनी छ । महाकाली नदी, त्रिपुरा सुन्दरी जगन्नाथ मन्दिर, निगलाशैनी भगवती मन्दिर, मेलौली मन्दिरजस्ता प्रमुख स्थानहरुले यस जिल्लालाई रमणियता प्रदान गरेको छ । नत धेरै गर्मी न त धेरै चिसो ठिक्क जन जीवनमा सुहाउँदो हावा पानी रहनुले यस जिल्लाको वातावरण मानवीय बस्तीको लागि अतिउपयोगी रहेको छ ।[११]

श्रोत :

८. बैतडी जिल्लाको एक चिनारी,

९. जि.वि.स. बैतडी

१०. ऐजन

११. ऐजन

२.१.६. समाजिक परिचय :-

कुनैपनि समाजमा विभिन्न जात जातिका मानिसहरु रहेका हुन्छन् । उनका आफ्नै किसिमका संस्कारहरु रहेका हुन्छन् । फरक फरक जाति र संस्कार भए पनि मानव एउटा सामाजिक प्राणी भएकाले [12] पसमा आवद्ध भईरहेका हुन्छन् । यस जिल्लाको समाजिक साँस्कृतिक धरोहर आफ्नै प्रकारको छ । परापूर्वकाल देखि नै यहाँका मानिसहरुले आफ्नो संस्कृतिलाई धेरै मान्ने गरेको पाईन्छ । विभिन्न  चाड मेला, उत्सव धार्मिक कृयाकलाप र मानव संस्कार सम्पन्न गर्ने क्रममा यहाँका मानिसहरु समाजमा भेला हुन्छन । तर पहाडी जिल्ला र भौगोलिक विकटताका कारण यहाँको समाज बसाईको हिसावले भने छरिएर रहेको छ ।

राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार यस जिल्लाको कुल जनसंख्या २३५१३१ मध्य पुरुष ११३७१३ महिला १३१४१८ रहेको छ । जम्मा घरधुरी संख्या ४० ५९३ रहेको छ भने औषत परिवार संख्या ५.८ प्रति व्यक्ति रहेका छन् । जनसंख्या बृद्धिदर १.५८ रहेको छ । जनघनत्व प्रतिव्यक्ति १३४ रहेको छ ।[12]

यस्तै यस जिल्लामा बसोबास गर्ने जातजातिका आधारमा भन्नुपर्दा क्षेत्री जातिको बाहुल्याता देखिन्छ  । जातीय प्रतिशतका आधारमा ब्राहमण २१.०५ प्रतिशत, क्षेत्री ४६.०९ प्रतिशत, ठकुरी ९.१ प्रतिशत, दलित जनजाति र अन्य २२.५ प्रतिशत जातजातिको बसोबास भएको पाईन्छ ।[13] यस जिल्लामा बस्ने बहुसंख्यक मानिसहरुले  बैतडेली भाष बोल्दछन् । धर्मका आधारमा हेर्दा यहाँ हिन्दुबाहेक अन्य धर्म मान्य मान्छे सायद नहोला भएपनि नगण्य मात्रामा होलान् । यस समाजका मानिसहरु धर्मप्रति ठुलो आस्था राख्दछन् । विभिन्न ब्रतवन्ध गर्ने, मन्दिरमा पूजा गर्ने, दान गर्ने आदि धार्मिक संस्कारहरु परम्परा देखिनै चन्दै आईरहेका छन् ।

२.१.७. शैक्षिक अवस्था :-

कुनैपनि ठाउँको विकास के कति मात्रमा भएको छ भन्ने बारे थाहापाउन त्यस ठाउँको शैक्षिक अवस्थाको बारेमा जानकारी लिनु आवश्य हुन्छ । शिक्षाको विकास राम्रो संग नभएसम्म जिल्लाका अन्य विकासका कामहरु भएको मानिदैन । नेपालको दुर्गम क्षेत्रकै रुपमा रहेको बैतडी जिल्लाको शैक्षिक अवस्था अन्य तराईको जिल्ला र राजधानी नजिकका जिल्लाको दाजोमा धेरै पछाडि छ ।

श्रोत :

१२. राष्ट्रिय जनगणना २०५८

१३. जि.वि.स. बैतडी

त वि.स. १९१० देखि भएतापनि बैतडी
ःलाशैनी मा.वि. पुरचौंडी, बैतडी नामले
००७ सालमा बैतडी जिल्लाको तल्लो
सिराड, मल्ला सिराड, बैतडी सदरमुका १३ मेत विभिन्न पाठशालाको स्थापनाले
शिक्षाको प्ररम्भिक चरणले पाईलो टेके छ ।[14] २०५८को जनगणना अनुसार साक्षरता प्रतिशत ३७ प्रतिशत पुरुष साक्षरता ५५.३ % महिला २३ % रहेको छ । २०५८को तथ्यांक अनुसार यस जिल्लामा प्राथमिक विद्यालय ३६५, नि.मा.वि. १०६, मा.वि. ५०, उ.मा.वि. ६, क्याम्पस २ निजी क्याम्पस ५ सामुदायीक विद्यालय २० रहेका छन् भने ३५९ बाल विकास केन्द्र रहेका छन् । ३०९ दरबन्दीमा कार्यरत शिक्षक रहेका छन् भने नि.मा.वि. तर्फ २२२ जना शिक्षक दरबन्दीमा कार्यरत छन् । माध्यमिक विद्यालय तर्फ बैतडी जिल्लामा कक्षा १ देखि १० सम्म पढाई हुने विद्यालयहरु ४८ वटा र १०+२ कक्षा संचालन भएका ३५ गरी जम्मा ८३ वटा विद्यालय संचालित छन् । कुल शिक्षक संख्या नेपाल सरकारबाट स्वीकृत दरबन्दी १४८ रहेका छन् बैतडी जिल्लामा हाल ४ वटा बहुमुखी क्याम्पस संचालन भएका छन् । भने प्रा.वि. देखि उ.मा.वि.सम्मका कुल छात्र छात्राको संख्या छात्र ४७९१ र छात्रा १७३०५ गरी जम्मा विद्यार्थी संख्या ६४९९६ रहेको छ ।[15]

२.१.८. धार्मिक तथा ऐतिहासीक स्थलहरु

मन्दिररै मन्दिरको शहर भनेर काठामाण्डौलाई भने झै यस जिल्लालाई पनि मन्दिररै मन्दिरको जिल्ला भन्दा अत्युक्ति नहोला । सुदूरपश्चिमकै प्रमुख शक्तिपीठ मानिदै अएका जगन्नाथ मन्दिर, निगला शैनी भगवती मन्दिर, मेलौली भगवती मन्दिर, त्रिपुरा सुन्दरी भगवती मन्दिर, डिलाशैनी भगवती मन्दिर जस्ता प्रमुख

धार्मिक तथा ऐतिहासिक क्षेत्रहरु लगाएत मोटामोटी प्रमुख धार्मिक स्थलहरुको विवरण यस प्रकार रहेको छ ।

श्रोत :

१४. तथ्याङ्क विभाग, बैतडी
१५. जि.शि.का. बैतडी

| क्र.स. | नाम | स्थान |
|---|---|---|
| १ | जगन्नाथ मन्दिर | बैतडी वीच बजार |
| २ | निगाला शैनी भगवती मन्दिर | बैतडी, देहिमाण्डौ |
| ३ | मेलौली भगवती मन्दिर | मेलौली, बैतडी |
| ४ | त्रिपुरा सुन्दरी भगवती मन्दिर | बैतडी |
| ५ | डिला शैनी भगवती मन्दिर | डीलाशैनी-८ बैतडी |
| ६ | ग्वालेक केदार मन्दिर | ग्वाललेक धुरा बैतडी |
| ७ | पाटन कृष्ण मन्दिर | पाटन बजार बैतडी |
| ८ | उदय देव मन्दिर | पाटन मैतड, बैतडी |
| ९ | पत्ताल भुमेश्वर मन्दिर | भुमेश्वर बैतडी |
| १० | शिवलिङ्ग मन्दिर | भुमेश्वर बगाडी, बैतडी |
| ११ | शिवनाथ मन्दिर | शिवनाथ गा.वि.स. बैतडी |
| १२ | रौला केदार | रौलेश्वर, बैतडी |
| १३. | बाशुलिङ्ग मन्दिर | बाशुलिङ्ग, बैतडी |
| १४ | नागार्जुन मन्दिर | भुमेश्वर -३ बैतडी |
| १५ | टुण्या मन्दिर | भुमेश्वर, बगाडी |
| १६ | बारागर मन्दिर | सिलङ्गा, बैतडी |

## २.२. पाटन क्षेत्रको परिचय :-

### २.२.१. भौगोलिक तथा सामाजिक परिचय :-

बैतडी जिल्लाको पूर्व सिमानामा पर्ने पाटन क्षेत्र भौगोलिम दृष्टिले धेरै सुन्दर र सम्म पाखो ठाउँ हो । सदरमुकामबाट झण्डै १४ कोष टाढा रहेको यस क्षेत्रबाट जिल्ला सदरमुकाम जान बसकै बाटो जानुपर्ने हुन्छ । यस क्षेत्रको नाम पाटन किन

रहन गयो ? भन्ने बारे सोधपुछ गर्दा पाटन गा.वि.स. लामाखेतका शिवराज पन्तको भनाई अनुसार चारै तिर डाँडा भएको र वीचको भूमि सम्म परेको मैदान फाँट भएकाले यसलाई पाटन भनिएको हुन सक्छ भन्ने पुष्टि हुन्छ ।[१६] हुनपनि वास्तवमा यस खालका अनेक भूमिहरु यस सानो मुलुकमा प्रसस्तै भेटिन्छन् । त्यसैले यो सुदूरपश्चिमको बैतडी जिल्ला अन्तर्गत पर्ने सुप्रशिद्ध ठाउँलाई पाटन भनिएको हो ।

बैतडी जिल्ला भित्रकै पूर्वी भाग सोराड पाटन (साङ्डीकोट) क्षेत्रमा उदय देव राजाको शासनकाल १८औं शताब्दीमा पाटन सोराड साङ्डीकोट राज्य खडा गरेका थिए । यस समयमा यो पाटन क्षेत्र साङ्डीकोट राज्य अन्तर्गत रहन गयो ।[१७] यस साङ्डीकोट (सुङरकोट) राज्यका सस्थापक उदय देव राजा भएको मानिन्छ । पूर्वमा महारुद्र तथा सिलङ्गा गा.वि.स., पश्चिममा पाटनको सम्म परेको धानखेती गर्न योग्य जमिन, उत्तरमा पताल भुमेश्वर मन्दिर एवं रौलाकेदार मन्दिर र दक्षिणमा घनघश्या लेक (गणेशधुरा) वरिपरि चारैतिर ठूला ठूला पहाड डाँडाहरु र वीच भागमा सुर्नया नदी बगिरहेकाले यस क्षेत्रलाई अझै सुन्दर पार्ने काम गरेको छ । जमिन केही भिरालो र धेरै जसो सम्म परेकाले नै यस क्षेत्रको नाम पाटन रहेको मान्न सकिन्छ ।

समूद्री सतहबाट ३९० मि. देखि २९५ मि. सम्मको उचाई रहेको अनुमान गरिएको यो पाटन क्षेत्र प्राकृतिक हिसावले रमणिय र सौन्दर्यपूर्ण देखिन्छ । लेकाली हावापानी भएको आंशिक रुपमा वनजंगलले ढाकीएको, खेती योग्य जमिन प्रसस्त भएका कारण उब्जनी प्रसस्त हुन्छ । यहाँका जनताहरु खाद्यान्नबाट लाभावान्वित हुन्छन । यहाँको समाज परम्परागत मूल्य र मान्यताहरुमा आश्रित रहेको पाईन्छ । पुराना परम्परादेखि चलिआएको कुराहरु यस समाजमा अझै प्रचलित छन् । परम्परागत मान्यताका राम्रा पक्षहरुमा जीवन संस्कारहरु, चाडपर्वहरु, आफू भन्दा ठूलालाई अभिवादन गर्ने, सबै मिलेर खेतीपाती गर्ने, सार्वजनिक काममा सबैको संलग्नता हुने गरेको पाईन्छ । भने कुप्रथा महिलाले रजोवती (छाउपडी) हुँदा गोठमा बस्नुपर्ने अर्कालाई नछुने, गोरस (दुध, दही) खान नहुने, तल्लो जातिले मल्लो जातिलाई नछुने, पानी नचल्ने, विधवाले विवाह गर्न नहुने तथा ठुलाले सानालाई शोषण गर्ने आदि रहेका छन् ।

श्रोत :

१७. जीत सिंह भण्डारी, महाकाली र सेती बंशावली /आत्माराम ओझा, सुदूर पश्चिमाञ्चल का ऐतिहासिक वीर वीरङ्गना प्रकाशन (२०६६) पृष्ठ संख्या १३-१४

२.२.२. बनस्पती तथा बन्य जन्तु :-

बैतडी जिल्लाको कुल क्षेत्रफल ४०६,११३ हे. मध्ये ४८ हजार २ सय २२ हे. क्षेत्रफल बनजंगलले ढाकेको छ। ग्वाल्ं  १६ र तथा घनघश्या लेकजस्ता बनजंगल भएको यस क्षेत्रमा साल, सल्ला, सिसम, ५।ल, बाँज, खर्सु, निगालो, उत्तीस, कटुस, सिमल, लाली गुँरास, मेल, काफल, अमला आदि बनस्पती पाईन्छन.। यी मध्ये केही जडी बुटीहरु  दाल्चिनी टिमुर, रिठ्ठो, बोजो, सुगन्धवाला, तेजपत्ती, सुनगाभा, कचुर हर्रो बर्रो, तितेपाती, पुधिना, हाछ्युझाड, थकायल, काली चिउरी आदि । यस जिल्लामा पाईने बन्य जन्तु एवं बाघ, भालु, दुम्सी, स्याल, गुना, बादर, बदेल, घोरल, हरिण, मलपासो, आदि पाईन्छन् भने चराचुरुङ्गीहरुमा कोएली, ढुक्कुर, चाखुरा, तितरा, मयूर, गिद्ध, काग, न्याउली, घुग्गु आदि वन्यजन्तु एवं चराचुरुङ्गीहरु पाइनछन् ।

२.२.३. खेतीपाती :-

बैतडी जिल्लामा लेकाली हावापानी तथा गर्मी हावापानी भएको , भिरालो र सम्म परेको उपत्यका जस्तो जमिन भएकाले यहाँ खेतीपाती गर्न सजिलो हुनका साथै खेतीपाती धेरै राम्रो उब्जाउ गर्न सकिन्छ ।  पाटनसेरा तथा बैतडीसेरा जस्ता सिंचाई सुविधा भएका प्रशस्त नदी नाला भएकाले खेती गर्न भने ज्यादै अप्ठेरो भने छैन । बैतडी जिल्लाकै सुर्नया नदी पछिका दुई साना नदी (बगाडी गाड र अगडी गाड) यसै क्षेत्रमा पर्ने भएकाले यो नदीको किनारमा पूर्णरुपेण खेती गर्न योग्य जमिन छ । यस क्षेत्रमा धान खेती, गहुखेतीका साथै कोदो, मकै भटमास, गहत, मास, गुरौस, सिमी आदि खेती गरिन्छ भने तरकारी खेतीमा आलु, गोवी, धेरै फल्छ । यसका साथै मूला, अदुवा, हल्दी, धनिया, रायो, प्याँज, लसुन आदि बारीमा लगाइने तरकारी हुन् भने फाँपर, लिंउडो आफै खेतवारी तथा जंगलमा उम्रने तरकारी हुन् ।

पशुपालन यहाँको एक प्रमूख पेशा हो । यहाँ विभिन्न जातका पशुहरु पनि पाईन्छन् । बाख्रा पालन र कुखुरा पालन यदा कदा व्यवसायको रुपमा गरिएको भएपनि थोरै मात्रामा  सबै मानिसहरुले पाल्दछन् । गाई भैंसी पनि यहाँका मानिसहरुले पाल्ने गर्दछन् र दुधको व्यावसायले पनि यहाँका मानिसहरुको आर्थिक अवस्थामा सुधार भएको पाईन्छ ।

२.३.१. प्रमुख देवस्थलहरु :-

देवताको पुजा आजा गर्नाका लागि निश्चित ठाउँ तोकिएको हुन्छ । त्यस्तो तो निश्चित ठाउँलाई देवस्थल भनिन्छ । बैतडी जिल्लामा धेरैवटा देवस्थलहरु रहेका छन् ती मध्ये पाटन क्षेत्र भित्र पर्ने केही देवस्थलहरुको सुची निम्नानुसार रहेको छ ।

| क्र.सं. | नम | स्थान |
|---|---|---|
| १ | राधाकृष्ण मन्दिर | पाटन बजार |
| २ | उदयदेव मन्दिर | पाटन मैतड |
| ३ | शिवालिङ्ग मन्दिर | भुमेश्वर, बगाडी |
| ४ | नागार्जुन मन्दिर | भुमेश्वर-३, खोल्सी |
| ५ | पताल भुमेश्वर मन्दिर | भुमेश्वर गा.वि.स. |
| ६ | महादेव मन्दिर | सिलङ्गा गा.वि.स., सिलङ्गा |

२.४.१. प्रमुख ताल र नदीहरु :-

ताल, नदी तथा झरनाहरु प्रकृतिक रमणियताका बस्तु हुन् । प्राकृतिक हिसावले नेपाल अधिराज्यनै  रमणीय र सौदर्यपूर्ण राष्ट्रको रुपमा चिनिन्छ । बैतडी जिल्लापनि पहाडी जिल्ला मध्ये एउटा सुन्दर जिल्ला हो । प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय स्थल घनघस्या लेक र पत्ताल भुमेश्वरको काखमा रहेको पाटन क्षेत्रमापनि विभिन्न प्राकृतिक स्थलहरु बरदान साबित भएका छन् । बन जंगल, खोला नाला, ताल, झरना यहाँका हेर्नलायक प्राकृतिक धरोहर हुन् । अग्लो पहाडबाट बग्ने नदी नालाहरु निम्न लिखित छन् ।

| क्र.सं. | नाम | स्थान |
|---|---|---|

| | | |
|---|---|---|
| १ | सुर्नया नदी | पाटन |
| २ | बगाडीगाड (सानो नदी) | भुमेश्वर गा.वि.स. |
| ३ | पत्ताल भुमेश्वर ताल | भुमेश्वर गा.वि.स. |
| ४ | अघोरीगाड (सानो नदी) | सीलङ्गा गासिव |

## @=%= pBf]usnf M–

उद्योग धन्दाको विकासमा हाम्रो देश नेपाल अन्य विकसित राष्ट्रको दाँजोमा धेरै पछि परेको राष्ट्र हो । त्यसमा पनि १८ जेल्ला विकट पहाडी जिल्ला भएका कारण आधुनिक उद्योग धन्दा कम रु५न। ५७। पर्दछ । तरपनि परम्परागत रुपमा बाजे परबाजेका पालादेखि नै चल्दै आएका स्थानीय श्रम र साधानको प्रयोगमा जिवीकोपार्जन गरीने कला पूर्ण उद्योगमा निंङ्लाबाट बनाईने विभिन्न कार्यमा प्रयोग गरिने डोको, डालो, मान्द्रो, सुप्पो, कुरुआदि यस्ता कलापूर्ण सामाग्रीहरु रमाईला र त्याहाँको साँस्कृतिक रहन-सहन झल्काउने खालका हुन्छन् भने अर्को एक उद्योग भन्दापनि कलाको रुपमा चिनिने पानी घट्ट नदीमा खेर गईरहेको पानीलाई उपयोग गरी प्रयोगमा ल्याईन्छ र अन्न पिस्ने काम गरिन्छ । त्यस पानी घट्टको दुई तला हुन्छ तलको तलामा पानी लगाउँने गरिन्छ भने माथिल्लो तलामा अन्न पिसाउने काम गरिन्छ । मुनिको तलामा एउटा बलियो काठमा पंखाको जस्तै पाताहरु जोडिएको हुन्छ र ती पाताहरुमा पानीले धकेन्दा घुम्न गई काठको माथि टुप्पोमा जोडेको फलामको डण्डी पत्थरमा घुसाईएकोले पत्थर (घट्ट)पनि घुम्न गई मजासंग मिलजस्तै अन्न पिसाउने काम गर्दछ । पाटन क्षेत्रको पाटन गा.वि.स., भुमेश्वर गा.वि.स., सिलङ्गा गा.वि.स., गुजर गा.वि.स.हरुमा यस्ता घट्टहरुको संख्या धेरै रहेको छ ।

यी बाहेक टोपी बुन्ने, वनियान बुन्ने, तथा सिलाई कढाई पनि गरिन्छ । पाटन क्षेत्रको एक उद्योग कलाको रुपमा यस क्षेत्रमा वस्ने भाँड जातिहरुले माटाको सुन्दर भाँडा बनाउनेपनि गरिन्छ । यो काम प्राय भाँड जाति अथवा गन्दर्भ जातिले गर्ने गर्दछन् । काठबाटपनि विभिन्न ठेकी (पारो) बनाउने कार्य चुनरा जातिले गर्दछन् । परम्परादेखि हालसम्मपनि नियमित रुपमा अगाडि बढिरहेको देखिन्छ ।

यी उद्योग बाहेक यस क्षेत्रमा सुनचाँदीका गरगहना, बनाउने फलामका हात हतियार बनाउने आदि सामान्य कलाहरु हुन् । आजको बदलिदो विश्व परिवेशमा यस्ता कलाकारिताको संरक्षण र संब्रधन हुन सकेमा रोजगारीका साथै आर्थिक अवस्था सुधार हुने निश्चित छ ।

२.६. लोकसाहित्य :-

लोकसाहित्य जनसाधारणको मुटुको ढकढकी हो । लोकसाहित्य दुई शब्द लोक र साहित्य मिलेर बनेको छ । लोकको १९ पनि २ किसमिले बुझ्ने गरिन्छ । स्थान विशेष बुझाउने लोक र जनसाधारणलाई बुझाउने लोक जसको अर्थ जनता अथवा मानिस हुन्छ भने यसको अर्थ संश्लेशण गर्दा कुनै स्थान विषेशका सम्पूर्ण मनिसहरुलाई बुझाउछ । त्यसैले भन्न सकिन्छ की लोकसाहित्य कुनै एक समूदायको जनताको आन्तरिक भावानामा सल्बलाएको साहित्य हो ।

लोकसाहित्यको हिसावले हेर्दा बैतडी पाटन क्षेत्र ज्यादै समृद्धशाली देखिन्छ । नेपाली लोकसाहित्यका विविध विधामध्ये धेरै जसो यस क्षेत्रमा प्रचलित छन् । यहाँका प्रमुख लोह साहित्यिक विधाहरुमा लोकगीत, लोकनृत्य, लोकगाथा, उखान टुक्का, गाउँखाने कथा र नेपाली लोककथाआदि हुन् ।

२.६.१. लोकगीत :-

बैतडी जिल्लाको पाटन क्षेत्रमा प्रचलित डेउडा गीत दर्कादरी, रनपुतला, जाग्रम आदि हुान् ।

२.६.२. लोककथा :-

परापूर्वकाल देखिनै परम्परागत रुपमा मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्ताम हस्तान्तरण हुँदै आएका दन्ते कथालाई लोककथा भनिन्छ । यस्ता लोककथाहरु सातभाईको कथा, मधुबाखरीको कथा, जोगीका कथा, आदि प्रचलित छन् ।

२.६.३. लोकगाथा :-

विषय बस्तुमा आधारित भएर श्लोकबद्धरुपमा मौखिक परम्परामा रहेको लोकसाहित्यिक विधालाई लोकगाथा भनिन्छ । यसमा भारत, चाँचरी, भलाउँलो, मागल, हुड्केनाच आदि पर्दछन् ।

२.६.४. गाउखाने कथा :-

गाउँखाने कथालाई राउने बाथ (बातै) पनि भनिन्छ । यसको प्रचलन गाउँघरमा अत्याधिक रुपमा छ । यस्ता गाउँखाने कथा कसैको बुद्धि जाँच गर्दा अड्को थाप्दा र फुर्सदको समयलाई उपयोगमा ल्याउन र हाँस परिहाँस प्राप्त गर्न यसको प्रयोग गरिन्छ । पुष १५ मा रातभरि जागरम रही गाउँखाने कथा प्रश्नको रुपमा एक व्यक्तिले भन्ने र अरु व्यक्ति त्यसको उत्त ˆ ˆ ारेर पुरै रात बिताउने गर्दछन् ।



२.६.६. लोकनृत्य :-

लोकनृत्यहरुमा त्याहाँका जनसाधारण नाँच गर्दछन् त्यस्ता लोकनृत्यहरुमा ढुस्को, भैनी, हुड्केली, डेउडा खेल आदि पर्दछन् ।

@=^=&= pvfg6'Ssf M–

सटिक र नीतिगत रुपमा केही कुरा भन्नको लागि प्रयोग गरिने उखान टुक्कापनि यस क्षेत्रमा धेरै प्रचलित छन् । जस्तै (घोकन्ते विद्या धावन्त खेती) (हुने हार दैव नटार) यी लगाएतका अन्य विभिन्न लोकसाहित्यिक विद्याहरुले यस क्षेत्रलाई समृद्धशाली बनाएको छ ।

**निश्कर्ष :-**

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र महाकाली अञ्चल अन्तर्गत पर्ने ४ जिल्लामध्ये बैतडी पनि एक जिल्ला हो । समुन्द्र सतहदेखि ३९० मि. देखि २९५० मि. सम्मको उचाईमा रहेको यस जिल्लाको जम्मा क्षेत्रफल १४५१.१ बर्ग कि.मी. छ । प्राग ऐतिहासिक कालदेखि यस क्षेत्रमा मानव बस्ती रहेको र लिच्छवीकालमा यो

लिच्छवी राजाको अधीनमा र सिंजाराज्यको पतनपछि डोटी स्वतन्त्ररुपमा र बैतडी पाटन क्षेत्रमा स्वराज (आफ्नै राज्य) थियो भन्ने जनश्रुति पाईन्छ ।

नेपालको कुल क्षेत्रफलमध्ये ६८% भू-भाग पहाडी प्रदेशले ढाकेको छ । यही पहाडी प्रदेश अन्तर्गत पर्ने बैतडी जिल्ला पनि महाकाली अञ्चलका चार जिल्ला मध्ये एक हो । यही जिल्लाको पूर्वमा पर्ने क्षेत्र नं. २ मा पर्ने भुमेश्वर, गुजर, सिलङ्गा, शकार, कैलपाल र दुर्गास्थान गा.वि.स.हरुको वीचमा पर्ने फाँटपरेको ठाउँ भएकाले यसको नामाकरण पाटन रहन गएको हो भन्ने कुरा बुढापाकाहरु बताउँछन् । भौगोलिक विकटता, लेकाली हावापनी भएको कारण खेतीपाती धेरै हुन नसकेपनि पाटन क्षेत्र खेतीपतीको लागि धेरै उर्वर भूमिको रुपमा लिइन्छ । यहाँको कतिपय भू-भाग जंगलले ढाकेकाले विभिन्न किसीमका जंगली जीवजन्तु तथा चराचुरंगीहरु पाईन्छन् । चैत बैसाखतिर जंगली कोईलीको कुहुँ-कुहुँ र अविरल रुपमा बगिरहने पानीका मुहानहरु मानव सेवामा तल्लिन छन् । उत्तर दक्षिणमा ठूला ठूला पहाडहरु भएकाले यस ठाउँको गरिमा अझै स्वर्गतुल्य बनेको छ । यस क्षेत्रको वीचबाट बग्ने सुर्नया नदीले यस क्षेत्रको गरिमालाई झन अगाडि बढाउने काम गरेको छ ।

## ३.१ डेउडा गीतको परिचय र परिभाषा

डेउडा शब्दको शाब्दिक अर्थ हो बाङ्गो छड्के र कसैले दोहरी भन्ने गरेको पनि पाईन्छ । नेपाली बृहत शब्दकोष अनुसा   २२ को अर्थ यसरी दिइएको छ । डेउडा नांम (देवडा) पश्चिम नेपालको लोकगीत [illegible] गीतको एक ताल देउरा संगीतको एक प्रकारको ताल वा भेद ।[१८] डेउडा एक आपसमा कुममा कुम मिलाई धेरै ब्यक्तिहरुले खेल्दा पादपंक्ति वा पैतालो चलाउदा खुट्टा सिधा नचलाई छड्के चालाईने र पाईलो पनि एउटा पुरा र एउटा आधा चलाईने वा डेउडी चलाईने भएकाले यसलाई डेउडा वा देउडा भनिएको हो डेढी कदममा देब्रेगोडा चालेर खेलिने खेल भएको हुनाले र एउटा गीतलाई गाउँदा डेढ पटक गाईने तथा सोही अनुसार खुट्टा चलाई खेलिने र डेउडा गीतको शब्दको अर्थ पनि सिधा रुपमा नभई ब्यङ्ग्यार्थ वा लक्ष्यार्थ हुने हुँदा यसलाई डेउडा खेल भनिएको हो । एक अर्को भनाई अनुसार खस जातिकी कुलदेखि बढीमालिका मयल गिरि पर्वततिर गमन गर्नु अघि देउरा वा देउराली भनिने आफ्नो जन्म थलोमा बस्ने गर्दथे र वहाँको जम्न दिवसमा भक्तजनहरुले वहाँको सम्मानमा एउटा सामूहिक नृत्य लोकगीतका साथ प्रस्तुत गर्दथ्ये । त्यो गायन वा नृत्य देउरा वा देउरालीमा हुने भएकाले देउरा वा डेउडा

भनिन्थ्यो ।[19] जसको प्रमाणस्वरुप डेउडा खेल्ने वा मनोञ्जन गर्ने ठाँउलाई आजकल पनि देउराली भन्ने चलन एदाकदा पाईन्छ । डेउडा मध्ये र सुदूर पश्चिाञ्चल विकास क्षेत्रको ज्यादै महत्वपूर्ण लोक विधा हो ।

डेउडा गीतमा प्रकृतिक प्रवाह र स्वतन्त्र मौलिकता छ । यिनमा भाषाको मूलश्रोत स्थानिय प्रकृतिक विविध हृदयका भावाङकुर नाना रस, अनेक अलङ्कार, देशाचार, निश्चल हृदयका स्वच्छ विचार एवं प्रकार सहर्दयगम्य सूक्ष्म आकृतिमा प्रकृति र मनोहर लोकसाहित्यको प्रवाह पाईन्छ । तिर्थयात्रा माडु पैठ छैठी, विवाह, बर्तवन्ध, एव आर्य जातिय अनेक उत्सवहरुमा गीत रोकीनस्कदा मूल फुट्छ ।[20]

यस पाटन क्षेत्रका कतिपय वरायल, सिलङ्गा, किम्तोली, दुर्गास्थान, बाशुलिङ्ग गाउँ तथा गा.वि.स.मा डेउडा गीतका साथ समूह नृत्य हुन्छ । बैतडेलीहरुले आफ्नो सामाजिक अवस्था, रीतिरिवाजलाई डेउडा गीतका विभिन्न भाकाहरुमा अभिव्यक्त गर्दछन् । यहाँका कुना कन्दरा, भिरपाखा र खोलानालामा समेत डेउडा गीत (नृत्यसहित) गाउँने चलन पाइन्छ ।

डेउडा गीत एउटा ज्यादै लोकप्रीय विधा हो । परम्परामा पैतलो विशेषलाई मात्र डेउडा भनिन्थ्यो । तर पछि गएर यसको अर्थ विस्तार भई गीत र अभिनय दुबैलाई जनाउन थाल्यो । आजकल पादतलमा आवद्ध सामूहिक गायन प्रक्रियालाई डेउडा खेल्नु भनिन्छ । भने पादतनलरहित गायन प्रक्रियालाई डेउडा गाउनु भनिन्छ । यसैले डेउडा गीतको प्रयोग सामूहिक २३ कल र अभिनय सिहत वा अभिनय रहित ढङ्गले गर्न सकिन्छ । सामूहिकरुपमा डेउडा खेल्दा खेलाडीहरु दुईपक्षमा विभक्त भएका हुन्छन् र दुवै तीर कम्तीमा एक एक जना गीतेरुवीच गीतमय संवाद वा वादविवाद चल्दछ । जसमा आफ्ना गहकिला मर्मस्पर्शी अभिव्यक्तिहरुद्धारा एक अर्कालाई परास्त गर्ने अभिप्राय रहेको हुन्छ । यसैक्रममा कहिले काँही गाली गलौज तथा जातभातका कुरा पनि आउन सक्दछन् । डेउडा गीतमा मार्मिकता प्रसंगानुसारिता अन्त्यानुप्रास र लय समेत मिलाउनुपर्ने र तत्काल भन्नु पर्ने हुँदा यी डेउडा भन्ने व्यक्तिलाई आशुकविको उपाधि दिनु सान्दर्भिक देखिन्छ ।

देउडा नाच पश्चिम नेपालको प्रमुख नाच मध्ये एक हो । त्यसमा गाइने गीतहरु समयसामयिक र प्रेम सम्बन्धी डेउडा गीतलाई कसैले देउडा कसैले ड्यौडा कसैले डोटेली लोकगीत भन्ने गरेका भएतापनि बैतडी जिल्लामा डेउडा भन्ने प्रचलन बढी छ । भावुक हृदयको मान्छेलाई यसको निर्माणमा कुनै कठिनाई पाईदैन । यो त

श्रोत :

१८. नेपाल राष्ट्रिय प्रज्ञा प्रष्ठिान, नेपाली बृहत शब्दकोष,ने.रा..प्र. २०६०, पृष्ठ ६६४

१९. विजय चालिसे, डोटेली लोक संस्कृति र साहित्य, साझा प्रकाशन, २०३९, पृष्ठ संख्या ८३-९८ सम्म

२०. नेपाल राष्ट्रिय प्रज्ञा प्रष्ठिान, नेपाली बृहत शब्दकोष,ने.रा..प्र. २०६०, पृष्ठ ६६४

मार्मिक लयपूर्ण ध्वनिमा कुनै व्यक्तिले आफ्नो सामूहिक भावना व्यक्त गर्ने प्रक्रिया हो । डेउडा खेलमा एकपट्टि एक समूह र अर्को पिट्ट एक समूह आपसमा हातोमालो गर्दै एउटै गोलाकार घेरा बनाएर एक आपसमा उभिन्छन् र त्यसपछि एक पाईलो अगाडि र एक पाइलो पछाडि तालमा ताल दिदै शरीरलाई लचकदार वगाउँदै गीत गाउँदै घुम्छन् । यहाँ गीतमै सवाल जावाफ को कम चल्दछ ।
एक पटक एउटा समूहले र अर्को पटक अर्को समूहले गीत दोहऱ्याउँछन् । यो खेलमा बाद्य वादनको कुनै आवश्यकता पर्दैनै ।

डेउडा टेढो वा बाङ्गो घुमारो तरिकाले खेलिने खेल हो र यसमा प्रयुक्त भाषिक शब्दले समेत व्याङ्ग्यार्थ दिने हुँदा यसलाई डेउडा भनिएको हो । मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको लोकप्रिय साहित्यिक विधा भएकोले जो कोहिको जनजिब्रोमा डेउडा गीत रहेको हुन्छ । मनोरञ्जन दिनु, प्रेम भावना व्यक्त गर्नु, सांगीतिक स्वरलहरी जस्ता विशेषता बोकेको देउडा गीतले आफ्नो छुटै अस्तित्व राख्न सफल भएको छ ।

३.२. डेउडा गीतको ऐतिहासिक पक्ष :-

डेउडा गीत लोकसाहित्यिक गीत हो । लोकसाहित्यको अतीतलाई हेर्दा यसको विकास मानव समुदायको विकास संग जोडिन सक्दछ । लोक शब्द अति प्रचिन्तम शब्द हो । यस शब्दको प्राचितारुप खोज्दै जादा सर्वप्रचीन ग्रन्थ ऋगवेदसम्म पुगिन्छ । यसको पुरुषसुक्तमा जीव तथा स्थानका लागि लोक शब्द प्रयोग भएको पाईन्छ । वेदलाईपनि श्रुति भनिनुबाट पहिले वेदपनि मौखिक परम्परामा एक अर्कामा हस्तान्तरण हुँदै आएको थियो । यो अध्ययनबाट के भन्न सकिन्छ भने साहित्य आउनु भन्दा धेरै समय पूर्वनै लोकसाहित्यको परम्परा चलिआएको र पछि तिनै मौखिक परम्पराका आधारमा रहेका लोककथा, लोकगीत नै लिखित रुपमा रहँदा लिपिबद्ध साहित्यको प्रार्दुभाव भएको भन्न सकिन्छ ।
डेउडागीत सुदूर तथा मध्यपश्चिमको जनमानसमा परापूर्वकालदेखिनै मौखिक रुपमा रहँदै आएकाले लोकसाहित्यिक विधा हो । जनश्रुतिमा रहने साहित्य भएकाले यसको इतिहास यसै बेला दखिनै सुरु भयो भनेर किटान गर्न त सकिदैन तर यस क्षेत्रमा मानवबस्ती बस्दा नै डेउडाले पनि मानव हृदयमा बास पाएको मान्न सकिन्छ ।

यसको अतीतलाई हेर्दा अति सुन्दर रहेको पाईन्छ । एउटा सानो बालकदेखि बृद्ध तथा गृस्हथ देखि बैरागी सम्मको मन बुझाउने काम डेउडाले गरेको पाईन्छ । यसले अलौकिक आनन्द दिनुका साथै मानव मानवमा वर्ग विरोध शोषण जस्ता कुरितिलाई हटाउन आव्हान नगरी समानतामूलक समाजको निर्माणमा समेत ध्यान दिएको पाईन्छ । भलाकुसारी, हालखबर, आत्मीय भावना जस्ता सदभावमूलक अभिव्यक्ति पनि डेउडा गीतमा रहेका पाइन्छन् । वि.स. २०२० साल पौष ९ गते जुम्लाका महाशंकर देवकोटाले डेउडा गीतलाई रेडियो नेपालमा रेकडिङ गराए संचार माध्यममा गाउँने प्रथम गायक हुनुभयो । त्यसपछि हाल आएर रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र दिपायल र सुर्खेतबाट पनि डेउडा गीत दैनिक प्रशारण हुने गर्दछन् । आज आएर विज्ञान र प्रविधिको विकासले गर्दा सुदुरपश्चिमका विभिन्न ठाउँमा रहेका एफ.एम. प्रसारणले गर्दा दैनिक डेउडा गीतको प्रसारण हुने गर्दछ ।[२१]

डेउडा गीतलाई जीवन्त राख्न यसको संरक्षण हुनु आवश्यक छ । यसको सम्बर्द्धन तथा उत्थानका लागि सामाजिक संस्थाहरुले विभिन्न प्रकारका प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ । डेउडा गीतसंग सबन्धित गायक नृत्यकार तथा अन्य बरिष्ठ ब्यक्तिहरुलाई प्रोत्साहित गरी त्यसको संदेश भावी पिंडीमा पुऱ्यानका लागि ~~डेउडा गीतसंग सम्बन्धित~~ संघ-संस्था र ब्यक्तित्वहरुले अग्रसरता देखाउनुपर्ने देखिन्छ ।

३.३. डेउडा गीतको क्षेत्र र प्रयोग :-

समान्यतया क्षेत्र भन्नाले जमीनको भागलाई जनाउँछ । तर यहाँ हामीले लोकसाहित्यिक क्षेत्रका बारेमा चर्चा गर्न खोजेका छौ । लोकसाहित्यिक क्षेत्र भन्नाले कुनैपनि लोकसाहित्यिक विधाले आफ्नो प्रभाव पार्न सक्ने मानव समूदाय र प्रयोग हुने भौगोलिक क्षेत्रलाई पनि जनाउँछ । डोटेली गीतको क्षेत्रलाई छुट्यानु पर्दा यसको मूल थलो राप्तीदेखि महाकालीसम्मका जुम्ला, मुगु, डोल्पा, हुम्ला, कालीकोट, सुर्खेत, दैलेख, जाजरकोट, बाँके, बर्दिया, अछाम, बझाँङ, बाजुरा, कैलाली, डेटी, बैतडी, दार्चुला र कन्चनपुर गाउँ टोल खोलानाला, बनपाखा भएतापनि यसको प्रयोग पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म फैलिदै आएको छ । काठमाण्डौंमा पनि यसको प्रयोग हुनुकासाथै मनोरञ्जनपूर्ण लोकगीत तथा लोकनृत्यको रुपमा मान्ने गरेको पाईन्छ । युवा-युवती, नरनारी, बालबालिका सबैका हृदयमा डेउडा गीतले बास

श्रोत :

२१. विजय चालिसे, डोटेली लोक संस्कृति र साहित्य, साझा प्रकाशन, २०३९, पृष्ठ संख्या ८३-९८ सम्म

गरेका छन् । अलिकति बनपाखा तथा हृदयमा मनोञ्जनका लागि झिल्का आउने वित्तिकै सवैका मुखबाट डेउडा गीतका मूल फुट्न थाल्छन् ।

पहिला मानिसहरुको बसाइसराइ कम हुन्थ्यो । तराइमा औलो लाग्ने डर र देशका अन्य भागमा पनि पश्चिम नेपालका जनताको पहुँच कम भएको हुँदा डोटेली डेउडा गीत मध्यपश्चिम र सुदूर पश्चिममा मात्र सीमित थियो । आज यस क्षेत्रका जनाता राजधानी काठमाण्डौ लगायत देशका अन्यभागमा पनि बस्ने गरेका र विदेश पनि पुग्ने भएकाले डेउडाको क्षेत्र बिस्तृत हुदै गएको छ । काठमाण्डौमा पनि सुदूर पश्चिमका सु-प्रशिद्ध व्यक्तित्व भू.पु. प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द र शेर बहादुर देउवा जस्ता व्यक्तिहरुले डेउडा उन्ययनमा रुचि लिएको पाइन्छ । नेपालको करिव आधा जति जनसंख्या भारत लगायतका अन्य मूलुकमा बसोबास गर्ने र त्याहाँ बस्दा एक अर्काको सँस्कृतिको आदानप्रदान हुनुको साथै डेउडाको व्यापक रुपमा प्रयोग हुने भएर पनि यसको क्षेत्र बढ्दै गएको छ ।

३.४. डेउडा गीतको संरचना :-

संरचना भन्नाले कुनैपनि बस्तुको स्वरुपलाई जनाउँछ । बस्तुको स्वरुप निर्माण हुनाका लागि चाहिने आवश्यक अंगलाई त्यसको तत्व मानिन्छ । यिनै तत्वहरुले डेउडा गीतको संरचना निर्माणमा अहम् भूमिका खेलेको पाइन्छ । डेउडा गीतको संरचनामा निम्न लिखित अंगहरु पाईन्छन ।

३.४.१. कथ्य :-

डेउडामा गाईने विषयको प्रसंगनै यसको कथ्य हो । गीतेरुले गीतको प्रसंगअनुसार गीत सिर्जना भट्याउदै गर्छ । सोही प्रसङ्गनै सवाल जवाफका क्रममा गौंडो थाप्ने जस्ता कार्य हुने गर्दछ । डेउडामा कुनै न कुनै विषय बस्तु रहेकै हुन्छ । डेउडा गीतमा भन्न खोजेको कुरानै कथ्य हो र त्यस कथ्यलाई सुन्नेले बुझ्दछ । गीतमा संगीत तत्वले गर्दा कहिले काँहीं कथ्य नबुझिए पनि श्रोतालाई आनन्दको अनुभुती हुन्छ । यही विषयको प्रसङ्ग र ब्यक्त हुने संदेशलाईनै डेउडा गीतको कथ्य भनिन्छ ।

३.४.२. भाषा :-

भाषा कुनैपनि साहित्यको ज्यादै महत्वपूर्ण तत्व हो । डोटेली गीतहरु डोटेली भाषामानै हुन्छन् । यसमा प्रयुक्त भाषा जनबोलीमा आधारित प्रश्नोत्तर तथा लयात्मक पुनरुक्तिमय झाषाको प्रयोग भएको हुन्छ । गीतको भाषा सामान्य वोलीचालीको भाषा भन्दा फरक हुन्छ । लय छन्द, अन्त्यानुप्रास र सन्दर्भ मिलाउनु पर्ने हुँदा नेपाली, हिन्दी, संस्कृत र अंग्रेजी जस्ता शब्दहरुको पनि आंशिक रुपमा प्रयोग गरिएको हुन्छ । यस्ता गीतहरु धेरै समयदेखि मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका छन् । तसर्थ यसमा भाषाको पूरानो रुप पनि बाँकी रहेको पाईन्छ ।

३.४.३. चरण वा पद :-

डेउडा गीतको संरचना पद र चरणको पनि आवश्यकता पर्दछ । यस एक चरणमा दुईपद हुन्छन् र दुई चरण पूरा भएपछि एउटा गीत पुरा हुन्छ । प्रायः एउटा चरणको अर्को चरणसंग तुक मिलाएको हुन्छ । भने केही गीतहरु दुई चरणमा प्रसाङ्गिक रुपले संबद्ध देखिन्छ । केही गीतमा एउटा चरणको प्रसङ्ग अलग र अर्को चरणको प्रसंग अलग हुन्छ । यस्तो गीतमा एक चरणले अर्थ प्रसंग अनुसार दिन्छ भने अर्को चरणलाई लय मिलाउनका लागिमात्र प्रयोग गरिएको हुन्छ । एउटा डेउडा गीतमा दुईचरण र चार पाउ हुन्छन् । जस्तै

लाल छाता उकाली लैग्यो, जुलको जैराम ।
कति सुवा घामपानी छ , कतिको अराम ॥

३.४.४. लय वा भाका :-

लय वा भाका भनेको डेउडा गीतको स्वर गठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । डोटेली लोक जीवनमा गीत गाउने खास शैली नै भाका हो । गीत गाइने शैलीमा विभिन्न थेगाहरुमा छमक्क छमक्क, लौ लौ विऱ्या छम्को, ऱ्याट्टी ऱ्याट्टी, साल्ली, ए वौजू आदि हुन् भने थेगो प्रयोग गरेर एकोहोरो रुपमा गाइने भाकालाई ठाडी भाका भनिन्छ । यस्तो गायन एकल र दोहरी पनि हुनसक्छ । समूहमा थेगो प्रयोग नगरिकन गाउने गीतमा एक प्रकारको लवज हुन्छ । जसलाई

स्थानीय भाषामा राग भनिन्छ । एउटाको स्वरमा सवैले राग वा लवज मिलाउनुलाई राग राख्नु भनिन्छ ।

३.४.५. छन्द :-

अन्यानुप्रास युक्त साहित्यिक अभिव्यक्तिमा कुनै न कुनै छन्द रहेको हुन्छ धेरै जसो डेउडा गीतहरु निश्चित छन्दमा बाधिएका छन् भने केही बाल गीतभने छन्द नमिलेर लयमा मात्र रहेका हुन्छन् । प्रायः डेउडामा चौघ अक्षरको एक चरण हुन्छ जसमा दुईपाउ हुन्छन् । पहिलो पाउ आठ अक्षरको र दोस्रो पाउ ६ अक्षरको हुन्छ । चार पाउ र दुई चरण गरी गीत २८ अक्षरको हुन्छ जस्तै-

घर छाडी प्रदेश जाना बुद्धि हराएका ।
मैले मान्या मेरा हुन रै छौ परायाका ॥

उपर्युक्त विषय बस्तु, भाष , चरण, पद, भाका वा लय र छन्दका आधारमा नै एउटा डोटेली गीत पूरा हुन्छ ।

३.५. डेउडा गीतको प्रयोजन :-

डेउडा गीत यस क्षेत्रको महत्वपर्ण लोक साहित्यिक विधा भएकोले यसको प्रयोजनबारे विचार गर्नु प्रासाङ्गिक नै हं २८ गीतका केही प्रयोजनहरु यसप्रकार छन् ।

३.५.१. आनन्दको अनुभूतिः-

गीतको प्रयोजन नै आनन्दानुभूति हो । डेउडा गीतले मान्छेलाई आनन्दानुभूति प्रदान गर्दछ । लोकमानसको अभिव्यक्ति सरल भाषा र सरल शब्दावली सुरिला लय र संगीतका साथ प्रस्तुत हुँदा व्यक्तिले दुःख, अभाव र कष्ठलाई भुलेर आनन्दको अनुभव गर्दछ । यस प्रकारको आनन्दको अनुभव विभिन्न रुपमा प्रार्थनामूलक धार्मिक गीतहरु भजन, स्तुति, संस्कार गीतहरु र विभिन्न पर्वका उल्लासपूर्ण वातावरणमा गाईने गीतहरुबाट समेत प्राप्त हुन्छ ।

३.५.२. अनुष्ठानको सम्पादन :-

हाम्रो डोटेली समाजमा केही गीतहरु मन्त्र जस्तै महत्व राख्दछन् । गीतहरुबाटै धार्मिक क्रियाकलाप सम्पन्न हुन्छन् । र संस्कारको विधि विधान पुरा गरिन्छ । सुदूर पश्चिमेली समाजमा डेउडा गीतको अभावमा जीवन संस्कारहरु पूर्ण हुँदैनन् । तराई होस् वा पहाड डेउडाको अभावमा फागु, तिज, जाग्राम, सष्ठीपूजा, मकर संक्रान्ति र दशैंको खुशीयाली मनाउँछन् । देउडा गीतहरु धार्मिक अनुष्ठान पर्व र संस्कारका अङ्ग हुन् ।

३.५.३. सामाजिक लोक जीवनको  अभिव्यक्ति :-

डेउडा गीतहरुमा व्यक्तिले आफ्ना मनका भावना अभिव्यक्त गर्दछन् । यस्तो अभिव्यक्तिमा उसको व्यक्तिगत अनुभूति मात्र नभई पुरै समाजको अनुभूति पनि अभिव्यक्त भएको हुन्छ । समाजको चित्रणका साथै समाजले गरेका कर्म र भोगेका दुःखहरुको वयान हुन्छ । २०१९ सालको सितला रोगको अभिव्यक्ति, राणशासनकालमा भ्mेल्नुपरेका दुःखको अभिव्यक्ति, विगतमा माओवादी जनयुद्धको अभिव्यक्तिले डेउडा गीतमा प्रति ध्वनित भएको पाईन्छ ।

खोलीको हरेवा स्याप च्यापेले चिल्लैन ।
मऱ्यो मान्छे बग्यो पानी खोजे मिल्दैन ।
भू ऐलै भुकम्प एलै भूमिस[illegible] ।
अमेरिकाको बेसा, खानुभर [illegible] कैले
दिल्ली जान्या रेल गाडीमा नेपालको माल आयो
जनता हुनावी लागि ठालुको काल आयो
कतिले सिन्दुर पुछ्यो कतिका काख रिता
कतिका सहिद भया ज्ञानेशाहीलाई विदा

३.५.४. सामूहिक गायनको प्रयोग :-

सामूहिक रुपमा गायन हुने डेउडा गीतको प्रमुख बैशिष्ट्य हो । मेलापात र जात्रामा धेरै मानिसहरु एक आपसमा एउटै ठाउँमा जम्मा भएका हुन्छन् । सवैले आपसमा मिलेर गाउने नाच्ने गर्दछन् । यस्ता समूहिक नृत्य तथा गायनले समाजिक एकता र मेल मिलापमा पनि सहयोग पुऱ्याउँछन् ।

नौरन्का अठार फन्का बम्बै टेलिफोनका
एक ढपले केई हुनैन गैलोई माया दन्का

सामान्यतया डेउडा गीतको प्रयोजन भनेको मनोरञ्जन नै हो  कुनै पनि चाड पर्व मेला उत्सव र धार्मिक तथा सास्कृतिक अनुष्ठानमा मनोञ्जन गर्न डेउडा गीत गायन वा नृत्य गरिन्छ । जसमा सामाजिक लोक जीवनको अभिव्यक्ति रहेको हुन्छ ।

३.६. डेउडा गीतको महत्व

डेउडा गीत यसक्षेत्रका सवै जनमानसका मुक्त कण्ठमा झुण्डिएको हुन्छ । अलिकति अवसर पाउँने वित्तिकै प्रत्येकका मुखबाट  डेउडाका मूल बग्न थाल्छन् । जुन मूलको प्रवाहले  मानव हृदयलाई पखालेर स्वच्छ सुन्दर देखाउँछ । पानीका मूल फुटेजस्तै डेउडाका पनि मूल फुट्दछन् । धेरैका जीवनरुपी खेतमा सिंचाई पुऱ्याउँछन् भने तिर्खाएकाहरुका लागि तिर्खा मेटाउँछन्

भैसालो भनानी काहो भाचा गागनकी
कोई त नराई मान्नछौ कि गया जोवनकी ।

डेउडा खेल्ने मानिसहरु कुममा कुम हातमाहात स्वरमा स्वर पैदलमा पैदल मिलाएर एक पाईलो अगाडि  र आधा पाईलौ पछाडि गर्दै शरिरलाई मर्काउदै देउडा खेल खेल्छन् । यसरी जव वादविवाद र एक अर्कालाई परास्त पार्ने प्रयास शुरु हुन्छ । तव खेल चम्केको वा राम्रो भएको मानिन्छ र यसै अवसरमा खेल्ने वा गाउने र राम वा तमासा हेर्नेको मनोकामना पूर्ण भएको मान्दछन् । यस्तो लोक मानसमा छताछुल्ल रुपमा रहेको डेउडा गीतको महत्वलाई  निम्न बुँदामा  प्रकाश पार्न सकिन्छ ।

३.६.१. आन्तरिक हृदयका भावनालाई प्रस्फुटित गर्नु :-

डेउडा मार्फत एकले अर्काको हृदय सजिलैसंग छाम्न सकिने भएकोले युवायुवतीहरुले यसलाई फुलका थुंगा सरह मानेको पाईन्छ । जुन कुरा अन्यत्रप पनि सम्भव हुँदैन । युगल प्रेमीहरु डेउडामार्फत आफ्ना मनका भावनाहरु प्रकट गर्नुका साथै वाधाविपरित कुराहरु पनि व्यक्त गर्दछन् । यसमा हर्ष, दु:ख, वेदना, मर्म, पीडा र उच्छ्वास सजिलैसंग प्रकट हुने गरेको छ । डेउडा युगल युवा हृदयका मुस्कुराई रहेको नवोदित भावनाहरु जनमानसमा प्रकट गराईदिने प्रकृया हो ।

३.६.२. सांस्कृतिक तथा ऐतिहासिक महत्व :-

डेउडा गीतलाई नेपाली साँस्कृति र सम्पदाको धरोहरका रुपमा लिन सकिन्छ । किन भने  वर्तमान नेपाली संस्कृतिको प्रवाह यसै क्षेत्रबाट भएको छ । यस क्षेत्रमा प्राचीन कालदेखि आजसम्म डेउडा विधाले निरन्तर संरक्षण र माया पाएको छ । डेउडामार्फत आफ्नो मनमा लागेका कुराहरु सजिलैसंग व्यक्त गर्न सकिन्छ । यसका साथै डेउडा गीतमा लुकेका शब्दहरुको ऐतिहाहिक महत्व राख्दछन् ।  इतिहासमा विर्सिएको पाटोको अध्ययन अनुसन्धान गर्नमा डेउडा गीत सहायक हुने देखिन्छ । ऐतिहासीक घटनावलीलाई चिटिक्क सिंगारेर जनसमक्ष राख्ने काममा डेउडाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

३.६.३. सामाजिक महत्व :-

समाजमा रुपरेखा र तिनका आवश्यकताहरु औल्यानमा डेउडा विधा अतिसफल भएको छ । यसमा वक्तृ [illegible] अभिनय कौशल हुनाले यदि कैलाई डेउडाबाट गाली गरिन्छ ? उसले हाँसी [illegible] वीकार गर्दछ ।  डेउडाले निर्भयताका साथ समाजको मनोदशा चित्रण गर्न सफलता पाउनमा सर्वोत्तम पक्ष स्वर हो । डेउडा खेल्दा उच, निच धनी गरिब, छुवा-छुत स्त्री-पुरुषको भावना नराखी सवैले समानरुलमा डेउडामा सहभागिता हुन पाउनुले पनि डेउडाको महत्व रहेको छ ।

३.६.४. धार्मिक महत्व :-

धार्मिक विषयवस्तुका गीतहरु भजन, मङ्गल भलाउलो पनि डेउडा गीतमा मौलाएका छन् । डेउडा गीतमा रहेको सरल अभिव्यक्तिले गर्दा लोकसाहित्यका अन्यविधाहरुले पनि डेउडामा समाहित भएर आइरहेका छन् । सस्कृतका अप्ठेरा शब्दहरु सकिनसकी उच्चारण गर्नु भन्दा सरल स्थानीय भाषा मार्फत देवि देवताका श्लोकहरु व्यक्त गर्न सबैले रुचाउनु यसको अर्को महत्व रहेको छ ।

हरे कृष्ण हरे कृष्ण कति राम्रो नाम छ ।
ज्ञान हुने ज्ञानीजनले यहि जप्ने काम छ ।

३.६.५. प्राकृतिक महत्व :-

डेउडाको प्रमुख विषयनै प्राकृतिक चित्रण हो । निरविच्छिन्न रुपमा आफ्नो गतिलाई प्रवाह गर्ने खोलानाला र संगितमय ध्वनिमा बनपाखा आफ्ना स्वर लहरलाई प्राकृतिक सौंदर्यको वर्णन गर्न गुंजायमान गरिरहेको चरा चुरङ्गिको गुन्जन सुन्ने वित्तिकै मानव हृदय पनि आफ्नो मुटुको स्पन्दनलाई गुन्जायमान भईरहेको प्राकृतिक संगितमा मिलाउन उत्सुक हुन्छन् र मुटुको भेलहरु पोख्दछन् । प्रायः डेउडा गीतमा प्राकृतिक चित्रण र माया प्रेम समेटिएको हुन्छ ।

लेक फुल्यो लाली गुँरास खोली फुल्यो प्याउँली ।
मान्छे माईको मै वैरागी चडी माईको न्याउँली ॥

हांगो छैन हात पुक्दैन बूढी च्यूँडीका रुख ।
कैखाई भणी के हुन्या हो हृदयका दुःख ॥

के बुढा के तरुण के बालक सबै उत्तिकै आनन्द प्रदान गर्ने विधा भएको हुनाले यसको महत्व स्वतः पुष्टि भएको पाईन्छ । खेल खेल्ने तथा बाहिर बसेर हेर्ने सबैमा समान प्रभावको महत्व रहेको हुन्छ । यसको महत्व कै कारण सीमित क्षेत्रमा मात्र नभई यो नेपाल भरि नै फैलिएको छ ।

### ३.७. डेउडा गीतको बर्गीकरण :-

साहित्य समाजको दर्पण हो भन्ने उक्तिलाई ध्यानमा राख्दा के भन्न सकिन्छ भने लोकसाहित्य दर्पणमात्र नभएर अझ एक्सरे मेसिन हो जसले सम्बन्धित जनजीवनको बाह्रय र आन्तरिक दुवै पक्षको यथार्थ प्रतिविम्ब उतार्ने काम गर्दछ । तदनुरुप डेउडा गीतमा पनि विविध मान्यता र जीवन दृष्टिहरु समेटिएका छन् । यस्ता यस क्षेत्रका जीवनशैलीका  डेउडा गीतहरु विविध प्रकारका छन् । विभिन्न किसिमका डेउडा गीतलाई नियाल्नु पर्दा यसका भेद उपभेदहरु जन्मन जान्छन् । लोकजीवनको विविध पक्षलाई ओगटेको डेउडा गीतको वर्गीकरण पूर्णरुपले गर्न त साह्रै गाह्रो छ तापनि सामान्य तया डेउडा गीतको वर्गीकरण निम्न अनुसार गर्न सकिन्छ ।

१. सहभागिताका आधारमा
२. लय वा भावका आधारमा
३. विषय वस्तुको आधारमा
४. भाषाका आधारमा
५. रसका आधारमा

#### ३.७.१. सहभागिताका आधारमा :-

डेउडा गीतको गायनको क्रममा सहभागी हुने क्रममा सहभागीता जनाउने आधारलाई नै सहभागिताको आधार भनिन्छ । यस आधारमा डेउडा गीत निम्न ३ प्रकारका पाईन्छन् ।

३.७.१.१. एकल डेउडा गीत :-

कुनै एक व्यक्तिले आफ्ना मनका वहहरुलाई व्यक्त गर्दछ भने त्यस्तो डेउडा गीतलाई एकल गीत भनिन्छ। यस्ता गीतहरुमा अभिनय पक्ष नगण्य मात्रामा रहन्छ। भने गीतको भाका तथा लय प्रमूख रुपमा देखा पर्दछ । यस्ता गीतहरु घास काट्ने घसारी, बाटो हिड्ने बटुवा, गाईभैंसी चराउने गोठाला आदि व्यक्तिले गाउने गर्दछन्। जस्तै :-

आइजा काल उडाइ लैजा मेरा रन्या ठौर ।
आया आँशु पुछि दिन्या को छ मेरा और ॥

३.७.१.२. दोहरी डेउडा गीत :-

दुई वा दुई भन्दा बढी व्यक्तिहरु एक आपसमा पालै पालो गरी गाउने डेउडा गीतलाई दोहरी डेउडा गीत भनिन्छ । यस ढंगमा गीत गाउने व्यक्तिहरु दुई पक्षमा विभक्त भएका हुन्छन्। यस्तो डेउडामा गीत गायन र खेल दुवै हुने गर्दछ। जसमा गीत भन्ने गीतेरु दुईजना हुन्छन् । एक अर्कालाई परास्त गर्ने अभिप्राय हुन्छ । दोहरीमा प्रश्नोत्तर, वादविवाद, संवाद, भला कुशाली आदि हुन्छ। जस्तै

प्रश्न :- अल्का रुख पिपलमा राइ राइ आयो ?
रात भर बल्लको पालो ब्यानल गाई आयो ?
उत्तर :- हेरि हाल बुझि हाल राम्ररी गाई हाल ।
गाईको गौत शुद्ध हुन्छ एक सुड्की खाई हाल ।

३.७.१.३. सामूहिक डेउडा गीत :-

धेरै व्यक्तिहरु डेउडा खेलमा सहभागी भइ खेलिने र गाउने प्रकृयालाई सामूहिक डेउडा गीत भनिन्छ । यसमा प्रायः खेलनै खेलिन्छ र गीतेरु भने २-४ जना पनि हुन सक्छन् गीत गाउने वा स्वरमा स्वर मिलाउने व्यक्तिहरु कम्ति १०-१२

जना देखि १-२ सयसम्म पनि हुन सक्छन् । समूह गीत गाउँदा वा खेलिदा एउटै गीतलाई एकै स्वरमा  धेरै व्यक्तिले साथसाथै गाउछन् ।

३.७.२. लय वा भाकाका आधारमा :-

लय वा भाकाका आधारमा डेउडालाई निम्न २ भागमा वाड्न सकिन्छ ।

३.७.२.१. ठाडी भाका :-

प्रायः एक जना व्यक्तिले मात्र कुनै थेगोको प्रयोग नगरी एकोहोरो रुपमा गाउने गीतलाई ठाडी भाका भनिन्छ । ठाडी भाकामा स्वर चर्को हुन्छ । थोरै समयमा धेरै गीत गाउन सकिन्छ । ठाडी भाका दोहरी पनि हुन सक्छ । जस्तै :-

केटा :- हरा भरा रन बन बसन्तको बेला ।
मन परेको माया जाल मुइलाई कैले देला ॥
केटी :- यिन सबै पन्जावी हुन की लाईटर जलौन्या ।
माया होई की मायालु है हाडमासु गलौन्या ॥

३.७.२.२. थेगोप्रायोगको भाका :-

विभिन्न किसिमका थेगो को प्रयोग भई डेउडा गीत गाईन्छ । डेउडा गाउँदा थेगो स्थायी रुपमा रहेको हुन्छ । यसको प्रयोग एक पंक्तिमा एकै चोटी वा दुईचोटीपनि हुन सक्छ । पक्तिका आदि र अन्तमा पनि थेगोको प्रयोग रहन सक्छ र पक्तिका वीचमा पनि रहन सक्छ । कसै कसै गीतमा थेगोले पुरै गीतको संदेशको सारांश दिने गरेको हुन्छ । थेगो स्थान, नाता, माया प्रेम हुन्छन् । बैतडी जिल्लामा डेउडा गीतमा प्रयोग हुने थेगो हरु निम्न अनुसार रहेका छन् साल्ली, न्याउल्या, मेरी बउजु, मैना मेरी, कठैदैन, छमको छमको पाइनीर, सीता वनबास सर्क बादल मन उदास, न्याउला रानी, हिरु लाल, जमूना, चीउँली बाजँ, रन बासुली रन, सु-सु ।

हात चुकीलाइ पात चुकीलोइ सीता वनबास ।

जामीर पेल्याको सर्क बादल मन उदास ॥

वाल्या सबै ल्याउन्या कोइनाइँ- २ बनका दाउरा बनै साल्ली -२
मेरा त बेली बटी रैग्या-२ मनका कुरा मनै साल्ली -२

३.७.३. विषय वस्तुका आधारमा :-

डेउडा गीतले सम्प्रेसण गर्ने सन्देशका आधारमा यसको विषयलाई छुट्याउने गरिन्छ । यसले खास गरी सामाजिक, ऐतिहासिक, पौराणिक र राजनैतिक आदि जस्ता विषयलाई अँगाल्दछ जसको वर्णन निम्नुसारले गरिन्छ ।

३.७.३.१. सामाजिक विषयका गीत :-

समाजमा चलिआएका चालचलन, रीति-रिवाज, भेष भूषा, शासन प्रशासन र शोषणजस्ता समाजिक चित्रण गरिने डेउडा गीतलाई सामाजिक विषयका डेउडा गीत भनिन्छ । जसअन्तर्गत छोरीको बिलौना, शोषण विरोधी गीत, जाति पातिका आधारमा गाईने भेदभाव विरुद्धका गीत, विभिन्न चाड पर्वमा गाईने गीत, आर्शिवादका गीतहरु आदि पर्दछन् । जस्तै :-

कतिले सिंदुर पुछ्यो, कतिका काख रीता ।
देशभर लोकतन्त्र आयो, ज्ञाने शाहीलाई विदा ॥

दिल्ली झन्या रेल गाडी माइ नेपालको माल आयो ।
जनताकी हुनावी आईछ ठालुको काल आयो ।

३.७.३.२. एतिहासिक विषयका गीत :-

ऐतिहासिक तथा विगतका घटना क्रमको बर्णन गर्ने गीतलाई एतिहासिक गीत भनिन्छ । यस अन्तर्गत साँध सिमानाका गीत, राजा महाराजा तथा वरिष्ठ व्यक्तिहरुका सवाई, स्थान परिचय वंशावली तथा विगतका घटनाको बर्णन आदि पर्दछन् । जस्तै

बाइसी र चौवीसी राज्य, एक राज्य बनायो ।
नाम पनि पृथ्वी रह्यो पृथ्वी जमायो ॥

उनासी सालमा जन्म्या एकतिसमा मरिग्या ।
नेपाली आमाको मुहार उज्यालो गरिग्या ॥

३.७.३.३. पौराणिक विषयका गीत :-

पौराणिक ग्रन्थमा उल्लेखित भएका कथा र व्यक्ति विषेशको वर्णन गर्ने डेउडा गीतलाई पौराणिक गीत भनिन्छ जस अन्तर्गत रामायण, महाभारत, देवी भागवतका कथाहरु र रामचन्द्र सीता, कृष्ण राधा, शिवजी, पार्वती जस्ता व्यक्तित्वका बारेमा उल्लेख हुन्छ ।

मन्दोदरीले अजुध्या गड धेकी छ ।
केउ बात हाँसी ओ मन्दोदरी खीत खीत ।
रावणले कारन पुछ्न लागिग्यो ।
सीता रानी की अडीया लयाइ धेकी
लाग्यो हासो भणी कुरा सीकाइछ ।

३.७.३.४. राजनैतिक विषयका गीत :-

स्वदेश वा विदेशमा प्रचलित समसामयिक राजनीती, राजनैतिक पाटी, राजनीती गर्ने नेताहरु, उच्चपदस्थ राजनैतिक व्यक्तित्वहरुका बारेमा प्रकाशन गर्ने गीतलाई राजनैतिक गीत भनिन्छ । यसमा समसमयिक राजनैतिक घटनाक्रम र नेताहरुलाई ब्यङ्ग गर्ने गरिन्छ । नेताहरुले पनि चुनावको प्रचार प्रसारसमेत गीतको

माध्ययमबाट गर्ने र पोष्टर पम्पलेट तथा अपिलहरु पनि गीतको माध्ययमा बनाउँने गरेको पाईन्छ ।

नेता उसाइ कुरा उसाइ काम पनि उसाइछन् ।
तन नेता है त धेरै निका घरका मुसाइ छन् ।

३.७.३.५. प्रेम सम्बन्धी गीत :-

डेउँडा गीत प्रेम प्रेमीका वीचको आत्मामा रहेको माया प्रेमलाई अभिव्यक्त गर्ने माध्यम हो । सटिक ढंगमा मुटुभित्र गुम्सिएर रहेका प्रेम भावनालाई आफ्ना मायालुसंग सम्प्रेषण गर्न पाउँदा ती प्रेमी प्रेमीकाहरु डेउँडा गीतलाई धेरै मन पराउँछन् । यस्ता माया प्रेमका डेउडा गीतहरुमा लोग्ने स्वास्नीका वीचमा हुने प्रेम, साली भिना वीचमा हुने प्रेम, भावनामका गीत पर्दछन् । श्रीमान श्रीमतीमा गहिरो प्रेम रहेको हुन्छ । मनोञ्जन गर्ने क्रममा पनि डेउडा गीत जान्ने दम्पत्तीहरु छन् भने गीतमा नै कुरा कानी गर्दछन् जस्तै एउटा परिवारमा श्रीमान् श्रीमतीमा सामान्य झगडाका कारण एक अर्कामा नबोल्ने गर्दछन् तर खाना खाँदा श्रीमतीले लोग्नेलाई बोलाएर खाना खान भन्दा गीतमा यसरी भन्छे ।

डडेल्धुरा रन्या खन्या बैतडी हो जिल्ला ।
भात पाकीग्यो चिसो भैग्यो भण्णै कन विल्ला ॥
तइँले भणी मैले माण्या बैतडी मेरो जिल्ला ।
खन्या बाटो केइ नाई राखी भण्यो भण्णै विल्ला ॥

यसरी विल्ला मार्फत भएको श्रीमान् श्रीमतीको संवाद मार्मिक छ । यस्तै अगाध माया ममता हुँदा हुदैपनि विछडीनुपर्दा मनमा परेका चोटहरुलाई पनि गीत मार्फत व्यक्त गर्दछन् ।

हराभरा रन बन बसन्तको बेला
मन पडेको माया जाल मूलाई कैले देला ।
यिन सबै पञ्जावी हुन्की लाईटर जलउँन्या

माया होइकी मायालुहोइ हाडमासु गलउँन्या ।

३.७.३.६. श्रम सम्बन्धी गीत :-

काम गर्दा गर्दै थाकेको अवस्थामा मनमा प्रफुल्लता आएको समयमा कामदारहरु कामसंगै केही गीतहरु ग ३८ सलाई श्रम गीत भनिन्छ । यस्ता गीतहरुमा गाईभैंसी चराउँदाका गीत व गीत रोपाई गर्दाका गीत वा असारे गीत घाँस दाउराका गीत र धान काट्दाका गीतआदि पर्दछन्

भैसी चराउँदा :-

लेक फुल्यो लाली गुँरास खोली फुल्यो प्याउँली ।
मान्छे माइको मै बैरागी चडी माइको न्याउँली ॥

रोपाई गर्दा :-

सुक्या धान घरै रैग्या, बुरला काटीग्या ।
दिन गणौ कि मैना गणौ आफन्त छुटीग्या ॥

घाँस काट्दा :-

उब खोली घास गयौं सिण्णाकी झल्मली ।
आधामा माया जाल छुट्यो जोड्नाकी कल्मली ॥

धान काट्दा :-

असौज धान काट्न्या गडा, दन्का मेरी आँसी ।
हिडुकी जोगीका साथ घरबार की फाँसी ॥

३.७.४. भाषाका आधारमा :-

साहित्यको मुटुनै भाषा भएकाले लोकसाहित्य जनसाधारणको साहित्य भएकाले यसमा प्रयोग भएको भाषा पनि जनसाधारणको भाषानै हुन्छ । डेउडा गीत पनि बढी जसो डोटेली भाषमा नै हुन्छ भने केही मात्रामा अन्य भाषाका शब्दहरु पनि रहन्छन् । भाषाको अधारामा डेउडा गीतलाई निम्नानुसार दुईभागमा बाड्न सकिन्छ ।

३.७.४.१. स्थानीय भाषा प्रयोगका गीत :-

डेउडा गीत स्थानीय भाषामा गाइने लोक साहित्यिक विधा हो । डेउडामा प्रयोग हुनेभाषा गाउँ पिच्छे फरक हुन सक्छ । यस्ता प्रचलन रहेको क्षेत्र कर्णालीदेखि

पश्चिमा नेपाली भाषाका भाषिकाहरु मझाली ओरपश्चिमा, मझपश्चिमा, र परपश्चिमा बर्गहरु पर्दछन् । यसकारण डेउडा गीतमा पनि भाषिका प्रयोगका आधारमा विविधता आउनु स्वभाविकै हो । भाषिक प्रयोगमा विविधता भएका कारण नै एउटै सन्देश र संरचना भएको गीतमा पनि फरक फरक शब्द पाउँन सकिन्छ । तर धेरै जसो यस्ता गीतहरु स्थानीय भाषामा नै हुन्छन् ।

भात पका पण्डित बज्या, पटुका फोएर ।
दिन काटौ सुर्जलाई हेरी रात काटौ रोएर ॥

३.७.४.२. अन्य तत्सम आगन्तुक शब्द प्रयोगका गीत :-

डेउडा विशुद्ध स्थानीय भाषामा गाइने गीत भएतापनि यसमा लय सन्दर्भ र अन्त्यानुप्रास मिलाएर तत्तकाल रचना गर्नु पर्ने भएकोले र केही शिक्षित मान्छेहरु स्थान बाहिर बस्ने हुनाले र केही व्यक्तिहरु प्रयोग गर्ने भाषामा नेपाली संस्कृति लगायतका अन्य भाषाको पनि प्रयोग हुन्छ ।

कण्ठ शोभा शुसिल बोली हस्त शोभा दान ।
चक्षु शोभा राम्रो दृश्य कान्को शोभा ज्ञान ॥

३.७.५. रसको आधारमा :-

डेउडा गीत पनि एक साहित्य हो । साहित्यमा रस हुन्छ रस विनाको साहितय प्राणहीन हुन्छ । रस भन्नाले आन्तिरिक भावनालाई बुझाउँछ । डेउडामा पनि विभिन्न रस हुन्छन् । रसको आधारमा डेउडा गीतलाई यसरी विभाजन गर्न सकिन्छ ।

३.७.५.१. श्रृङ्गार रस सम्बन्धी गीत :-

प्रेमी प्रेमिकाको आन्तरिक आत्मामा रहेको प्रेम भावनालाई अभिव्यक्त गर्ने डेउडा गीतलाई श्रृगार रका डेउडा गीत भनिन्छ । श्रृंगार रसपनि विप्रलम्भ श्रृंगार र शम्भोग श्रृंगार गरी दुई किसिमका हुन्छन् । जस्तै

**विप्रलम्भ श्रृङ्गार :-**

सुतन्या विस्तारा मणि हातकी घडी रै ।
का मेरो माया जाल रयो का मैना चाडीरै ॥
गाडी राम्रो प्रहरीको मनसुरी चुनाले ।
हड्डीको खतम भयो घर सम्झी रुनाले

**म्भोग श्रृङ्गार :-**



रन बन बीन्नरा बन हार्त ञ्च ।
मेरो माया राखी राखे दुइ चुचीका बिच ॥
यो बानर त याँ को होइन पाल्पा पल्तीरको ।
गौं भाचित तैले भोंचि मै त मल्तीरको ॥

३.७.५.२. करुणरस संग सम्बन्धी गीत :-

कसैको दुःखमा सम्बेदना प्रकट गर्नु नै करुणरस हो । डेउडा गीतमा पनि करुण रस हुन्छ । जस्तैः-

छोरा खान्या पान सुपारी, विदेशतिर जानु ।
छोरीका जरमना हैत गर्भै मरी जानु ॥
हातै आसी हातै जेउँडो बनकी बनारीका ।
म कसै न धेग्दु इजु तेरी अनारीका ॥

३.७.५.३ शान्तरस सम्बन्धी गीत :-

शान्त रहना वा धैर्य धारण गर्न, उपदेश दिने भावनाले मुछिएको रस शान्त रस हो । जस्तै :-

भात पकाउँन्या तामा तौली पस्कन्या पसेरी ।
नै पैसा नै मिल्ली छुट्टी घर जाउँ कसरी ॥
एक बैरी पन्जावी सेठ दोस्रो बैरी रीन ।
तेस्रो बैरी माया जाल चौथो बैरी नीन ॥

३.७.५.४. वीर रस सम्बन्धी गीत :-

जहाँ वीरत्वको बर्णन भएको हुन्छ वीरताको भावना मुखरित रसलाई बीर रस भनिन्छ । डेउडा गीतमा बीर रस रहेको हुन्छ ।

सूर्यको उदय भयो, घाम तापन्याभ्या ताप ।
नान्का तिनका भुरेमुरे मसंग नलाग ॥

३.७.५.५. अद्‌भूत रस सम्बन्धी गीत :-

डर तथा त्रास देखाउने भावनालाई अद्‌भूत रस भनिन्छ । अद्‌भूत रसले युक्त भएका डेउडा गीत पनि पाइन्छन् ।

दुई सर्प लडन लाग्या, अछाम काली कुवा ।
जंगल है बाघ आयो तँ भगीजा सुवा ॥

८.३. डेउडा गीतका विशेषताहरु :-

डेउडा गीत आफैमा स्वतन्त्र छ । यसका विशेषताहरु विविध छन् । प्रमुख रुपमा लोकसाहित्यको विषेशता नै छोटो वाक्य र श्रुतिमधुर सम्बेदना उत्पीडन र वेदनाले वेथित हृदयका मर्महरुको मार्मिक चित्रण गरेर श्रोताहरुको हृदय स्पर्श गर्न सक्षम हुने हो । यतिमात्र होइन डेउडा गीत आफैमा पूर्ण छ । यसका कतिपय विशेषताहरु सिंगै लोकसाहित्यका विशेषतासंग समानता राख्न पुग्दछन् । यो अस्वाभाविक पनि होईन । डेउडा गीतका केही मूलभुत विशेषताहरु यस प्रकार छन् ।

३.८.१. सहज उपलब्धि :-

डेउडा गीत जुनसुकै बखतमा पनि सल्लल बग्न सक्दछ । आशु प्रतिभाका लागि डेउडा कथ्नु कुनै कठिन पर्दैन । चाहेको बखतमा चाहे जस्तो गीत गाइदिन्छन । डेउडा गायकहरुले गीतको गेडा भुइमा पर्न नपाउँदैं यसै भाकामा प्रत्युत्तरमा गीतको प्रबाह बनाइदिन्छन् । यसरी डेउडा गीत आँशु प्रतिभाका सहज उपलब्धि हुन नै यसको प्रमुख विशेषता हो । यो भावुक हृदयमा स्वतःस्फूरण यसरी हुन्छ ।

रेल गाडी बाइजान लागि दिल्ली टु पन्जाब ।

परानीको आशा छैन खुस्कन्छ कन्ज्याब ॥

३.८.२. मौखिक परम्परा :-

डेउडा गीतको अर्को दोस्रो विशेषता मौखिक परम्परा हो । यो अशिक्षित समाजमा जन्मने हुर्कने भएकाले यो लिखित रुपमा हुँदैन् । भावुक हृदयबाट डेउडा गीत स्वतः स्फूरण हुन्छ र समाजमा अलिखितरुपमा प्रचार प्रसार भएर जान्छ । डेउडा गीत एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक पुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा, मौखिक रुपमा सर्दै जनसाधारणको मौखिक परम्पराको रुपमा रहेको देखिन्छ ।

३.८.३. आकृतिमता :-

स्वतःस्फूपरिष्कृत मस्तिस्क को उपज भएकोले डेउडा गीतमा बोक्रेपनको गन्ध पाइदैन । मनको बह स्वतःस्फुरण हुने हुँदा बढाइ चढाइ तथा छाँट काँट गर्ने समय गीतेरुले गर्न पाउँदैन अतः आन्तरिक हृदयको चोखो उद्‌गार यसमा प्रष्ट देखिन्छ ।

३.८.४. स्वच्छन्दता :-

डेउडा गीत स्वच्छन्द हुन्छ । यो आफ्नै भाव धारामा सलल्ल बगिदिन्छ । गीतेरु पुर्वाग्रहरहित हुन्छ । गायक आफ्नो भावनात्मक उद्‌गार स्वच्छन्दरुपले व्यक्त गर्नसक्छ । अतः डेउडा गीतको एक अर्को विशेषता स्वच्छन्दता हो ।

३.८.५. सामूहिक भाव भूमि :-

डेउडा गीतलाई सामूहिक भाव भूमिको उपजको रुपमा लिईन्छ । डेउडा गीत सामूहिकतामा ज्यादा रम्दछ । कुनैपनि समाजमा डेउडा गीतको जन्म सामूहिकताको रुपमा हुन्छ । त्यसैले यसमा एक व्यक्तिको मात्र नभएर सामूहिक उत्तरदायित्व हुन्छ । यसको रचयिता एक व्यक्ति विशेषलाई मान्न सकिदैन । सिंगो समाजलाई नै रचना गरिएको मानिन्छ । यसले प्रकट गर्ने भाव पनि कुनै एउटा व्यक्ति विशेषको नभएर सिंगो सामाजिक विषय वस्तुमा आधारित हुन्छ ।

### ३.८.६. उपदेशात्मकता :-

डेउडाको विशेषतामा उपदेशात्मकता पनि एक हो डोटेली लोकगीतले समाजलाई कुनै कुनै रुपमा उपदेश दिइएको हुन्छ। कुनै कुनै डेउडा गीत त उपदेश प्रधान हुने गर्दछन् ।

बर्ष छोटा बयस्कका दिन छोटा पुसका ।
भारी बोकी पैसा खानु नखानु घुसका ॥

### ३.८.७. प्रश्नोत्तर प्रवृति :-

डेउडा गीत लोग्ने-स्वस्नी, प्रेम-प्रेमिका पक्ष-विपक्षको संवाद तथा उद्‌गार, हास-परिहास, हाँसो, ठट्टा गर्ने माध्ययम भएकाले दुइ पक्षबाट प्रश्नोउत्तरका रुपमा गीतको सृजना हुन्छ। भावुक युवा युवती आफ्नो अन्तस्करणको हृदयमा सल्बलाएका माया प्रीतिका उद्‌गारहरु डेउडाबाटै प्रश्न र उत्तरमा पोख्दछन् । यस्तो गीतलाई झिंटा भन्दछन्। जस्तैः-

प्रश्न :- पातलकी घाँस काटनेइ गहुँ क्या की भाँच्ची है।
त्यो तेरो भरियो जोवन कै कीलाई साच्ची है ॥
उत्तर :- घाँस काट्या हौं, गौनाई भाच्चौ चलउँरे गाइकी लाई।
यो मेरो भरियो जोवन, हजुरका भाइकी लाई ॥

### ३.८.८. संगीतमयता :-

डेउडा गीत सारै संगीतमय हुन्छ । यसलाई बाध्य बादनको पनि खास आवश्यकता देखिदैन । मादल मुरली, हार्मोनियम जस्ता सामान्य बाद्य बादन कुनै कुनै डोटेली लोकगीतमा प्रयोग भएतापनि धेरै जसो गीत बाद्य बादनविना नै संगीतमय हुन्छन्।

### ३.८.९. प्रतिकात्मकता :-

डेउडा गीतको एक अर्को विशेषता प्रतिकात्मकता हो  जसमा कुनै एक कुरालाई दर्शाउन अर्को बस्तुलाई प्रतीकको रुपमा प्रयोग गरिन्छ। डेउडामा प्रतीकको प्रयोग सफल रुपमा गरिएको हुन्छ । कसैले पनि आफ्नो प्रीय प्यारो मित्र वा साथीलाई फूलको रुपमा कडा बस्तुलाई फलामको रुपमा बरालेको मनलाई उड्ने चरीको रुपमा आदि जस्तो प्रतीक राखेर ब्यक्त गर्नेचलन छ।

३.८.१०. लयात्मकता :-

लयात्मक अभिव्यक्तिनै डेउडा गीतको मुटु हो । लय विनाको डेउडा गीत प्राणहीन हुन्छ । संवेद स्वरमा लय पूर्वक गरिएको गायनले कति निरस गीतलाई आर्कषक र मिठासपूर्ण बनाई दिन्छ। लय मा लय मिलाएर युवा युवतीहरु गीतको भाका झिक्न थाल्छन् । अनि लय अनुसार ह्स्वलाई दीर्घ र दीर्घलाई ह्रस्व स्वर हलन्तलाई अजन्त र अजन्तलाई हलन्त गरिएको संवेदको लय पूर्ण गायनले श्रोतालाई आनन्दको महासागरमा डुबाइदिन्छ। यही विशेषताले गर्दा डेउडा गीतको व्यापकतामा बृद्धि हुदै गएको छ।

**निष्कर्ष :-**

सुदूर पश्चिम र मध्यपश्चिमको लोक संस्कृति र साहित्यको एउटा पाटो डेउडा हो। जुन प्रत्येक डेउडा प्रेमीहरुको जिब्रो जिब्रोमा झुण्डिएको हुन्छ। डेउडा शब्दको शाब्दिक अर्थ टेडो बाङ्गो वा छड्के भन्ने हुन्छ। डेउडा खेल्दा पैतालो वा पादपंक्ति डेढी वा छड्के पर्ने र गाउँदा पनि डेढ पटक गाइने भएकाले यसलाई डेउडा भनिएको हुनसक्ने अनुमान गर्न सकिन्छ। डेउडा गीत बन्नका लागि दुइवटा गीतिमय चरणको आवश्यकता पर्दछ । मानिसको मनोञ्जनका लागि लोकसाहित्य त्यसमा पनि डेउडा गीतको महत्व विमारीका लागि औषधी जस्तै छ। दिनभरी काम गरेर थाकेको शरीर साथी संगती संग बसेर डेउडा गीत गाएर खेल खेल्दा थकाइ पनि मेटिने र विचार पनि आदानप्रदान भई आनन्दानुभूति हुन्छ।

डेउडा गीतमा प्राकृतिक प्रवाह र स्वतन्त्र मौलिकता रहेको हुन्छ । यसमा भाषाको मूल श्रोत स्थानीय प्रकृति विविध हृदयका भावांकुर नानारस निश्चल

हृदयका स्वच्छ विचार एवं प्रकार सहृदयगम्य प्रकृति र मनोहर लोकसाहित्यको प्रवाह यसमा पाईन्छ । विभिन्न संस्कार एवं उत्सवहरुमा गीत रोकी नसक्दा मुल फुट्छन् । जसको कारण गीत सुन्न बसेका बूढा पाकाहरु पनि खेल खेल्न उत्साहित हुन्छन् ।

४.१. बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतको परिचय :-

डेउडा शब्द संस्कृतको देउ र दुरापबाट देउ दुरा हुदै ड्यौडा , डेउडा भएको हो ।[२२] डेउडा भन्दा गायन र खेल दुबैलाई जनाउँछ । डोटेली लोक जीवनमा डेउडाको महत्व सर्वाधिक रहेके छ । लोकसाहित्यका अन्य विधामा सबभन्दा बढी प्रयोग हुने र धेरै जनसाधारण तथा जो सुकै व्यक्तिका भावनात्मक हृदयमा निवास गर्ने गायन खेल वा नृत्य डेउडा गीत हो । डेउडालाई केही व्यक्तिहरुले गायन र नृत्य भन्ने गरेका छन् । गायन त हो नै नृत्य भन्ने प्रसंग भन्दा यसलाई खेल भन्न उपयुक्त हुन्छ । यस खेलमा नृत्य झै अनेक किसिमका अभिनय नभएर एकै किसिमको पदचालन र जीउ हल्लाउने बाहेक अन्य नृत्यगत विशेषता देखिदैन । विभिन्न पर्व मेला पात र जीवन संस्कारका समयमा प्राय: लोग्ने मानिस र महिलाको अलग अलग समूहमा हातमा हात मिलाई ठुलो घेरा बनाएर हल्लिदै पादतल मिलाउदै र स्वरमा स्वर मिलाउँदै गीत गाउँदै बांयाबाट दाँयातिर एकनासले एक कदम पूरा र एक कदम आधा सर्दै अघि बढ्छन् । डेउडा गीतलाई प्रयोगमा ल्याउन समूह नै हुनु पर्छ भन्ने कुनै बाध्ययता छैन । यसको प्रस्तुति एक्लै पनि हुन सक्छ दुबैले मात्रपनि गीत गाउन सक्छन् भने धेरैले पनि यसमा भाग लिन सक्छन् । यस्तो गीत जुनसुकै समयमा जहाँ पनि प्रयोग गर्न सकिन्छ । गीत गाउँदा कुनै थेगोको प्रयोग पनि गरिन्छ । थेगो प्रयोगलाई स्थानीय भाषामा भाका भनिन्छ । केही गीतहरु थेगो प्रयोग नगरेर पनि गाईन्छ यस्तो गीतलाई ठाडी भाका भनिन्छ । यस क्षेत्रका डेउडा गीत चाडपर्व धार्मिक अनुष्ठान तथा जीवन संस्कारका कार्य देखिलिएर सामान्य कुराकानी गर्दा पनि प्रयोग गरिन्छ । यहाँको जन जीवनमा डेउडा गीत

भिजी सकेको छ । प्रत्येक वनजंगलमा डेउडा गीत गुन्जिन्छन् र प्रत्येक खोलानालाले यसमा संगीत भरेका छन् ।

उत्कृष्ठ साहित्य जहिलेपनि सक्कली हुन्छ । सक्कली साहित्य जनताको मुटुको स्पन्दनबाट निस्केको हुन्छ ।[२३] यस्तै डेउडा गीत पनि यस क्षेत्रका जनताको मुटुको स्पन्दन नै हुन् । यी गीतहरुमा धेरै चिन्तन मनन् गर्नु पर्ने आवश्यता देखिदैन । मुटुमा एक किसिमको भाव उत्पन्न हुने वित्तिकै आफै उत्पन्न भई हाल्छ । लोक जनमानसका स्वतः स्फूर्त अभिव्यक्तिले लयात्मक रुप लइ डोटेली भाषामा प्रकट हुँदा डेउडा गीत पुरा हुन्छ । यसमा लोक जीवनका आशा निराशा दुःख सुख, आँसु हाँसोका साथै विधि व्यावहार चाल चलन आस्था र मान्यताको चित्रण भएको हुन्छ । यसमा मानव हृदयका प्रेम करुण हर्ष, पिंडाका अभिव्यक्ति भएका हुन्छन् । यिनै मार्मिक अभिव्यक्तिहरु गीत गाउने र सुन्नेका आत्मालाई रसमय बनाउँछन् । यसको प्रभावले व्यक्ति आफ्ना दुख-सुख, रोग-भोगसमेत विर्सन्छ । गीतकै लयात्मक्ता भित्र हराउँछ । डेउडा गीतहरु समाजमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका छन् तर कुनै व्यक्तिले यसको सृजना गर्दा आफ्नो ठानेर मौलिकता समेत थपेर अभिव्यक्त गर्ने गर्दछन् । लोकसाहित्य समाजको ऐना हो भने झैं डेउडामा पनि भेष-भूषा, चाड-पर्व, जीवन-संस्कार, बानी-व्यवहार र धार्मिक मान्यताका साथै प्रकृतिको मानविय तस्वीर खिचिएको हुन्छ ।

### ४.२. बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतको वर्गीकरण :-

डोटेली लोकसाहित्यको फाँटमा डेउडा गीत ज्यादै प्रचलित विधा हो । पुरापूर्व कालदेखि नै मौखिक परम्परामा एक अर्कामा हस्तान्तरित हुँदै आएको र गाउँ-गाउँ, घर-घर र व्यक्ति-व्यक्तिका हृदयमा डेउडा गीतले बास गर्दै आएकाले यसको भण्डार ज्यादै सम्बृद्धशाली हुँदै आएको छ । पहिलाका सवै गीतहरु लिपिवद्ध नभएको कारण अहिले तिनीहरुलाई भेटाउन सकिदैन । जसको कारण यसको बर्गीकरण र विभाजन ठ्याम्मै गर्न सकिदैन । यो समयको प्रभावमा निरन्तर बगिरहने परिवर्तनशील मुख मुखैमा रचित र वितरित एक स्वच्छ लयात्मक अभिब्यक्ति हो । हाम्रो मनमष्तिस्कसंग यसको यति सम्बन्ध छ कि साधारण बोलीचालीका कुराहरु गीतको भाकामा निस्कन थाल्दछन् । यस्तो वृहद आयाम भएको डेउडा गीतको सबै अनुसन्धान हुनपनि असम्भव भएको अवस्थामा सिंगो डेउडा गीतको वर्गीकरण गनुखोज्नु आकाशका तार

श्रोत :

२२. विजय चालिसे, डोटेली लोक संस्कृति र साहित्य, साझा प्रकाशन, २०३९, पृष्ठ संख्या ८३-९८ सम्म

२३. ऐजन

गन्नु समान हुन जान्छ । धेरै जसो डेउडाको अध्ययनमा कलम चलाउने ब्यक्तिहरुले यसलाई विषयवस्तुको आधारमा मात्र बर्गीकरण गर्न खोजिएको छ ।

यस अनुसन्धानबाट प्राप्त भएअनुसार बैतडी पाटन क्षेत्रका डेउडा गीतलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

१. विषय वस्तुका अधारमा
२. प्रस्तुतिका आधारमा
३. रसका आधारमा
४. लय वा भाकाका आधारमा

४.२.१. विषय वस्तुका आधारमा :-

डेउडा गीतमा गीतकारले दिन खोजेको संदेश वा भाव नै त्यसको विषयवस्तु हुन्छ । प्रत्येक स्रष्टाको जीवन जगत  एक विशिष्ठ दृष्टि चाहिन्छ । यही स्रष्टाको दृष्टिकोण नै यस कथनको तु भएर आउछ । विषय वस्तुका आधारमा माया प्रेम तथा सामाजिक चाल चलन, धार्मिक परम्परा, ऐतिहासिक कथन र उपदेशात्मक डेउडा गीतहरु रहेका छन् । यसको छोटकरीमा तल यसरी चर्चा गरिन्छ ।

४.२.१.१. प्रेम प्रधान डेउडा गीत :-

डेउडा गीतको प्रमुख विषय वस्तु भनेको माया प्रेम हो भन्नुनै युक्तिसंगत देखिन्छ । माया प्रेम खास गरी युवा युवतीको अगाध मायालाई नै प्रस्फुटित गर्ने खालको हुन्छ भने सामन्यतया स्थान प्रेम, पारिवारिक प्रेम आदि विषयमा माया प्रेम प्रकट हुन्छ प्रेम शारीरिक परिप्रेक्षमा मात्र नभएर आत्मिक प्रेम हुनु पर्दछ भन्ने धारण राख्दै प्रेमी प्रेमिकाहरु गीतमा यसरी व्यक्त गर्दछन ।

लेख्द्याभ्या बैदारका घर भ्रा, घोक्याभ्या कासी भ्रा ।
फर्की फर्की क्याइ हेरन्छइ, मुसुक्क हाँसी भ्रा ॥
टलक्क टल्कन लाग्यो धान काट्याको सेरो ।
जन्मजुक रन्या हो की पिर्ता तेरो मेरो ॥

भमौरी भुन भुन फुल मौरी मह मह ।
जा झान्छेइ रंगकी धनी वाइ छ चह चह ॥
मन मिलेका पिरतीमा जीउ गएलै झान्दे ।
कोखबसी बाँज कलीका गालामा माम खान्दे ॥
स्याउलानीका चिसो पानी चडिले पिएन ।
संग बस्न संगै खेल्न कर्मले दिएन ॥

४.२.१.२. सामाजिक डेउडा गीत :-

समाजमा रहेका विभिन्न परम्परागत मूल्य र मान्यता एवं संस्कृतिलाई झल्काउने भाव भएका गीतलाई सामाजिक जनजीवनमा आधारित गीत भन्न सकिन्छ । त्याहाँको भेषभूषा, जात-जाति, परम्परागत मान्यतालाई झल्काउने गीतहरु पर्दछन् ।

हाम्रो समाजमा दलितलाई हेप्ने [illegible] छ । दलितहरुले माथिल्लो मान्छेसंग छुन नहुने कुरालाई प्रस्ट्याउन तलको [illegible] योग गरेको छ ।



उइ पनि भुलकी छोरी, उइपनि चामान्नी ।
इतना लस्कर माझ मै मातरइ छु भन्नी ॥

यस्तै गरी हाम्रो समाजमा पुरुषले स्त्रीलाई होच्याउने चलन पनि नभएको होईन । महिलाले रजोवती हुदाँ उसले कसैलाई छुन नहुने, सार्वजनिक तथा धार्मिक स्थलमा जान नहुने जस्ता कुरालाई पनि डेउडा गीतमा उतार्ने गरेको पाइन्छ ।

अगी सोद्दा विसरीग्या, खाइ है की भोकी है ।
यो त हो देउताको स्थान, छाउ है की चोखी है ॥

यहाँका भेष-भुषा र गर गहना सम्बन्धमा पनि गीतमा बर्णन भएको पाईन्छ ।

कान राम्रा तोल हात राम्रा बाला ।

टाटुमा टल्कन लागि चौअन्नीकी माला ॥
मनको वैरी माया जाल धनको वैरी रीन ।
उभो चोलो मखमल, उदो भोटो जीन ॥

४.२.१.३. धर्म प्रधान डेउडा गीत :-

धार्मिक भाव धारालाई साथ लिई सलल्ल बगेको डेउडा गीतहरु समाजमा प्रशस्त मात्रामा पाईन्छ । हाम्रो बैतडी पाटन क्षेत्रमापनि धार्मिक कार्यमा विश्वास राख्ने चलन धेरै छन् । धार्मिक कार्यमा लाग्न वा धार्मिक उपदेश दिनको लागि पनि डेउडा गीत भन्ने गरिन्छ ।

ऋद्दि सिद्दि सर्वत्र श्री गणेश जन्म भयो ।
सुन्दर बालक दर्शनको अहोभाग्य पायो ॥
श्री गणेशाय नमः महामन्त्र जप्न पायो ।
ब्रम्हा विष्णु, इन्द्रादीलाई आधार शक्ति आयो ॥

४.२.१.४. ऐतिहासिक डेउडा गीत :-

राष्ट्रोत्थानको नाममा  समर्पित राष्ट्रिय व्यक्तित्वको महिमामा  अधारित अथवा इतिहाससंग सम्बन्धित घटनाक्रम व्यक्ति विशेषलाई लिएर संगीतबद्ध भएका डेउडा गीतहरु ऐतिहासिक गीत हुन् । ऐतिहासिक तथ्यसंग यी गीतहरु पूरै नमिले पनि इतिहासको छनक भने रहेकै हुन्छ । ऐतिहासिक गीतहरु घटनापरक र किंवदन्तीमूलक पनि हुने गर्दछन् । जस्तै :-

दरशथ चन्द्र नाम रह्याको, सबैले कह्याको ।
प्राणको आहुती दिये, देशको नाम राख्याको ॥
शान्तिका अग्रदूत गौतम वुद्ध जन्म्या ।
शान्तिका उपदेश दिदै जंगलमा तपास्या ॥

ऐतिहासिक घटनाक्रमको अध्ययन गर्दा २००७ सालमा प्रजातन्त्रको उदय भएपछि नेपाली जनाताले शान्तिको सास फेर्दै आफ्ना धारणा यसरी व्यक्त गरेका थिए ।

सातसाल फागुनका महिना प्रजातन्त्र आयो ।
नेपाली जनमानसले शान्तिको श्वास पायो ॥
राष्ट्रसेवी भन्या मान्छे खान्या धेरै घुस ।
मन्त्री मण्डल खारिज भयो सत्र साल पुस ॥

४.२.१.५. पौराणिक डेउडा गीत :-

महाभारत रामायण जस्ता आर्ष ग्रथका आख्यान उपाख्यान, कृष्ण चरित्रजस्ता पौराणिक ग्रन्थबाट विषय बस्तु लिएर रचिएका गीतहरुलाई पौराणिक गीत भनिन्छ । उदाहरणको लागि रामायणको विषयवस्तुमा आधारित गीत यस प्रकार छन् ।

अयोध्यामा राज्य गर्ने दशरथमात्र थिया ।
दशरथकी तीन रानीका चार छोरा भया ॥
दशरथकी बसनेयी गद्दी भरतलाई सऱ्यो ।
बुवाज्यूका वचनले वन जानु पऱ्यो ॥

यसमा अयोध्याका राजा दशरथकी तीन रानीबाट चार छोरा भए । जेठा छोरा रामचन्द्रले वन जानुपर्दा राज्यभार भारतमा गएको माथिका डेउडा गीतमा प्रष्टपारिएको छ । यस्तै गीताको दशौ अध्ययमा भगवान कृष्णको मुखारविन्दबाट मर्जिभएका देवीका वाणीलाई यसरी उतारीएको छ ।

देवतामा इन्द्र मै हुँ वेदमा साम मै हुँ ।
शास्त्रधारी पुरुषमा नरेश राम हुँ ॥
पंक्षीमा गरुडमा मै हुँ मुनीमा कपिल ।
आठ बसुमा अग्नी मै हुँ वृक्षमा पीपल ॥
एरावता हात्ती मै हुँ वेद व्यासमा मुनी ।
मान्छेको माझमा मेरो हुन्छ मान्छे जुनी ॥

### ४.२.१.६. प्रगतीवादी डेउडा गीत :-

समाजका सामान्ती तथा शोषक वर्गबाट पीडित तथा ठुलाबडा वर्गबाट ताडित भएका र आफुमाथी भएका अन्याय अत्याचारलाई उजागर गर्न व्यक्त भएका डेउडा गीतलाई प्रगतीवादी गीतमा राखीएको छ । हाम्रो समाजमा जाति-पाति ठूलो-सानो, धनी निर्धनका वीचमा विभिन्न अन्याय र अत्याचारहरु रहेका हुन्छन् । गरिव र धनी वीचको अन्तरसंर्घष प्रकट भएको घटनाको एउटा उदाहण हेरौ ।

कसैकी खानाकी छैन कसैका खान्या नाइ ।
कसैका हलबल्ल छैन कसैका बान्या नाइ ॥
नेरु दिना भारु लिना ब्याजको स्याजपनि ।
गाउँ साहु विदेश धान्ना ऋृण उठाउन भनी ॥

### ४.२.१.७. ऋृतु सम्बन्धी गीत :-

प्राकृतिक मौसम दिन महिना वर्षको वर्णन गर्ने गीतलाई ऋृतुसंग सम्बन्धित गीतमा राख्न सकिन्छ । यस्तो गीतमा वन जं[illegible] स्थान समय मौसम आदिको वर्णन भएको हुन्छ । यस्तै वैशाखमा वाली भि[illegible] र जेठमा काफल पाक्ने हुँदा रमाइलो अनुभवहुने कुरालाई गीतमा भनिएका पक्तिहरु निम्न अनुसार छन् ।

बैशाख गौ जौ की लवाई जेठ काफल पाक्या ।
अषाढ जिउला की रोपाई हलि बाउस्या भाग्या ॥

यहाँ उल्लेख भएका बैशाख, जेठ, असार महिना समय हुन् भने काफल पाक्ने प्रकृतिक देन हो । रोपाई सयानुसार हुने काम हो । यी सबैको संठनात्मक स्वरुप ऋृतु वर्णन हो ।

### ४.२.१.८. उपदेशात्मक डेउडा गीत :-

केही डेउडा गीत अर्ती र उपदेशात्मक खालका हुन्छन् । राष्ट्रसेवीहरुलाई घुस नखानु बरु कडा परिश्रम गर्नु भन्ने उपदेश भएको गीत निम्नानुसार छ ।

हक नलाग्ने जिमी जग्गा भोग नालाग्न्या धन ।
पछाडी पछुतो होला नडुलानु मन ॥
धन पैसा अंगको मैल, इज्जत नै हो ठूलो ।
एक आफ्नो बेज्जती हुन्या एक आँखाको फुलो ॥

४.२.२. प्रस्तुतिका आधारमा :-

प्रस्तुतिकरण भनेको डेउडा गीतको प्रयोगिक पक्ष हो । डेउडा प्रस्तुत हुने शैली वा प्रयोग हुने तरिका नै यसको प्रस्तुतिकरणको माध्यम हो । प्रस्तुतिकरणका आधारमा डेउडा गीतलाई निम्न उप-शीर्षकमा विभाजन गर्न सकिन्छ ।

४.२.२.१. एकल गीत :-

एकोहोरो रुपमा गाईने गीतलाई एकल गीत भनिन्छ । यस्ता एकल गीतमा धेरै जसो दु:ख सुखका र अर्तीउपदेशका ि ५२ तुहरु प्रस्फुटित हुने गर्दछन् । एकल गीत प्रायः ठाडी भाकामा गाईने गीत ८। । ५समा दाहोरो प्रसंग हुँदैन । एकोहोरो रुपमा गीत अगाडि बढेको हुन्छ । यस्तो गीतमा सहभागी हुने ब्यक्ति भने एक वा एक भन्दा बढी पनि हुनसक्दछन् । जस्तै :-

हात्तै आँसी हात्तै जेउडो वनकी वनारीका ।
मुइ कसैन धेक्को इजु तेरी अनारीका ॥
बम्बै गाडी बम्बै पुगीगइ म टनकपुरै छु ।
लागि सोराइ लागि रैछ म दूर दूरै छु ॥

यी गीतहरु एकोहोरो रुपमा आफैले आफैमाथि परेको दुखलाई प्रकट गरेका छन् । यहाँ अरु कसैलाई आग्रह वा पूर्वाग्रह गरेको छैन ।

४.२.२.२. दोहरी गीत :-

दुई वा दुई भन्दा बढी व्यक्तिहरु दुई समूहमा विभाजन भई गाउने गीतलाई दोहरी डेउडा गीत भनिन्छ । यस्तो गीतमा खेल भन्दा गायन नै बढी हुन्छ । दुई व्यक्तिका विभिन्न सवाल जवाफ, प्रश्नोत्तर सम्वाद, वाद विवाद, माया प्रेम यस्तो गीतमा आउन सक्छन् । प्रेमीप्रेमिका वीचको प्रसंगलाई तलका पंक्तिहरुले प्रष्ट पार्न सकिन्छ ।

केटा :- न्याउँली चडी गीत गाउँछे हिमालका गाउँमा ।
लैजा मेरो मुटु कलेजो हाल्दे तेरा नाउँमा ॥
केटी :- हजारी फूलको माला रानी वन पाया ।
जीउँ झुराउँने कठै लाडी कै देश है आया ॥
केटा :- भैसालो गलबन्दी भन्छ लाल पगडी खाइ ।
बसी रया निसी झानउ तेरी दगडी खाई
केटी :- डाँडी माईको काफल डाली चडीले हल्लायो ।
लहुऱ्याका झाउँलो भन्थ्यौ बुढाले मल्कायो ॥

४.२.२.३. सामूहिक गीत :-

धेरै व्यक्तिहरु एक आपसमा मिलेर दुइ समूहमा विभाजन भइ खेलीने डेउडा गीतलाई सामूहिक खेल तथा नृत्य भ धेरै व्यक्तहरु गोलबद्ध भई उभिएर सामूहिक रुपमा पालै पालो गरी गीत ग पादतल मिलाई बायाँबाट दायाँ तिर घुम्ने गरिन्छ । यस्तो डेउडामा गायन र नृत्य दुबै हुन्छ । गीत भन्ने टोली नेता एक समुहमा एक जना हुन्छ । पहिला टोली नेताले ठूलो स्वरमा गीतलाई भट्याउँछ र त्यसपछि समूह भित्रका सबैले स्वरमा स्वर मिलाई गीत गाउन थाल्छन् । दुई समूहमा विभक्त हुने भएकाले यसमा संवाद वादविवाद प्रश्नोत्तरआदि गरेर एक अर्कालाई परास्त गर्ने भावना रहेको हुन्छ । वैतडी पाटन क्षेत्रमा दशैको वेला महाअष्ठमीको रात्री पाटनको उदयदेव मन्दिरमा रात्री जात्रा हुन्छ । त्यस दिन गाइएका सामूहिक डेउडा गीतहरु तल समाहित गरिएका छन् ।

क्या त मलाई भण्ण दिय क्या त घर झनौ ।
अइल गऱ्या मेरी खोजी है तमरी खनौ ॥
बुढाइन रमाइलाई छन जेइ भण्या सनै छ ।
अहिलै डिठ पडि साहिलाई मन शान्त हुनैछ ॥
बाल्या सबै ल्याउन्या कोइँनाइ वनका दाउरा वनै ।
मेरा त वेली वटी रइग्या मनका कुरा मनै ॥
बनाया केइकालै हुन्या लकडा झकडा ।
कोइ कोइ बुढा हुन्याइ रयान ज्ञानका तखडा ॥

यस गीतमा पहिला व्यक्ति  बडतोलाका जोशी हुन् भने दोस्रो व्यक्ति भुमेश्वर गा.वि.स. वस्थीका रतनसिह महरा हुन् । यी दुवै वीच प्रश्नोत्तर डेउडा गीत पाटन उदय देव मन्दिरको जात्रामा २०६६/६/१० गते रात्री भएको डेउडा हो ।

४.२.३. रसका आधारमा :-

कुनैपनि साहित्यको अध्ययन वा श्रवणपछि मानिसका मनमा उत्पन्न हुने भावना नै त्यसको रस हो । सामान्यतया रसका ९ प्रकारहरु मानिएका छन् । डेउडा गीतमापनि यी नौ रस रहेका छन् । यिनको छोटो चर्चा र उदाहरण तल प्रस्तुत गरिएको छ ।

४.२.३.१. श्रृंगारिक रसका गीत :-

रतिस्थाई भाव हुने रसलाई श्रृंगार रस भनिन्छ । प्रेमी प्रेमिकाहरुले आफ्नो आत्मीय प्रेमलाई विषय वस्तु वनाई लेखिएका वा गाइएका डेउडा गीतलाई श्रृंगारिक गीत अन्तर्गत राखिन्छ । श्रृंगारिक रसपनि दुई किसीमका हुन्छन् ।

**१. विप्रलम्भ श्रृंगार**

**२. सम्भोग श्रृंगार**

यी दुवैका उदाहारण निम्न अनुसार रहेका छन् ।

भमरी भन भन फूल मौरी मह मह ।
जा झान्छेइ रंगकी धनी वां छ चह चह ॥

रनवन विन्नरावन हात्ति डुब्यो कीच ।
मेरो माया राखी राखे दुइ चुचीका वीच ॥
यो वानर यहाँको होइन पाल्पा पल्तिरको ।
गौ भाँची त तैले भाँची मै त मल्तीरको ॥

माथि उल्लेखित गीतहरुलाई हेर्दा विप्रलम्भ श्रृंगारमा विछडिएका प्रेमी प्रेमीकाको विछोडका दुःख व्यक्त गर्दै छुटेका प्रेमीलाई भेट गर्न आग्रह गरेकाी छन् । प्रेमीले मेरो प्रमीका माथि कसैले आशक्त हुन नहुने र चाँडै भेट गर्ने आशा देखाएको छ । सम्भोग श्रृंगारमा प्रेम प्रेमीकाको समान्य उपस्थिति देखाएको छ र जाडै माया प्रमे गाँस्ने प्रस्ताव राखेका छन् ।

४.२.३.२. वीर रसको गीत :-

जुनसुकै काममा उत्साह तथा वीरता देखाउने रसलाई वीर रस भनिन्छ । वल र शक्तिका कारण वीर रसको उत्पति हुन्छ । डेउडा गीतमापनि यस्ता उत्साहपूर्ण गीत रहेका छन् ।

कै को हो घडाको पानी सारी खाइ हाल्छु ।
अरे अव त म सक्दैनौ डाकोलाइ हाल्छु ॥

४.२.३.३. करुण रस :-

आफन्तहरुको विछोडमा शोक स्थायीभाव भएको रसलाई करुण रस भनिन्छ । डेउडा गीतमा पनि आफन्त जनको विछोड भएपछि मोह स्मृति चिन्ता प्रकट गरिन्छ ।

एक वैरी पंजावको सेठ दोस्रो वैरी रीन ।
तेस्रो वैरी माया जाल चौथो वैरी नीन ॥
दार्चुलाका दर सांगला अस्कोटी आँगला ।
आधारात निन खुलन्छे मन हुन्छ पागल ॥

४.२.३.४. अद्भूत रसका गीत :-

विस्मय स्थायीभाव हुने रसलाई अद्भूतरस भनिन्छ। यसमा अनौठो वस्तु ठाउँ आदि आलम्बन विभाग विस्मय, आस्चर्य, विचित्रताआदि उद्दीपन विभाव आँखा ठूलो हुनु ट्वाल्ल पर्नु पसिनाआउनु अक्क विक्क हुनु अनुभव तथा आवेग  तर्क, जडता चन्चलता, उत्सुक्ता, हर्ष आदि वेभिचारी भाव हुन्।

बाघ आयो जंगलबाट बाखरो खानालाई।
मै की लाई मुस्कील पऱ्यो अव भेट हुनलाई॥

यहाँ बाघ आयो जंगलबाट जस्ता पदावलीले विस्मय उत्पन्न भएकोछ । अन्य पदावली हरु गीत पुरा गर्ने क्रममा मात्र आएका छन्।

४.२.३.५. रौद्ररसका गीत  :-

क्रोध स्थायीभाव हुने रसलाई रौद्ररस भनिन्छ। डेउडा गीतमा पनि रौद्र रसको प्रयोग भएको पाईन्छ । यसमा शत्रु विरोधी विपक्षी आदि आलम्बन विभाग हमला, अगाध, कठोर वोली आदि उद्दीपन विभाव, हतियार उठाउँनु हाँक दिनु आदि अनुभाव तथा उग्रता, आवेग आदि व्यभिचारी भाव हुन् जस्तै :-

यै गडाका पल्तीरैनी भात पकाया डिल्ला।
धेरै कुरा जन गरै जुणी समइ टिल्ला॥

यस गीतमा वक्ता रिसाएको कुरा स्पष्ट छ। धेरै कुरा नगर्नु टुपी समातेर पिट्ने छु भन्ने अभिव्यक्तले रिसाएको थाहापाउन सकिन्छ।

४.२.३.६. हास्य रसका गीत :-

हास वा हासो स्थायीभाव रहने रसलाई हास्य रस भनिन्छ । यसमा हाँसो उठ्दो अनुहार कृयाकलाप र बोली भएको पात्र आदि आलम्बन विभाव विकृत आकार प्रकार रुपरंगआदि उद्दीपन विभाव, आँखाको खुम्च्याई वा चिम्ल्याई अनुभाव आदि व्यभिचारी भाव हुन्। डेउडा गीतमा हाँसो उठ्दा कुराहरु धेरै हुन्छन्। जस्तै :-

मुख हेरु वान्नर जसी आँखा कैला कैला ।
वयस हेरु दुइ पैसाकी कुरा गद्दी बौला ॥
घाटी छन् भालुका जसा जुघाँ हुरौ बाघ ।
विचार जोगीका जसा खाना छन् सराप ॥

४.२.३.७. विभत्स रस :-

घृणा वा जुगुप्सा स्थायीभाव हुने रसलाई विभत्स रस भनिन्छ । घिन लाग्ने वा दुर्गन्धित प्राणी बस्तु, ठाउँ आदि आलम्वन विभाव, दुर्गन्धित विकृति उद्दीपन विभाव, नाक थुन्नु वा खुम्च्याउनु, थुक्नु आदि वेभिचारी भाव हुन् । यस क्षेत्रका गीतमा पनि यस्ता घिन लाग्दा कुरा हुन्छन् । जस्तै :-

बाटामा गई बुढी मरी मुल्कै पुगीकन ।
गाई माता पूज्यमान हुन डीङु खाया जन ॥
उसै गडा हल बल्ल छन् उसै गडा जुछ ।
शाहीत रहडी रैछ ठौर ठौर गु छ ॥

४.२.३.८. भयानाक रसका गीत :-

भय स्थायीभाव हुने रसलाई भयानक रस भनिन्छ । यसमा डरलाग्दा भूत प्रेत, समान, अत्याचारी आदि आलम्बन विभाव डर,त्रास आदि उद्दीपन विभाव कम्पन्न आउनु, स्वर विग्रनु, रौ ठाडो हुनु पसिना आउनु रुनु आदि अनुभाव तथा त्रास आवेग, चिन्ता शंका, आदि व्यभिचारी भाव हुन् । डेउडा गीतमापनि त्रास पूर्ण गीत हुन्छन् ।

जता ततै बोल्न लाग्या बन्दुकका गोली ।
केलाई गरी संगी सुवा तसो रुखो वोली ॥
भालु आयो खोलाई खोला लेक कोदो खाईग्यो ।
एक दिनका बर्षाद ले जम्माइ खेत लैग्यो ॥

४.२.३.९. शान्तरसका गीत :-

सम वा निर्वेद स्थायीभाव हुने रसलाई शान्त रस भनिन्छ । यसमा अनित्य संसार बैराग्य भाव, तत्व ज्ञान आदि आलम्वन विभाव, सत्संग तिर्थ, शास्त्र चिन्तन, नितिशिक्षा, ईश्वर दर्शन, उद्दीपन विभाव त्याग, रोमाञ्च भीरुता आदि अनुभाव तथा हर्ष, दया, मती, स्मृति आदि व्यभिचारी भाव हुन् । डेउडा गीतमा शान्त रसका गीतहरु धेरै छन् ।

कृष्ण जस्ता गारु ग्वाला राम जस्ता सिकारी ।
युधिष्ठिरको वनवास सुदामा भिकारी ॥

प्रस्तुत गीतले भगवान श्री कृष्णले गाई ग्वाला हुनु रामले राज्य त्यागी वन जानु र सीता हरण हुँदा काल्पनीक मृगको सिकार गर्न थाल्नु युधिष्ठिरले राज्य छोडी वनवास जानु कृष्णका साथी सुदामाले भिकारी हुनु पऱ्यो भने हामी त मानव हौ । विभिन्न दुर्घटना पर्न सक्छन धैर्यधारण गर्न सक्नु पर्दछ भनेर शान्तिको सन्देश दिएका छन् ।

### ४.२.४. लय वा भाकाका आधारमा :-

भाका भनेको एका प्रकरको गीत गाउने शैली हो । गीतलाई लामो तरिकाले गाउँन र बढी मनोरञ्जन थाप्न गीतको बिच बिचमा केही थेगोहरु जोडिन्छ । जसलाई भाका भनिन्छ । भाकाले गीत गाउँनेको स्वरमा मिठास थप्ने काम गर्दछ । भाकालाई लय वा संगीत पनि भन्ने गरेको पाईन्छ । भाकाको आधारमा डेउडा गीतलाई यसरी वर्गीकरण गरिन्छ ।

### ४.२.४.१. ठाडी भाका प्रयोगका गीत :-

गीत गाउदा एकोहोरो रुपमा चर्को स्वरले गाउँने भाकालाई ठाडी भाका भनिन्छ । ठाडी भाका एकल दोहरी वा क पनि हुन सक्छ । सामूहिक रुपमा गाइने भाका चर्को नभएर वीस्तारीत हु मा विस्तारै स्वर घुमाएर लामो पारेर गाइन्छ । ठाडी भाका प्रायः एकल हुने गरेको पाइन्छ । यसमा एक व्यक्तिको दुःख सुख वा विचार व्यक्त भएको हुन्छ । यस्तो भाकामा अघिपछि केही जोडिदैन लेखे जस्तै सिधै पढीन्छ । जस्तै :-

१. मेरा साईका बउला झल्का मुई तिर तक्दैन ।
मायालुको गैलो माया मुई भुल्न सक्दैन ॥
२. उइ उणाउदो मौरी बस्यो ऐसेलु झुलमाई
मौरै छैन बगैचामाई रस छैन फुलमाई

यी गीतहरुलाई सरसरती पढ्दापनि ठाडी भाका उत्पन्न भईहाल्छ । यस्तो भाकामा थेगो आदिको प्रयोग गर्नु हुँदैन ।

४.२.४.२. डेढी भाका प्रयोगका गीत :-

डेउडा गीतको एक हरपलाई एक पटक गाएर फेरी आधा गाउने प्रकृयालाई डेढी भाकामा राख्न सकिन्छ । यस्तो डेढी भाकामा पछिल्लो पदलाई दुईपटक गाएर पहिलो पदलाई पछि एकै पटक गाउने गरिन्छ । जस्तै :-

मेरा फूलका भाँडी मेरा फूलका भाँडी घाम लाग्या ओइलाईजन ।
दिपावली छाडी दिपावली छाडी जन फूल्यै पुसका महिना ॥

४.२.४.३. थेगो प्रयोगका गीत :-

गीत गाउँदा त्यसमा केही स्थानीय अन्तारा जोडेर गाउने प्रकृयालाई थेगो प्रयोग भनिन्छ । यस्तो थेगोहरु सुरुमा वीचमा र अन्त्यमा प्रयोग गरिन्छ । केही थेगोहरु आधा सुरुमा र आधा वीचमा वा अन्त्यमापनि थपिन्छ । जस्तै :-

पाइनीर जनझाइ भोट्या अछाम खोला पाईनीर ।
पाइनीर मुइलाई सुइनो भयो भोट्या पाइनीर ॥
हात सुकीलोइ पात चुकीलोइ सीता वनावास ।
जामीर पेल्याको सर्क बादल मन उदास ॥
हजारी ओइलान्या वेला हिरु लाल ।
पानी छम्कलाकी मेरै माया जाल ॥
बझांगी राजाको सेरो चीउली बाँझ उन केरे केरे ।

क्याइ हेरन्छ्यइ मेरा मुख चउली बाँफ्र प्रीता तेरो मेरो ॥

४.३. बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतको विश्लेषण :-

यस क्षेत्रका डेउडा गीतको विश्लेषण गर्दा प्रस्तुत संकलनसंग सम्बन्धित दुई हरफको एक गीतलाई नै आधार मानी यसको केन्द्र विन्दुमा डेउडा गीतका तत्वहरु शब्द शक्ति र विषय वस्तुलाई लिएर यसको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

डेउडा गीतको संरचनामा भाव विधान, लय विधान छन्द र अन्त्यानुप्रास रहने हुदा यसलाई लेखित वा सिर्जनशिल साहित्यको कविता विधाको नजिकबाट हेर्न सकिन्छ । किनकी भाव लय छन्दहरु कवितामा पनि रहेको पाइन्छ । डेउडा गीतमा रहने यिनै विभिन्न अंगहरु र विषय वस्तुका आधारमा यसको विश्लेषण निम्न शीर्षकमा चर्चा गरिन्छ ।

४.३.१. डेउडा गीतको तत्वगत विश्लेषण :-

डेउडा गीतको संरचना प्रयोग हुने विभिन्न अंगहरुलाई आधार वनाइ यसको तत्वगत विश्लेषण निम्न प्रकारलेगर्न सकिन्छ ।

४.३.१.१. डेउडा गीतमा भावात्मकता :-

डेउडा गीतले व्यक्त गरेको केन्द्रीय कथ्य वा भाव नै यसको मुटु हो । यसलाई भाव रस सौंदर्य, अर्थ सन्देशपनि भनिन्छ । भावले डेउडा गीतमा रहेका शब्द र समग्र गीतको अर्थ प्रकट गर्ने गर्दछ । भाव वा विचार प्रत्येक हरफ वा गीतमा फरक फरक हुन सक्छ । डेउडा गीतमा रति, हाँस, वैराग्य, क्रोध, विश्मय आदि भाव रहेका हुन्छन् । जसमध्ये बढी प्रयोग हुने रति भाव नै हो । यसमा रहने विभिन्न भावहरुलाई निम्न उदाहरणबाट विश्लेषण गरिन्छ ।

रनवन विन्नरावन हात्ति डुब्यो कीच ।<br>
मेरो माया राखी राखे दुइ चुचीका वीच ॥<br>
यो वानर यहाँको होइन पाल्पा पल्तिरको ।<br>
गौ भाँची त तैले भाँची मै त मल्तीरको ॥

प्रस्तु हरफमा प्रेम विछोड, भएको र प्रेम प्रेमीकाहरु एक आपसमा भेट गर्न आँतुर देखिन्छन् । एक गौ बारीमा प्रेम गरेमो स्मरण गर्दै फेरी यौन क्रिडा गर्न आतुर भएका छन् ।

**बैसाग्य भाव :-**

शान्ति, सम, निर्वेद वा शान्त रसमा बैराग्य भाव देखिन्छ । जस्तै :-

कृष्ण जस्ता गोरु ग्वाला राम जस्ता सिकारी ।
युधिष्ठिरको वनवास सुदामा भिकारी ॥

यहाँ भगवान कृष्णले गाई चराउन वन जानु, रामले राज्य त्यागेर वनमा गई सीकार गनु, युधीश्ठरले राज्यसमेत बेचेर वनवास लाग्नु, सुदामाले भिकारी हुनु पर्‍यो भन्ने वैराग्य ज्ञान प्राप्त हुन्छ ।

**उत्साह भाव :-**

कुनैपनि काम गर्ने इच्छालाई उत्साह भाव भनिन्छ ।

सुतन्या विस्तरा मणी हातकी घडी रै ।
काँ मेरो माया जाल रह्यो काँ मैना चडी रै ॥
पातलका मुलपानीमा पानी  खाइहाँल्लो छु ।
मत अव रै सक्दैन डाको लाइ हाल्लो छु ॥

यी गीतहरुमा विभिन्न वाधा व्यवधानका हुँदा पनि एउटा मायालुसंग भेट गर्ने जस्तो गरेपनि आउन र बोलाउन साहस देखाएको छ । तसर्थ यहाँ उत्साह वा बीर भाव प्रकट भएको देखिन्छ ।

**करुण भाव :-**

आफन्त जन तथा आफ्नो मन परेको स्थानबाट विछोड हुनु वा आफन्तको दुःख पर्नुले उत्पन्न हुने शोक चिन्ताले करुण भाव उत्पन्न गराउछ ।

आँसीका धारमा टुट्यो बन्चरो कुनामा ।
बर्ष गया विवत्तीमा दिन गया रुनमा ॥
लेक भैसा धनवीरेका पातल हरीका ।
इसाइ दिन रन्या हुन की जनमभरीका ॥

प्रस्तुत गीतका आसीको धार टुटेको बन्चरोको कुना टुटेको र कुनै प्रेमिकाले आफ्ना अभाव पीडा जस्ता कुरा देखाएर आफ्नो जीवन नै रुनामा विताएका कुरा र जन्मभर यस्तै दिन रहने हुन्की भनी करुण भाव देखाएकी छन् ।

**क्रोध भाव :-**

कसैले गिज्याउँदा गाली गर्दा उसप्रति रिसाउनु नै क्रोध हो । डेउडा गीतमा क्रोधभाव पनि उत्पन्न हुन्छ । जस्तै :-

अलका टुणीका रुख चिलकी खुर्कट्टी ।
ज्यादा कुरा जन गरै भाचौला मुर्कुट्टी ॥

यहाँ धेरै कुरा नगर पाखुरा भाची दिउला याद गरेर बोल्नु पर्छ जथा भावी वोल्ने भनेर क्रोध व्यक्त गरिएको छ ।

**हास्य भाव :-**

हाँसो उठ्दा खालका अभिव्यक्तिलाई हास भाव अन्तर्गत राख्न सकिन्छ । विचित्र किसिमको आकृति वा व्यवहार भयो भने हास्य भाव उत्पन्न हुन्छ । जस्तै :-

घामले फूल्यका हुन की कठै तम्रा दाडी ।
नान्का संग खेल खेल्ला छौ नित्य कर्म छाडी ॥
आँखो लाउना चेली तिर पाठ गद्दा चंडी ।
बज्या तम काँ भन्न्या हौ घर बज्यै छन् की ॥

यहाँ बुढो मान्छे दाडी जुंगा फुलेका तर युवा युवातीहरुका खेलमा खेल्न लाग्दा युवाहरुले बुढा लाइ गिज्याउदै नित्यकर्म गरी युवतीतिर नहेरेर चंडी पाठ गरि घर जाउ जस्ता हास उठाउने कुरा गरेका ६



**विस्मय भाव :-**

अनौठा वा अपत्यारिलो घटना भयो भने विस्मय भाव व्यक्त हुन्छ । यसमा अतिशयोक्ति मूलक घटनाको वर्णन हुन्छ । जस्तै :-

मध्यरात वेल उदाइ गइ घाम ताप्न्य भ्या ताप ।

आइगयौं बान्यको बेल सबै खेल लाग ॥

यहाँ रातमा सूर्य उदाएकाले विस्मय भाव व्यक्त भएको छ । रात्रीमा सूर्य उदाउनुर मानिसलाई सूर्य मान्नु ले यहाँ विम्व र अलंकारका साथै अतिशयोक्त मूलक अभिव्यक्ति छ ।

**घृणा भाव :-**

कुनैपनि दुर्गन्धित बस्तुलाई देख्दा मनिसको मनमा एउटा जुगुप्सा हुन्छ भने त्यसलाई घृणा भाव भनिन्छ । जस्तै :-

वरीपरि हड्डी मासु धन्य तिपडी घाट ।
जहि तही दुर्गन्धै छ यै मसान घाट ।

चिहानमा हड्डी मासु हुनु स्वभाविकै हो तर यहाँ हड्डी मासुभन्दा दुर्गन्ध वा घृण भाव पैदा भएको छ । तिपडीघाट एक पाटनकै सुर्नाया नदीको मसानघाट हो ।

**डर भाव :-**

केही बस्तु देख्दा वा सुन्दा मनमा भय वा त्रास उत्पन्न हुन्छ भने त्याँहा डर भाव उत्पन्न हुन्छ । डरलाग्दो जनावर, मान्छे वा सन्देशबाट यस्तो भाव प्रकट हुन्छ जस्तः-

आइगयो भालुको चल्लो भाग कल्ली भाग ।
औल है अजीङ्गर आयो लेक आयो बाग ॥

यहाँ भालु, बाघ, अजिंगर जस्ता भयानक डरलाग्दा जीव जनावरहरु आएकाले तिमीलाई खान्छन् भाग भन्ने भाव प्रकट गर्दा एक किसीमको डर उत्पन्न भएको छ ।

४.३.१.२. डेउडा गीतमा लयात्मक्ता तथा छन्दको प्रयोग :-

छन्द हुनका लागि लय हुनु आवश्य हुन्छ भने लय छन्द विना पनि रहन सक्छ । डेउडा गीतमा भने लय र छन्द अनिवार्य रुपमा रहेका हुन्छन् । लयले डेउडा गीतलाई संगीतमयता प्रदान गर्दछ भने छन्द निश्चित वर्णमा बाँधेको हुन्छ । डेउडा

गीत लोक लय र वार्णिक छन्दमा रहेका हुन्छन् डेउडामा एक हरपमा चौध अक्षर रहन्छन् । गीत पूरा हुनलाई दुई हरफ हुन अनिवार्य हुन्छ । डेउडा गीतलाई आर्कषक बनाउने अर्को महत्पूर्ण तत्व अनुप्रास हो । गीतमा प्रयोग हुने दुई चरणका अन्त्यमा समान ध्वनि भएका एक वा अनेक स्वर र व्यञ्जनवर्णको आवृति हुन्छ जस्तै :-

कालो लेक रमाईलो होला काफल पाकननारे ।
साइ पोइल नजाने होली झल्का लागन्नारे ॥

यी गीतहरुमा कालो लेक रमाईलो होला भन्ने एक पाउ हो र आठौं अक्षरमा यति भएको छ र काफल पाकन्तेर अर्को पाउँमा ६ वटा अक्षर छन् । दुवै गरी चौध अक्षरमा एक हरफ पूरा भएको छ । त्यसै गरी अरु हरफमा पनि उल्लेख अनुसार नै छ । उपयुर्क्त दुई हरफमा २ गीत छ पावन्नरे जस्ता अनुप्रास प्रयोग भएको छ ।

४.३.१.३. डेउडा गीतमा भाषा शैली र अलङ्कार प्रयोग :-

अनुभूति वा विचार विनिमयको सशक्त माध्यम भाषा हो । भाषाशैली भनेको भाव प्रकाशनका लागि गरिने अभिव्यक्तिको शैली हो । डेउडा गीत एउटा पद्यात्मक सरल अलाङ्कारिक र वर्णात्मक भाषा शैलीमा प्रस्तुत हुने लोकसाहित्यिक विधा हो । गायक तथा लेखकले जुन अर्थ दिन खोजेको हो त्यो अर्थ वुझाउने गीतको कला नै भाषा शैली हो । डेउडा गीत जनसाधारणको गीत भएकाले यसमा प्रयुक्त भाषा सरल सुवोध र स्थानीय हुन्छ । शैली चाहि सरल अलङ्कारिक र वर्णात्मक हुन्छ । जस्तै :-

नेउला कोयली बासी जान्ना चैत मैना वन ।
संसारै हरियो होला उराठ होला मन ॥

यस गीतमा प्रयोग भएको भाषा शैली सरल छ । यहाँ चैत्रको महिनामा वसन्त ऋृतुको आगमनले लेकमा पालुवा पलाउने र हरियाली बढने भएको कारणले मान्छेको मनमा अर्कै उमङ्ग आउने भन्ने कुरा बुझ्नका लागि सजिलै छ । तर यसको अलङ्काकरिक अर्थ भने फरक पनि हुन सक्छ । त्यस गीतमा प्रयोग भएको चैत महिना (वसन्त ऋृतु) यौवनको प्रतीक हो भने हरियो संसार हुनु इच्छा आकांक्षा हुनु जसले

गर्दा मनमा एक प्रकारको उमङ्ग पैदा गरेछ । भन्ने आलङ्कारिक विम्व प्रतिकको पनि प्रयोग भएको छ । जसले गर्दा गीतमा अर्को मिठास थपिन गएको छ ।

४.३.२. डेउडा गीतको अर्थगत विश्लेशण :-

डेउडा गीतमा रहेको शब्द शक्तिलाई आधार बनाई निम्न तीन प्रकारले यसको अर्थगत विश्लेशण गर्न सकिन्छ ।

४.३.२.१. डेउडा गीतमा अभिधार्थ :-

डेउडा गीतमा प्रयोग भएका शब्दहरुले साधारण कोशीय अर्थ प्रकट गरेमा त्यस्ता गीतलाई अभिघात्मक डेउडा गीत भनिन्छ । अभिधात्मक डेउडा गीतहरुमा कुनै विम्ब अलङ्कार लक्ष्यार्थ वा व्याङ्ग्यार्थ नभएर सरल रुपमा अर्थ प्रष्ट हुन्छ । जस्तै :-

साउँ निर रैजान लाग्यो जीन्दगानी भरी ।
म भन्या विदेश जान्छु बसेइ मेरी प्यारी ॥
धर्म गर्नु कर्म गर्नु नखानु चोरेर ।
औखिर यो संसारलाई जानु छ छाडेर ॥

यी उल्लेखित गीतहरुमा साहुको ऋण तिर्न विदेश जानु पर्ने भएकोले आफ्नी प्रिय श्रीमतीलाई घरमा दुःख नमानेर वस्न आग्रह पहिलो गीतमा र दोस्रो गीतमा धर्म कर्म गरे चोरेर नखाँउ आखिर सवैले मर्नु नै पर्छ भन्ने उपदेश दिएको छ । यी गीतहरु बुझ्नको लागि कुनै उपमा अलङ्कार र अन्य अर्थको सहायोग लिन पर्दैन भाव आफै प्रष्ट छ ।

४.३.२.२. डेउडा गीतमा लक्ष्यार्थ :-

शब्द शक्तिका तीन प्रकार मध्ये लक्ष्यण दोस्रो शब्द शक्ति हो । कुनै पनि शब्दका वाक्यले दिने साधारण अर्थले सन्दर्भ बुझाउन नसकेका त्यसलाई अर्कै अर्थमा बुझ्न पर्ने हुन्छ । त्यही दास्रो अर्थ वा लक्ष्यार्थलाई लक्षणा शब्दशक्ति भनिन्छ ।

डेउडा गीतमा लक्ष्यार्थको प्रयोग धेरै हुन्छ । लक्ष्यार्थ बुझ्न अलि गाह्रो पर्छ सन्दर्भ अनुसार मात्र यसको अर्थ बुझिन्छ ।

जुन त भै गै वेल भैग्या क्यारु मया मानी ।
राजाको दर्शन पाया नखाएइ धो हुनी ॥

यस गीतमा त जुन भै गै म वेल भैग्या भन्ने पदावलीले समान्यतया वक्ता सूर्य भएको र श्रोत जुन भएको भन्ने अभिधार्थ प्रकट गरेको छ । तर मान्छे ककिल्यै जुन र वेला हुन सक्दैन तसर्थ यसलाई लक्ष्यार्थबाट बुझ्न सकेमा पूरै गीतको अर्थ हामी कहिल्यै नभेटिनेगरी विछोडी सक्यौ पूरै गीतको अर्थ हामी कहिल्यै नमेटिने गरी विछोडी सक्यौं अव तिमीले र मैले माया मानेर साध्य छैन भन्ने हुन्छ । अर्को हरफमा राजाको दर्शनले वास्तविक राजालाई नबुझाएर ती दुवै मित्रहरु मध्ये एक हो ।

४.३.२.३. डेउडा गीतमा व्यांग्यार्थ :-

लक्ष्यार्थबाट अर्थ प्रकट हुन नसकेपछि व्यांग्यार्थले काम गर्छ । समाजमा विभिन्न किसिमका कुचलन रहेका हुन्छन् । यस्ता कुचलनहरु माथि बाङ्गो तरिकाले प्रहार गर्ने काम डेउडा गीतमार्फत विडिप पक्षले गर्ने गर्दछ । जसको कारण ठूलाबडाहरुका आत्मामा चोट पर्न सक्छ । जस्तै :-

नाना पाल्या ठुला पाल्या धन्य त धन्य हो ।
हजुरको कोट सिलाउन्या सुयो कै ठौर बन्यो हो ॥

साधारण अर्थमा माथिको गीतले सानो ठूला सबैलाई खान लाउन दिनु भयो सेवा गर्नु भयो, हाम्रो लुगा कपडा लगाएर धेरै राम्रो देखिनु भएको छ भन्ने हुन्छ भने । यसको वास्तविक अर्थ बुझ्दा साना ठूला सवै मिली सबै तिमीहरुको चाकर छन् तर खान लाउन कसैलाई पनि पेट भरी दिएको छैन, त्यस्ते राम्रो कोट लगाएका छौ त्यो कोट सिउने हामी नै हौ । सियो बनाउने पनि हामी नै हौं भने हाम्रौ श्रम र पसिना खाएर ठुला भएका छौं भन्ने तिखो व्यांग्यार्थ प्रकट भएको छ ।

४.३.३. डेउडा गीतको विषयगत विश्लेषण :-

विभिन्न विषय वस्तुमा डेउडा गीत रहने भएकाले यसका केही विषयगत आधारमा केन्द्रित रहेर निम्न तरिकाले विशेषण गर्न सकिन्छ ।

४.३.३.१. डेउडा गीतमा परिचय तथा भलाकुसारी :-

एक मानिसले अर्कोसंग पहिलो भेट हुँदा सामान्यतया चिनेकै भएपनि परिचय दिने गर्दछन् । डेउडा गीतको श्री गणेश पनि परिचय तथा भलाकुसारी बाटै हुन्छ । आफ्नो नाम ठेगाना काम आदि विषयमा एक आपसमा परिचय गरीन्छ । परिचय भइसकेपछि हाल खवर, खाने लाउने व्यवस्था के छ आदि जसलाई भलाकुसारी भनिन्छ । डेउडामा पनि परिचय र भलाकुसारीका कुरा गीतबाटै हुन्छ । जस्तै :-

प्रश्न : लाहुर जाने लाहुर हिड्या पेरु जाने पेरु ।
पछ्याण पाएन मै ले काँ काँ हौ तिमेरु ॥
उत्तर : पारिवटा पखानमा किरमडा गल्यान ।
पाटन हो गाउँ मेरो घर मेरो कल्यान ॥
प्रश्न : डाँडीमाइको डाँस्या ओखल खैरे मुसल छ की ।
एक कुरा सोधनी गद्दौ गात कुशल छ की ॥
उत्तर : सुख छैन सन्तोस छैन घरमा मौ छैन ।
खेती छैन पाती छैन गोठमा गौ छैन ।

प्रस्तुत गीतमा पहिलो गीतको पहिलो हरफ गीत मिलाउनको लागि मात्र प्रयोग भएको छ भने दास्रो हरफमा घर कहाँ हो ? भनेर प्रश्न गरेकोमा त्यसको उत्तरमा पहिलो हरफको सन्दर्भ अनुसार अर्थ छैन यसरी यी तिनै गीत पंतिमा परिचयको प्रसंग आएको छ ।

**डेउडामा भलाकुसारी :-**

तिमी हौ टाढाका मानिस खाया हौ की भात ।
संचै छन् की कुल कोपिला सन्चै छ कि गात ॥

ल्वाङ किन्या मरिच किन्या जीरो पसलै छ ।
गात कुसल हजुरको याँ त असलै छ ॥

स्पष्ट गीतबाट बुझिन्छ कि प्रश्न कर्ताले घरमा सवै आरामै छन् कि खान खानु भयो कि भनेर सोद्दा उत्तरदाताले मत ठिकै छु बरु तपाईको पनि भन्नुहोस् भनेर प्रश्नकर्ताको पनि समाचार जान्न खोजेको छ ।

४.३.३.२. डेउडा गीतमा आर्शिवाद :-

कसैले कसैलाई राम्रो होस् भनी इच्छा व्यक्त गर्नु नै आर्शिवाद हो । आर्शिवाद कसैले आफुले मागेको चिज पाएमा दिने गर्दछ  यसलाई आशिक भनिन्छ । यस्तो अशिक समूहले व्यक्तिलाई दिन्छ भने छोराले वुवालाई ढोक्दा वुवाले दिने आषिक पनि आर्शिवाद हो । डेउडा गीतमापनि यस्तो आर्शिवाद रहन्छ । जस्तै :-

जय होइझाउँ मंगल होइझाउँ रौतेलो बाँची रउँ ।
मनका सोचेका जसो कर्ममा लेखी झउँ ॥

तपाईको जय होस् कल्याण होस् सन्तान बची रहुन तपाइको मनोकाक्षां पूर्णहोस् भन्ने आर्शिवाद उक्त पंतिले दिएको छ ।

४.३.३.३. डेउडा गीतमा गाली गलौंच :-

पाटन भेगका समाजमा काका भतिजामा, सासुको श्रीमान भइस् भन्ने गाली, भिना सालीमा भाई वहिनी स्याहयार्ने गाली, त्यस्तै देवर भाउजूमा पनि गाली ख्याल ठट्टा गरिन्छ । यस्तो गाली मार्मिक र घुमाउरो पाराले डेउडा गीतमा गरिन्छ । डेउडा खास गरी मनोरञ्जनका लागि प्रयोग गरिने हुनाले झगडा हुने किसिमको गाली यसमा हुँदैन । गालीमा व्यांग्यात्मक अर्थ हुन्छ । जस्तै :-

घाँस काटी कैलेव लैग्यो तेरा जीउँली खेत ।
धेरै गर्‍या गाली पालै लामा गर्‍यै चेत ।

यस गीतमा प्रयोग भएका जिउली शब्दको अर्थ श्लेश अर्थ छ । यसको एउटा अर्थ खेतको ठुलोभागलाई जिउली भनिन्छ भने अर्को अर्थमा जीउँ भन्नाले स्थानीय भाषामा सासुलाई लिइ भन्ने अर्थ बुझिन्छ । तसर्थ यस गीतको सामान्य अर्थ तिम्रो ठुलो खेतको घाँस चोरले काटेर लग्यो । धेरै चोरेमा गाली गरौला भन्ने बुझिन्छ भने यसलाई गहिरिएर बुझ्दा तिमीले खेतमा गएर सासु बेहोर्ने काम गर्‍यौ । यस्तो गर्‍यौ भने गाली और पिटाइ पाइएला होस् राख्नू भन्ने अथै स्पष्ट भएको छ ।

४.३.३.४. डेउडा गीतमा दुःख :-

मानिसलाई आफ्नो जीवनमा दैनिक गुजारा चलाउनको लागि विभिन्न चिज बस्तुको आवश्यकता पर्दछ । यी दैनिक आवश्यकता तथा आधारभूत कुराहरु सहज रुपमा प्राप्त गर्न, आधारभूत रुपमा प्राप्त गर्न नसकेमा मान्छे दुखी हुन्छ । डेउडा गीतलाई सुख दुःको साथी पनि भनिन्छ । जव मान्छेलाई दुःख हुन्छ तव उसको मनमा एक किसिमको वह उत्पन्न हुन्छ र एक्लै भएको वा उराठ लागेको समयमा डेउडा मार्फत व्यक्त गर्न थाल्छ । जस्तै :-

घरमा छ सौतेली आमा बनै खाइदे बाग ।
रात रुनै दिन रुनै धन्य मेरा भाग ॥
रात निद नाइ दिन भोक नाइ के सम्झेर हाँसू ।
मैले दुध भनेका वेला आई हाल्ला आँसु ॥

यहाँ प्रस्तुत गीतमा एउटा १२ - १४ बर्षको उमेरमा उसकी आमाले दुधे वालकलाई छोडेर संसारबाट विदा लिएको छनक भेटिन्छ । दुधे वालक (केटीको भाई) जव दुध खान खोज्दछ त्यसवेला सौतेनी आमाले विभिन्न दुःख दिने गरेकोमा वाँच्नु भन्दा मर्नु बेश हो भनेर जंगलमै बाघलाई खाई दिन आग्रह गरेकी छन् ।

४.३.३.५. डेउडा गीतमा प्रश्नोत्तर :-

एक अर्काको बुद्धि जाँच्न अड्को थाप्न अथवा परास्त गर्ने अभिप्रायले डेउडा गीतमा एक पक्षले प्रश्न गर्छ र अर्को पक्षले उत्तर दिनु पर्ने हुन्छ । यदि उत्तर दिन नसकेमा उसको हार हुन्छ । यस्ता प्रश्नोत्तरात्मक गीतहरु गाँउ खाने कथा जस्ता हुन्छन् । तर डेउडामा यस्ता गीतलाई झिंट्टा वा झिल्टा भनिन्छ । जस्तै :-

आगाको कलेजो क्या हो पानीको हाड क्या हो ।
स्वर्गको लिसिनु क्या हो धर्तीको बाण क्या हो ॥

यहाँ चार वटा प्रश्नहरु स्पष्ट छन् । आगोको कलेजो कोइलो हो पानीको हाड ( हड्डी) ठण्डा धेरै चिसोमा आफै जमेको पानी हो । स्वर्गको लिसिनु (सिडी) इन्द्रायणी र धर्तीको बाण भनेको कुहिरो हो ।

४.३.३.६. डेउडा गीतमा वाद-विवाद :-

वाद विवादमा आ-आफ्ना तर्कलाई बलियो वनउने गरिन्छ । एउटाले भनेको तर्कलाई अर्कोले आफ्नो तर्कद्धारा कमजोर पार्ने र आफ्नो तर्क बलियो वनाउने काम गर्छ । यस्ता तर्क वितर्कहरु जात जातिका वीच, साथी भाइका वीच, लोग्ने स्वास्नी वीच हुने गर्दछन । वादविवादयुक्त गीतहरु दोहरी गीत अ्नतरगत पर्दछन । आनीवानी चरित्र र महत्वपूर्ण घटनाका वारेमा वादविवाद अगाडि वढ्छ । जस्तै :-

बुवा - बुढा आमा वुवा छोडी के छ तेरा मन ।
जुवाले राज विक्री गरी पाण्डव वस्या वन ।।
छोरा :- जुवामा दिल वस्यो मेरो खेल्छु घुँडा घसी ।
पाण्डवले राज्य पायो वाह्रवर्ष पछि ॥

वुढा आमा वुवालाई घरमा छोडेर पैसा कमाउन विदेश गएको छोर्ाले त्यहाँ पैसा कमाउनको सट्टा जुवातास खेल्ने गरेर ऋृण बढाउन थाले पछि वुवाले अति चिन्तितभई घरबाट चिठ्ठीमा जुवातास नखेल्नु जसको कारण पाण्डवहरुले राज्य समेत छोडनु परेको वरु घरमा आउनू वुढा आमावुवाको सेवा गर्नु भन्दा विदेशमा जुवाको लतमा परेको छोराले मेरो दिल जुवामा लागिसकेको म अव छोडन सकदैन वरु अझै

वढी गर्न सक्छु । पाण्डवहरुले एक पटक राज्य विक्री गरे पनि वाह्रवर्ष पछि फिर्ता पाएका थिए भन्ने कुरालाई दर्शाएर जुवाडी व्यक्तिको भित्री मनसाय प्रकाश पारीएको छ ।

४.३.३.७. डेउडामा अर्तिउपदेश :-

वूढापाका मान्छेले भविष्यका पिडीलाई सही वाटोमा हिड्नका लागि दिईने ज्ञानलाई उपदेश भनिन्छ । उपदेश निति शास्त्रका आधारमा धर्मका आधारमा कुनै ठुला मान्छेको उदाहरण दिएर दिन सकिन्छ । उपदेशले मानिसको असल चरित्र निर्माण गर्नमा सहयोग गर्दछ । यस्ता उपदेशहरु अरुको उपकार गर्नु, दान धर्म गर्नु, राम्रो वोल्नु, अरुलाई दुख नदिनू ठुला मानिसको सेवा गर्नु आदि जस्ता विषयमा दिईन्छ । डेउडा गीतमा पनि यस्ता अर्ती उपदेशहरु रहेका छन ।

सकेमा उपकार गनू अपकार नगर्नु ।
नगर्नु अर्काको हानी मरे पनि मर्नु ॥

सके सम्म अर्का व्यक्तिको उपकार गर्नु तर अपकार भने कहिल्यै नगर्नु अर्काको हानी हुने काम मरे पनि नगर्नू भन्ने कुरा व्यक्त गर्न खाजेको छ । यस पद्यमा अर्ती उपदेश नै दिने खोजिएको छ ।

४.३.३.८. डेउडा गीतमा शिक्षाको महत्व :-

शैक्षिक विकासका दृष्टिकोणले वैतडी पिछडिएको जिल्ला भएता पनि हाल आएर शिक्षा पढनू पर्छ भ्नने कुरा सवैको आत्मामा सल्वलाउन थालेको छ । त्यहाँका प्रशिद्ध व्यक्तिहरु शिक्षाको महत्वलाई डेउडा यसरी पोख्छन् ।

न त हावाले उडाउन्या न त पानी गलउन्या ।
न त घामले सुकाउन्या न त आँगाले वालन्या ॥
न त भाईको अंश लाग्न्या न त चोरले चोरन्या ।
अमुल्य शिक्षाको ज्योती सवले लिनु पर्न्या ॥

यी गीतहरु मार्फत शिक्षाको महत्व ज्यादै कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । कालिदासजस्ता महामूर्खलाई पनि महाकवि वनाउने शिक्षालाई सवैले आत्मामा राख्नु पर्ने उपदेशात्मक सन्देश दिइएको छ । आजभोलि पढाउने तरिका समेत गीतमा प्रस्तुत हुने गरेको पाइन्छ ।

पेशा जात विशेषण सर्वनाम थर ।
यिनी वढी दीर्घ हुन्छन दीर्घ लेख्ने गर ॥

४.३.३.९. डेउडा गीतमा स्थान परिचय :-

डेउडा गीतमा कुनै स्थान विशेष विषयवस्तु वनाएर पनि यसको प्रस्तूतीकरण गरिन्छ । कुनै पनि ठाँउको भौगोलिक प्राकृतिक धार्मिक ऐतिहासिक महत्व अनुसार परिचय डेउडा गीतवाट नै दिइन्छ । वैतडी पाटन क्षेत्रको परिचय डेउडा गीत मार्फत यसरी दिन सकिन्छ ।

पुर्वमा महारुद क्यारामा्रा वन छन ।
पश्चिममा समैजी देव शिवका मन्दिर छन ।
उत्तरमा पत्ताल भुमेश्वर हरियाली वन ।
दक्षिणमा घनघस्या लेक दिन्छन हावा पल ।
यी चारै दिशाका वीच पाटन झलमल ।

प्रस्तुत गीतले पाटन क्षेत्रको परिचय छोटकरीमा दिइएको छ । थोरै शव्दमा धेरै वर्णन गर्न यहाँ डेउडा गीत मार्फत धेरै सजिलो भएको देखिन्छ । पूर्व पश्चिम उत्तर दक्षिण दिशाका साँध सिमानाहरु दुईटै गीतमा स्पष्ट रुपले व्यक्त भएका छन ।

४.३.३.१०. डेउडा गीतमा विभिन्न चाडपर्व :-

डेउडा गीतको पालन पोषण गर्न काम विभिन्न पर्वका अवसरमा गाईने डेउडा गीतले पनि जनमानसमा भित्र गुम्सीएर रहेका भेलहरुलाई वाहिर पोख्ने गर्दछन् । यस क्षेत्रको समाजमा विभिन्न पर्वहरु र डेउडा गीत एक सिक्काका दुई पाटा जस्तै भएर रहेका छन । परम्परागत रुपमा मान्दै आएको चार्ड पर्व परेका दिन नभए पनि डेउडा

खेल खेल्न पायो भने ठूलो चार्ड भएको मान्दछन । त्यस्तै चार्ड पर्वमा डेउडा खेल भएन भने यो चार्ड पूर्ण नभएको मानिन्छ । धेरै जसो पर्वहरुको कार्य नै डेउडा रहेको हुन्छ । जस्तै :-

दूत्याकी फूलकी माला दशैका जमरा ।
जन्माष्टमी नाग पञ्चमी भदौकी गमरा ॥

उक्त गीतले विभिन्न चार्ड पर्वहरुको परिचय र एकै शव्दमा भए पनि त्यसको विशेषतालाई झल्काएको छ । दूत्या (दिपावली) मा फूलको माला लगाउनु, दशैंमा जमरा पैरनु, खेल खेल्नु, तीजमा छोरीलाई माइत वोलाउनु, माघको तिहारमा माँडा रोटी छोरीको घरैमा दिनुका साथै नाग पञ्चमी, जन्माष्टमी, गमरा, विशु, फागु, चैत्र दशैं, रामनवमी आदिको वारेमा सटिक वर्णन गरिएको छ ।

४.३.३.११. डेउडा गीतमा प्रकृतिक चित्रण :-

डेउडा गीत श्रृजनाका कारक तत्वको रुपमा प्रकृतिलाई पनि लिन सकिन्छ । डेउडा गीतले प्रंकृति संग टुसाउने, झँगीने, फैलिने काम गर्दछ । चैत, बैशाख ,बसन्त ऋृतुको आगमनमा वन पाखा र खोलानालहरु पालुवा पलाएको देख्ने वित्तिकै गीत गाउन नजान्नेले पनि एकछिन गुनगुनाउँछ । गीतको लय मिलाउछ । उसको मनमा एक किसिमको उमंग पैदा हुन्छ । डेउडा गीतले एकातिर बासान्तिक सौदर्ययको चित्रण र अर्कातिर माया प्रेम प्रकट गर्ने गरेको पाइन्छ । हुन पनि वसन्त आगमन र मानवमा यौवनको आगमनलाई तादाम्य चित्रण नेपाली साहित्यका धेरै विधामा भएको पाईन्छ । डेउडा गीतहरुपनि प्रकृतिको स्वरुप अनुसार फरक हुन्छन् ।

बसन्त ऋृतुका गीत :-

कालो लेक रमाइलो होला काफल पाकन्नारे ।
साइ पोइल नजान्या होली झल्का लागन्नारे ॥
रानी वन रमाइलो भैग्यो पलाईगया पाला ।
वाँज पला फलाट पला दाइको बल्लो खाला ॥
न्यउला कोइली चरा चुरी बनमा बसन्ना ।
वरीपरि डाडा काडा मुसुक्क हासन्ना ॥

बर्षा ऋतुका गीतः-

निसीजा वरीखा पापी लाग लडेली हीउन ।
वरीपरि ओसै ओस ओवानु काइ छैन ॥
दिनका दिन वगेका वगै समूद्रका छाल ।
गंगाजी हरक दिने सुर्नयका भेल ॥

हिउँदका गीत :-

मैना राम्रो असौजको धानको वाली नीउरी ।
जा साई झान्छौ त्या मुइ लइझा कम्मरमा सीउरी ॥
नामर्दलाई इज्जत छैन अल्छीलाई काम छैन ।
जन आए पुसका महिना मेरा गाउँ घाम छैन ॥

उपरोक्त गीतहरुले ऋतु अनुसारका भाव प्रस्तुतगरेका छन् । वसन्तमा पालुवा पलाउने न्याली कोइलीहरु कराउने, काफल पाक्ने जस्ता प्रकृतिक चित्रण छ भने बर्षामा पानी धेरै पर्ने, खोलानाहरु धेरै बढ्ने, हिंउदमा घाम कम लाग्ने, चिसो हुने जस्ता प्राकृतिक पक्षको वर्णन गरिएको छ ।

४.३.३.१२. डेउडा गीतमा स्थानीय जन जीवनको चित्रण :-

डेउडा गीत परम्परागत लोक संस्कृति हो । समाजमा रहेका परम्परागत मान्यताहरुलाई डेउडा गीतमा झल्काउने काम प्रायः यस क्षेत्रको सवै समाजमा रहेको पाईन्छ । यी मान्यताहरुका साथै भेष भूषा रहन सहन पनि डेउडामा झल्किएको हुन्छ । स्थानीय जनसाधारणको मौलिक भावनाबाट डेउडा गीत स्वतः स्फूत प्रभाह हुने भएकाले यसले समसामयिक रितिस्थिति चाल चलन बानी व्यवहारहरुको वर्णन गर्दछ । जस्तै पहिरन सम्बन्धी गीत :-

बैइक लाउन्या सुरुवाल भोटो स्वानी गामन चोलो ।
बैशाखै घन्कन लागि धन्न लाछ्या खोला ।
मुण्डा बाध्न्यने सेतो चोट्को चउन्नी की माला ।
अवेरै हराउन लाग्यो ऊ पूरानो चाला ॥

प्रस्तु गीतिमय पंक्तिहरुमा परम्परादेखि लोग्ने मान्छे सुरुवाल भोटो लगाउने र आइमाईले घागरी र चालो लगाउने । युवतीहरुको टाउकोमा पटुका र गलामा चाँदीका पैसाको माला लगाउने गरेकोमा हाल आएर लोग्ने मान्छेले सट पाइन्ट, आइमाइले सारी ब्लाउज र युवतीले कुर्ता सुवाल लगाउने गरेकोमा बुढा पाकाहरुले चिन्ता व्यक्त गरको बुझिन्छ ।

खानपीन सम्बन्धी गीत :-

कसैकी वास्मती चामल कसैकी कोदो नाई ।
कसैकी चौअन्नी माला कसैकै पोती नाई ॥
भैसाको गोठालो हुनु दुधको तर खानु ।
बृन्द्रावनको चरी हुनु पाकेको फल खानु ॥

यस गीतबाट प्रष्ट के बुझिन्छ भने कसैलाई बास्मती चामलको भात खानालाई प्रसस्त छ भने कसैलाई कोदो पनि छैन । यसको अर्थ कोदो सवै भन्दा कमसल र बासमती सबै भन्दा राम्रो अन्न हो भने कसैले कोदोपनि नपाउने र कसैका लागि बास्मतीपनि प्रसस्त हुनुले यहाँ प्रगतीवादी भाव धारा प्रकट भएको छ । अर्को गीतले गोठालो हुनु भैंसीको दूध खानुपनि राम्रो हो भन्ने धारणा आएको छ । यी गीतहरुमा हाम्रो जीवनका प्रचलनहरु खानपीन शोषण अत्याचार गर्दा भैसी पाल्ने कामआदि प्रस्ट देखिएका छन् ।

डेउडा गीतमा प्रयोग हुने विभिन्न उपकरण शब्द शक्ति र यसका गायन सन्दर्भका आधारमा विश्लेषण गरिएको छ । डेउडाले प्रस्तुत गर्ने भाव वा अर्थ संगीत, भाषा शैली विम्व, अलंकार शब्द शक्ति तथा डेउडा गीतमा परिचय भलाकुसारी डेउडामा आर्शिवाद, गाली गलौच गीत मार्फत गरिने दुःखको प्रकटीकरण प्रश्नोत्तर, वाद विवाद र अर्ती उपदेशको आधारमा गीतलाई समेत राखेर त्यसमा प्रयोग भएका शब्दहरुको अर्थ समेतलाई केलाएर डेउडा गीतको विश्लेषण गर्न सकिन्छ । यसरी हेर्दा डेउडा गीत जीवनका सम्पूर्ण क्रियाकलापमा प्रयोग हुने देखिन्छ । बुढापाकाहरुले होस् वा वालवालिकाले होस्, युवा नारी पुरुषले होस् जसले पनि डेउडाको प्रयोग गरेको पाईन्छ । संवाद वादविवाद परिचय प्रश्नोत्तरका संदर्भमा गाइने गीतहरु प्रायः दोहरी हुन्छन् भने अर्ती उपदेश, आर्शिवाद तथा टुहुराका र

दु:खारीका विलौनाहरु एकल रुपमा हुन्छन् । दु:खका गीतहरु आफैमाथि लक्षित हुन्छन भने अन्य गीतहरु अरुमाथि लक्षित रहेका  हुन्छन् । जे होस् गीतमा विषय वस्तु वा भाव रहन्छ । संगीत वा लय विधान त त्यसको मुटु नै हो भन्न सकिन्छ । डेउडा गीतहरु अन्त्यानुप्रासयुक्त वार्णिक छन्द वा लोक लयमा अलंकारिक तथा सरल स्थानीय भाषामा प्रस्तुत हुन्छन् । विभिन्न चाड पर्वहरु प्राकृतिक सौंन्दर्य र स्थानीय चाल चलन परम्परा यसका उत्पादक हुन् भन्न सकिन्छ ।

यस परिच्छेदमा प्रत्येक परिच्छेदको सारांश र छोटकरीमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

५.१ सारांश :-

यस शोध पत्रको पहिलो परिच्छेदमा राखिएका शोध परिचय अन्तर्गत शोध शीर्षक शोधार्थी, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोध कार्यको उद्देश्य, पूर्व कार्यको समीक्षा, शोध कार्यको औचित्य, यसको सीमा, शोध विधि, शोध पत्रको रुपरेखा आदिले शोधको मूर्ततालाई प्रस्ट्याएको छ । त्यस्तै यसको दोस्रो पच्छिेदमा बैतडी जिल्ला पाटन क्षेत्रको समान्य परिचय दिइएको छ । यस क्रममा बैतडी जिल्लाको नामाकरण, ऐतिहासिक सन्दर्भ, राजनैतिक विभाजन, भौगोलिक तथा प्राकृतिक परिचय, सामाजिक परिचय, शैक्षिक अवस्था, धार्मिक तथा ऐतिहासिक स्थलहरुमा जगन्नाथ मन्दिर, त्रिपुरा सुन्दरी, शक्ति मठ, निगला शैनी, मेलौली भगवती मन्दिर डिलाशैनी भगवती मन्दिर, ग्वाल्लेक केदार, रौलेश्वर केदार प्रमूख खेतीपाती ताल नदीहरुमा सुर्नया नदी बगाडी गाड सानो नदी, पत्ताल भुमेश्वर गुफा एवं ताल तलैया एवं उद्योग कला , लोकसाहित्यका विधाहरुमा लोकगीत, लोककथा, लोकगाथा, गाउँखाने कथा, लोकनृत्य र उखान टुक्काहरुको सामान्य परिचय दिएको छ । नेपालको सुदूर पशिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने बैतडी जिल्ला एउटा पहाडी जिल्ला हो । दक्षिणमा घनघस्या लेक उत्तरमा पत्ताल भुमेश्वर गुफा, पूर्वमा महारुद्र र पशिचममा समैजी देव मन्दिरको वीच भागमा हिन्दु सस्कार र प्राकृतिक सम्पदाले भरिपूर्ण पाटन क्षेत्र रहेको कुरा थाहा हुन जान्छ । यसै शोध पत्रको तेस्रो परिच्छेदमा डेउडा गीतको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । त्यसमा पनि डेउडा गीतको परिचय, परिभाषा, ऐतिहासिक पक्ष, यसको क्षेत्र र प्रयोग, डेउडा गीतको संरचना अन्तर्गत कथ्य, भाषा, चरण वा पद, लय वा भाका, छन्द आदिको परिचय दिइएको छ । डेउडा गीतको प्रयोजन अन्तर्गत आनन्दको अनुभव, अनुष्ठानको सम्पादन, समसामयिक लोक जीवनको अभिव्यक्ति, सामूहिक गायनको प्रयोग र अन्तर हृदयका कुरालाई प्रस्फुटित गर्नु इतिहास तथा संस्कृतिको

संरक्षण, सामाजिक प्राकृतिक, धार्मिक महत्व रहेको पाईन्छ । यस पक्षले डेउडा गीतको विविध पक्षसंग नजिकिने अवसर दिएको छ । यसै गरी डेउडा गीतलाई सहभागिताका आधारमा एकल, दोहरी र सामूहिक लय वा भाकाका आधारमा, ठाडी भाका र थेगो प्रयोगको भाका, विषयवस्तुका अधारमा सामाजिक विषयका गीत, ऐतिहासिक विषयका गीत, पौराणिक विषयका गीत, राजनैतिक विषयका गीत, प्रेम सम्बन्धी गीत, भाकाका आधारमा विशुद्ध स्थानीय भाषा प्रयोगका गीत, अन्य तत्सम आगन्तुक शब्द प्रयोगका गीत र रसका आधारमा श्रृंगार रस सम्बन्धी गीत, करुण रस सम्बन्धी गीत, शान्तरस सम्बन्धी गीत, वीर रस सम्बन्धी गीत, अद्भूत रस सम्बन्धी गीत गरी यसको वर्गीकरण गर्नुका साथै सहज उपलब्धि मौखिक परम्परा अकृतिमता, स्वच्छन्दता, सामूहिक भाव भूमि उपदेशात्मकता, प्रश्नोत्तर प्रवृति संगीतमयता, प्रतिकात्मकता, लयात्मकता जस्ता विशेषताहरुको सामान्य परिचय दिइएको छ । डेउडा गीत एक मनोरञ्जनपूर्ण मौखिक परम्परागत रुपमा लोक जीवनमा रहँदै र मौलाउदै आएको छन्दोवद्ध डोटेली भाषाको जुनसुकै समयमा र जहाँ पनि गाइने नेपाली लोकगीत अन्तर्गतको ज्यादै महत्वपूर्ण विधा हो ।

प्रस्तुत शोध पत्रको चौथो परिच्छेदमा बैतडी पाटन क्षेत्रमा प्रचलित डेउडा गीतको वर्गीकरण र विश्लेषण गरेको छ । यसको बर्गीकरण विषय वस्तुका आधारमा प्रेम प्रधान, सामाजिक, धर्मप्रधान, ऐतिहासिक, पौराणिक, प्रगतिवादी, ऋतु सम्बन्धी, उपदेशात्मक र प्रस्तुतीकरणका आधारमा एकल, दोहरी र सामूहिक डेउडा गीत गरी तीन भागमा विभाजन गरिएको छ । त्यस्तै रसका आधारमा डेउडा गीतलाई श्रृंगारिक रसका गीत, वीर रसका गीत, करुण रसका गीत, अद्भूत रसका गीत, रौद्र रसका गीत, हास्य रसका गीत, विभत्स रसका गीत, शान्तरसका गीत, भयानक रसका गीत, साथै लय वा भाकाका आधारमा डेउडा गीतको बर्गीकरण ठाडी भाका प्रयोगका गीत, डेढी भाका प्रयोगका गीत र थेगो प्रयोगका गीत गरी यसको वर्गिकरण गरिएको छ । डेउडा गीतको विश्लेषण तत्वका आधारमा भावात्मकता, लयात्मकता, छन्द प्रयोग, भाषा शैली र अलांकार प्रयोग, अर्थगत विश्लेषणमा अभिधार्थ, लक्ष्यार्थ र व्यांग्यार्थका रुपमा यसको विश्लेषण गरिएको छ ।

यसको विषयगत विश्लेषण गर्दा परिचय तथा भलाकुसारी , आर्शिवाद, गाली गलौच, दुःख, प्रश्नोत्तर, वादविवाद, स्थान परिचय, चाँडपर्वहरु, प्राकृतिक चित्रण, स्थानीय जन जीवनको चित्रण गरी अलग-अलग विश्लेषण गरिएको छ भन्न सकिन्छ । डेउडा

गीतमा विभिन्न किसिमका तत्व र शब्द शक्तिमा अभिधार्थ भन्दा लक्ष्यार्थ र लक्ष्याथ भन्दा व्यांग्यार्थ अधिक रहनुका साथै असंख्य विषय रहेको पाइन्छ ।

५.२ निष्कर्ष :-

डेउडा गीतको शाब्दिक अर्थ टेढो बांगो वा छड्के भन्ने हुन्छ । डेउडा खेल्दा पैतला वा पाद पंक्ति डेढी वा छड्के ७८ गाउँदापनि डेढपटक गाउनुका साथै यसमा प्रयुक्त शब्दहो अर्थ पनि घुमाउर[illegible]णात्मक र व्यांग्यात्मक हुने भएकाले यसलाई डेउडा गीत भनिएको हुनुपर्ने अनुमान गर्न सकिन्छ । स्थान अनुसार यसलाई डेउडा (ड्यौडा) एवं डोटेली लोकगीत आदि जस्ता शब्दले चिनाउने गरेको भएतापनि बैतडी पाटन क्षेत्रमा यसलाई डेउडा भन्ने गरेको पाइएकोले यस शोधकार्यमा पनि डेउडा नै भनिएको छ । एउटा डेउडा गीत बन्नको लागि दुईवटा गीतमय चरणको आवश्यकता पर्दछ । डेउडा गीत यस क्षेत्रको लोक जीवनमा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक स्थानबाट अर्को स्थानमा हस्तान्तरित हुँदै आएको मनोरञ्जनात्मक गीत हो । यो जन्मदेखि विवाहसम्म विभिन्न जीवन संकार जात्रा, चाडपर्व र उत्सव आदि अनेकौ अवसरमा गाइने र खेल्ने गरिन्छ । परम्परागत डोटेली लोकसाहित्य मध्येको सवैभन्दा बढी प्रचलित र धेरै व्यक्तिको आत्माको ढुकढुकीमा बास गरेको छ । डेउडा गीत यहाँको जन जीवनको अभिन्न अंगको रुपमा रहेको छ । यो मनोञ्जनका लागिमात्र नभएर लोक जीवनलाई सामाजिक ऐतिहासिक, पौराणिक ज्ञान दिनुका साथै अर्ती उपदेश, ज्ञान विज्ञानका संदेशहरु समेत छर्लङ्ग वुझाउनमा र परम्परागत चाड पर्वहरुलाई सम्पन्न गराउनमा यसको महत्वपूर्ण योगदान रहेको छ ।

डेउडा गीत गायन र खेल वा नृत्य दुवै हो । गायनका लागि एक व्यक्तिमात्रै भए पनि हुने र जुनसुकै समयमा पनि गाउन सकिने भएकाले यो सर्वसुलभ भएको छ । डेउडा खेल वा नृत्य हुनका लागि निश्चित स्थान, भाका, गीतेरु, पादतल आदिको आवश्यकता पर्ने भएकाले यसको प्रयोग विशेष चाडपर्व जीवन संस्कार तथा समारोह हरुमा मात्र हुन्छ । डेउडा खेल धेरै व्यक्तिहरु एक आपसमा कुनै स्थानमा उपस्थित भई गोल घेरामा उभिएर एक अर्कामा कुम जोडेर पाद चालन तथा स्वर

मिलाई विस्तारै बाँयाबाट दाँया घुम्दै खेलिने खेल हो । धेरै व्यक्तिहरु एकै घेरामा उभिएतापनि गायन प्रकृया भने दुई समूहमा विभक्त भई पालो पालो भएर गाइन्छ । पाद चलाउँदा एक पाद पूरै एक पाद आधा चलाइने र गोलबद्ध रुपमा टेडो हिड्नु पर्ने हुदा यसको नाम नै डेउडा रहन गएको हो । डेउडा खेल प्रायः महिला-महिला र पुरुष-पुरुष अलगै खेल्ने गर्दछन् । अहिले आएर सार्वजनिक समरोहमा भने महिला पुरुषको मिश्रित खेलपनि हुने गरेको पाईन्छ । यो खेल प्रायः दोहरी र प्रतियोगितात्मक हुन्छ । तर्क वितर्क र वलियो अभिव्यक्तिका आधारमा यसको मूल्याङ्कन गरिन्छ ।

डेउडा गीतको प्रस्तुतिकरण एकल, दोहरी र सामूहिक रुपमा ठाडी भाका, डेढी भाका तथा थेगो प्रयोगको भाकामा गर्न सकिन्छ । एकल गीतमा एकोहोरो अभिव्यक्ति हुन्छ भने दोहरी र सामूहिक गीतमा संवादात्मक चिना परिचय, भलाकुसारी, प्रश्नोत्तर वाद विवाद आदि रहन्छ । भाकाको प्रयोग भने एकल तथा सामूहिक जे भएपनि ठाडी भाका र थेगो प्रयोग दुवै गर्न सकिन्छ ।

डेउडा गीतमा साहित्यिक तथा रसात्मक भावना रहेको हुन्छ । निश्चित छन्द र संगीतमयता रहने र वार्णिक छन्दको प्रयोग गर्न सजिलो हुने भएकाले यस्ता गीतको रचना गर्न सजिलो परेको छ । एउटा डेउडा पुरा हुन दुईवटा अन्त्यानुप्रासयूक्त संगीतमय हरफको आवश्यकता पर्दछ । केही उप पदलाई छोडेर पहिलो हरफमा जम्मा चौध अक्षर रहने र आठौं अक्षरमा विश्राम हुनेगर्दछ । यस्तै गरी डेउडा गीतमा प्रायः चौध अक्षर नै रहन्छन् । यी गीतहरुमा नेपाली साहित्यको माध्यमिक कालको खुट्टा काट्ने भाषाको प्रयोगको रुपमा गाइन्छ तर यो लिखित रुपमा यो अजन्त नै हुन्छ ।

डेउडा गीतले विभिन्न विषय वस्तुलाई अंगालेको छ । यसमा एकै गीतले फरक फरक विषय वस्तु अँगाल्दछ । गीतले प्रस्तुत गर्ने विषयवस्तु छोटो रहने हुँदा एकै हरफमा पनि सटिक ढंगमा प्रस्तुत भइहाल्छ तर गीत पुरा गर्न दुई हरफको आवश्यकता पर्ने हुँदा एकै गीतले पनि फरक विषय वस्तु अगाल्दछ । गीत मार्मिक हुनका लागि एकै विषयवस्तु भएमा राम्रो हुन्छ । व्यक्तिगत परिचय र सामान्य कुराकानीदेखि लिएर विविध ज्ञान विज्ञानका कुरालाई डेउडा गीतले आफ्नो विषयवस्तु बनाएको छ । यसमा स्थानीय जन जीवनको चित्रण प्राकृतिक सौंन्दर्यको वर्णन दुःख सुख, गाली गलौच, वादविवाद, प्रश्नोत्तर, स्थानीय परिचय, अर्ती उपदेश, धार्मिक, राजनैतिक, ऐतिहासिक, पौराणिक ज्ञान डेउडा गीतका प्रतिपाद्य विषय हुन् । बूढा,

बालक, युवा युवती, शिक्षित, अशिक्षित सवैका हृदयमा समानरुपले डेउडा गीतको महत्व सर्वाधिक रहेको पाइन्छ ।

प्रार्थना

जहि तहि सवै ठाउँमा मंगलले छायो ।
प्रकृति यो सुन्दर ठाउँमा मंगल गीत गायो ॥
निरासीलो सृस्टिमा ८० ास पायो ।
सवैदेवि देवतामा शाक्त सचार जाग्यो ॥
ऋद्धि शिद्धि सवै ठाउँमा श्री गणेशको जन्म भयो ।
सुन्दर वालक दर्शनको अहो भाग्य पायो ॥
श्री गणेशायनमः को महामन्त्र जपन पायो ।
ब्रम्हा, विष्णु इन्द्रवेवलाई अघार शक्ति आयो ॥
सृष्टि रचना संचालन गर्न्या सफलता पायो ।
ॐ गणेशायनमः जप्न सबै जनाले पायो ॥
दुःखीत दलित गल्तिसारा जीवनभरमा मैले ।
जान अन्जान अज्ञान नादानले माफ पाउँ मैले ॥

भला कुसारी :

काँ बाट सवारी भयो काँ बाट राज भयो ।
काँ जान्या हौ रंगी वाज मौकाले भेट भयो ॥
तम हौ टाढाको मान्छे खाइ हाल्याकी भात ।
सञ्चै छ की कुलो कोपला सञ्चै छ की गात ॥
ल्वाङ किन्या मरीच किन्या जिरो परलै छ ।
गात कुशल हजुरको या त असलै छ ॥
फागुन असिना पर्‍यो शेरी खेत वाजै छ ।
लाउनु खानु केही छैन परानी ताजै छ ॥

परिचय :

घास काटेको साज वाँजको सिरुण साजको ।

धेग्दा खेरी माया लाग्यो घर काँ हो वाजको ॥
अग्ला धुरा घनघश्या पाटन देखेलाकी ।
म तिम्रै पाटनको मान्छे अझ चिनेनौ की ॥
ठेक को हलानु होला टुपाको जौ होला ।
इतना लस्कर माझ मायालु को होला ॥
दिल्ली जाने कम परेके सरकारी धन छ रे ।
मायालु भनेको मै हूँ क्य भन्ने काम छ रे ॥

नीतिका कुरा :

खाना दिन्या महतारी ज्ञान दिन्या बा हुन् ।
जो देखाउँछ सत्यबाटो ती पनि गीताइ हुन् ॥
नजाउँन मर्दका वचन प्राणै गएपनि ।
उर्वर भयै धर्तीका माटा जा रह्या लै पनि ॥
कसैलाई नचाइन्या सुन त्यो त फलामै हो ।
दान धर्म उपकार त्यो पनि कामै हो ॥
कण्ठ सोभा राम्रो बोल्नु हात सोभ दान ।
आँखा सोभा राम्रो दृश्य कानको सोभा ज्ञान ॥
कृष्ण पनि गारु ग्वाला राम पनि सिकारी ।
युधिष्टिरको वन वास सुधामा भिकारी ॥
जीवन त सपना रै छै सत्य रै इस ।
यै धर्ती अमृतको घडा यै धर्ती विस ॥
नै जेठ घामका धुप नै पुसका सीत ।
नै कैले उपकार भयो नै आफ्नो हित ॥
कसैकी खानलाई गाँस कसैकी खाना नाइ ।
कसैका हलबल्ल छैन कसैका वान्या नाइ ॥

स्थान परिचय (पाटन) :

उत्तरमा पत्ताल भुमेश्वर हरियाली वन ।
दक्षिणमा घनघस्या लेक कति राम्रो मन ॥

पूर्वमा छन् महारुद्र क्या राम्रो झल्के का ।
पश्चिमा समैजि स्थान क्या राम्रो ढल्के का ॥
पत्ताल भुमेश्वर प्राकृतिक गुफा खैरा चट्टानको ।
ढुङ्गा माटो मिलिकन लता झै भएको ॥
वीचैनि सुर्नया बग्दी दिन्छन् शुद्ध जल ।
यी चारै दिशाका वीच पाटन झलमल ॥
उत्तर-दक्षिण खोला नाल बग्दछन् अनेक ।
यी सवैको संगम स्थल तीपडीगाड एक ।
ठौर ठौर धर्म स्थल यै नदीका तिर ।
यसैको स्वागत गर्छन वन पाखा भिर ॥
बारै मास बसन्तै छ सधै हरियाली ।
धान गहुँ मकै भटमास याँ का प्रमूख वाली ॥
बाँज खर्सु सल्ला अङ्यार वनमा झुलेका ।
चैत बैशाखका मइना गुराँस फुलेका ॥
माथी छ पाटन गर्खा तल पाटन शेरो ।
वीचमा उदयदेव मन्दिर दिल बुजाउँन्या मेरो ॥
दशै तिहार विसू वल्क्या याँका प्रमूख चाँड ।
वरीपरि चारै तिर ठुल ठुला पहाड ॥
आपत छैन विपत छैन भात रोटी खानु ।
सबै ठाउँ खेताला माटो दानु रोप्या मानु ॥
महारुद्र उदय देव प्रमूख पूज्य देव ।
सर्वमान्य कृष्ण मन्दिर त्यस पछि अनेक ।

डेउडा गीतमा आर्शिवाद :

जय होइ झउँ मंगल होइ झउँ रौतेलो बाची रौं ।
मनले सोचेका जसो कर्ममा लेखी रौ ॥
बाँची रएइ पलाई रएइ ठुलो गरै मन ।
मरी ग्यालै विर्सदैन तेरा लाया गुन ॥

धन होइ झउँ सम्पती होइ झउँ बाटामा घर हाइ झउँ ।
जत्तीको माया जाल थियो उत्तिको मान हाइ झउँ ॥
खान लाउन पुरा होइ झउँ जन लागौ रिन ।
सम्पूर्ण सुख मै वितुन बाँचे जति दिन ॥
सत्यको विजय हाइझउँ शान्ति होइ झउँ देश ।
हिडन्या बाटो मैदान होइ झउँ जन लागै ठेस ॥

डेउडा गीतमा भजन :

हरे राम हरे कृष्ण कति राम्रो नाम छ ।
मानव भइ जम्नेपर्ा जप्ने काम छ ॥
मुल मन्त्र राम भज ने बाटो ।
नर जीवन नवनाउ पसु जस्तो लाटो ॥
राम भन्ने नाम जप यही हो त वेला ।
अइले राम नजपेमा पछि चिंता होला ॥

डेउडा गीतमा उपदेश :

बर्ष छोटा बयसका दिन छोटा पुसका ।
भारी बोकी पैसा खानु नखानु घुसका ॥
भोग नलाग्या जिमि जग्गा हक नलाग्या धन ।
पछाडी पछुतो होलो न डुलाउनु मन ॥
धन पैसा अंगको मैल इज्जत हो ठुलो ।
एक आफ्नो बेइज्जत हुने एक आँखाको फुलो ॥
राणा मा बालकृष्ण सम लंका विभिषण ।
दैत्यमा प्रह्लाद पनि सत्यवादी धन ।
जुवातास जन खेल्या खतम होला धन ॥
जुवाले राज हरण गरी  पाण्डप बसे वन ।
जे जे लेख्यो भावनीले निधारका वीच ।
खोजेर पाइने काँइ नाइ त्यसै मान्नु चिज ॥

पूर्व जन्म नमाग्याले पाइदैन खोजेर ।
पैसा भए सुन चाँदी पाइन्छ रोजेर ॥

डेउडा गीतमा उखान :

आगन वाङ्गो क्यालाई भन्नु नच्न नजान्नेले ।
बाडुली लाइन अव शौराडी मान्नेले ॥
जै गारुको सिङ छैन उसैको नाम तिख्या ।
प्रधानका तिखे बल्ल बाच्छा संग भिंड्या ॥
जइका चेला उइका मेला उसैको घरवार ।
कसा कसा काँब गया मुसा ग्या दरबार ॥
खुट्टा भया जुता क भया काग कती ।
पेट पाल्नु मुस्कील ाम भन्ना बाग्मती ॥
गीतपनि उसैको गाउँनु जैको खायो भात ।
लाउँनु खानु यत्तिकै हो सन्चै छ की गात ॥

छोरीको विलौना :

छोरा खाने खाने पान सुपारी विदेश तिर जानु ।
छोरीको जर्मना हैत गर्भै मरी जानु ॥
हात्तै आँशि हात्तै जेउँडो बनकी बनारीका ।
मै कसैन धेक्दु इजु तेरी अनारिका ॥
बम्बै गाडी बम्बै बाइ गै म टनकपुरै छु ।
लागि सोराइ लागि रैगै म दुर दुरै छु ॥
नरहरिको कालो कौवा औसींका पितर ।
कव आउलो मेरी इजु तमरा भितर ॥
उकालीका गुना वानर ओराली मेल खाना ।
माइतै की हु लला चेली पयल भ्केल खाना ॥
एकै कोख जन्मनु हो एकै दुधका धारा ।
छोरीलाई पराया घर छोरा मात्रै प्यारा ॥

भैंसी चर्ने रन वन गाइले चर्नु हो ।
कान्छो भाई जन्मथल खान्छ मैले मरनु हो ॥
गाइको नाम गजली आमा भैसीको नाउ विजु ।
थलामा भात खन्या वेला डाडो लाए इजु ॥
मखीलाई कोध्याको रोटो अरु कीलाई माणा ।
दिनभरि कुरन पर्न्या मृर्ग घुम्ने डाँडा ॥
कै मर्दको रिन खाया हूँ कै जुनि हार्‍या हूँ ।
दुई वर्षकै उमेर मै म कसन मर्‍या हूँ ॥

प्रकृति ऋतु सम्बन्धी गीत :

कालो लेक रमाइलो होला काफल पाकन्नारे ।
साही पाइल नजा [illegible]  की झल्का लागन्नारे ॥
मैना राम्रो असौज [illegible] को बालो नीउरी ।
जा साहि जान्छौ त्या मै झउँलो कम्मरमा सीउरी ॥
खानेवेला धमीलो जनभेइ निर्मल गंगाजल ।
जन वगेइ पदमका फूल बरिखाका भेल ॥
बाटा माइकी मुसुरी काफल चैत पाकन् लाग्यो ।
झन् माया मरला भण्ण झन् पो लागन्लाग्यो ।

लाहुरे र श्रीमतीको दोहरी :

श्रीमान : म आयउला फगुनका महिना कानैमा सुन हाली ।
नान्का तिन्का पाली राख्नु सीस्नामा नुन हाली ॥
श्रीमती : लाउन की कपडा छैन खानकी गास छैन ।
सुन भन्ना घोडामा आया म तेरी आस छैन ॥
श्रीमान : मसानीलाई बोका काट्या तिम्रा भक्कलले ।
घरवारी कसरी होली तसा अक्कलले ॥
श्रीमती : मन पापी फर्कन्या छैन दिन फर्कन्ना बरु ।
पलैत्या भैसाली भया क्या खाने हो सरु ॥

श्रीमान :	साउको रिन रैजान लाग्यो जिन्दगानी भरी ।
म भन्या विदेश जान्छु बसेइ मैन चरी ॥
श्रीमती :	यी मेरा मनका कुरा भनेर क्या होला ।
ब्या भया एक वर्ष भयो न गया क्या होला ॥
श्रमान :	दु:ख नमान मैना चडी फर्की आउला फेरी ।
साउको रिन काटिन्या हो की तेरा मुख हेरी ॥
श्रीमती :	जीन्दगी विताउला मान्या विष माया खढि ।
माया त पैसाको रैछ  मेरा भन्दा बढी ॥

शिक्षाको महिमा :

न त हावाले उडाउन्या न त पानी गलउन्या ।
न त घामले सुका [illegible] त आँगाले वालन्या ॥
न त भाईको अंश [illegible] न त चोरले चोरन्या ।
अमुल्य शिक्षाको ज्योती सवले लिनु पर्न्या ॥
धन पैसा सुन चाँदि भन्दा शिक्षा रैछ ठुलो ।
पढिलेखी ज्ञानी भइ सवको गारौ भलो ॥
महाकवि कालीदास कति मुर्ख थिया ।
ठुलाहरु जो जति छन् विधाले नै भया ॥
कोहि भया प्रधानमन्त्री कोइ भया विद्धान ।
राखी राख्या हृदयमाइ यै अमुल्य धन ॥

महिनावली :

कोइ हेरनी रामायण कोइ समाचार सुणी ।
टाडा गया घरमा आउन्या नया साल भणी ॥
कोइ काटने घर घर बोका कोइ माछाकी जाल ।
कति राम्रा दिन हुने कठै नया साल ॥
उइ दिक्क लाउन्या कोइली फुलन्या रैना ।

गौ का वाला पेलापुर बैशाखका मैना ॥
गौ काटी खलामा खीत्या छाडी जान्या भुडा ।
मन्सकी हाहाकार पडी जेठ पड्या रुडा ॥
जाडीमा ओड्डाकी ल्याउनु भोट्या दाइको थ्रुम ।
असाडका महिना भरि रोपाइकी धाम धुम ॥
उइ नेल्लु गडाका भीडा पण्डाका विपत ।
उइ साउनमा पानी पड्यो उइ सवकी आपत ॥
कति हेर्नु दर्पनमा देखेको मुहार ।
उइ भदौमा गौरा आउने खेल्लाकी बहार ॥
असौजमा धान सीरौला उइ गयो काजवार ।
उइ आयो दशैको टिका उइ भयो बहार ॥
असौज पहेला धान कात्तिक कटाइ छ ।
मैसीर गौ जौं की बुवाइ खानकी पटाइ छ ।

भैसी चराउँदाका गीत :

सुन्नी झा घन्की झा वन कोयली वचन ।
पाहाडकी रंगीला ठउर मायालु को छन ॥
कोपीला कोपीलै रैग्यो कैले फुल्छ्यै फूल ।
टल्की जा सितका थोपा एसेलुकी झुल ॥
दुध खानाकी रहडै हो घास काट्नु झालै हो ।
प्रीतालाई पोयल जाने मुलाइको चालै हो ॥
जा गोठाला घास काटील्या पारी वनका रैना ।
घर खानु न मरि जानु क्य भ्यो मेरी बैना ॥

एक्लै विलाप :

रावणको कपटी मृग रामचन्द्र शिकारी ।
कर्मैले हारेकी भयौं जान्मैकी भिकारी ॥
जा भैसाला घास काटील्या खोलीका गोगन ।

मेरा जसो खोटो कर्म कसैका हाउ जन ॥
रेलगाडीले सिट्टी माऱ्यो मोटर हारन ।
इसोइ लेख्यो भावनीले मैले क्यारनु ॥
बझांगी राजाका खर्क हिमाली बाघ लाग्यो ।
इसोइ त नाइ होलो भत्थ्यौ कर्ममै आग लाग्यो ॥
लेक भैसा धनविरेका पातल हरिका ।
इसाइ दुःख रन्या हुन्की जनम भरिका ॥

केटा केटीको दोहरी :

केटा : नगर चिन्ता रंगि माया मायालु आइ पुग्यो ।
तेरी मायाले मेरी वाँज कलेजीमा दुख्यो ॥
केटी : तेरो गीत मेरो डेउडा आजकी रतेरी ।
बनाइदे गारेटी साइब पैताला पसेडी ॥
केटा : काग्यो मन कैतिर गयो का मया लाइ गयो ।
बाँज कलीले तेसो भन्या लौ तब भै गायो ॥
केटी : तेरी तिर मै ढलैाकी पाटनकी जाँत ।
दे चिना रुमाल बादी जीवनभर सात ॥
केटा : खुर्सानी विउारलो भण्णा हन्दिको विउ रयो ।
मउ कपिला होली भण्णा एकलोइ जिउँ रयो ॥
केटी : नौला राजा नौली रानी नौलोइ छ दरबार ।
जोगी हुन्या करममा हुनैन घर वार ॥
केटा : मन मिल्यो मायालु मिल्यो मिल्लैकन बात ।
जन माण्या मनमा चिन्ता जलौ एकै साथ ॥
केटी : खाइ छाडी विडिको ठोटो नखायालै हुन्छ ।
मेरा परसन तयै पडि नबोल्यालै हुन्छ ॥
केटा : लेखद्याभ्या बैदारका घर जा घोक्या भ्या कासी झा ।
फर्की फर्की क्यइहेरन्छेइ मुसुक्क हाँसी झा ॥
केटी : भट्ट भुट्या उसाइ रया घोगा भुट्या लया ।

एक खुट्का बाटुली लाइ दे माया माण्य भया ॥

केटा : रात्तैका झल्कने घाम खोलीउनी पडी झउ ।
तेरी सोराइ कुन्ती फुल नमाण्या भरी झउ ॥

केटी : टलक्क टल्कन लाग्यो धान काटेको सेरो ।
जन्मजुक रन्या हो की प्रीता तेरो मेरो ॥

केटा : न्याउली चडी गीत गाउँछे हिमालका गाउँमा ।
लैजा मेरो मुटु कल्ज्यो हाल्दे तेरा नाउमा ॥

केटी : हजारी फुलको माला रानी वन पाया ।
जिउँ झुराउँन कठै लाडी कै देश है आया ॥

प्रेमीको विछोडका गीत :

कै वनकी रंगी सवा कै वन बास भयो ।
आगाले हृदय ज ी नास भयो ॥
बास बस्ने अल्गो डाडा टोपी हाल्या जसो ।
भेट नभ्या यसी सम्राय मरी गए कसो ॥
राम राम भन्न कैले लेख्यो पीपलका पातमा ।
कहिलै दुख जन लागौ साइ तिम्रा गाथमा ॥
धान कुट्या चामल भया चामल पिनि पीठो ।
क्या लाग्यो बाँजको माया चिनी भन्दा मीठो ॥
छुट्टी गायो माया जाल मेरो भाग्य पारायाकी ।
मेरो भाग्य यसै होकी बाटो विरायाकी ॥
रावणको कपटी मृग राम चन्द्र सिकारी ।
कर्मैले हारेकी भयौं जन्मै की भीकारी ॥
जा भैसाला घास काटील्या खोलीको गौजन ।
मेरा जसो खोटो कर्म कसैका हौ जन ॥

केही दोहरी गीत :

नौ रन्का अठार फन्का बम्बै टेलिफोनका ।
एक ढपले केइ हुनैन गइलोइ माया दन्का ॥
पारी बटा पखानमा मालुको दामणो ।
केइ तम भण केइ मइ भण्णौ उइ हुन्छ रामणो ॥
खेलको सवाल गद्दौ इज्जत कैका भर ।
क्या की हुन्छ दिलमा कालो कैलाई छैन डर ॥
इज्जत राख्नु घरीनाले नडर्नु मर्दले ।
आकाश कालो बादल ले दिल कालो दर्दले ॥
रात्तै उठी पर भात्तै पेटैनी भरथ्याब ।
एक कुरा सोदनी गद्‌दौ क्या बर्त गरिथ्याब ॥
आँसीकी कतेली रैगै ल्वारका आफर ।
तमरो चित्त म बुझाउलो क्यै हुन्छ कातर ॥

प्रश्नोत्तर :


ओम ब्रहमा ओम विष्णु ती कैका छोरा हुन् ।
ब्रहमका कानका जनै ति क्या का डोरी हुन् ॥
ओम ब्रहमा ओम विष्णु आमैका छोरा हुन् ।
ब्रहमका कानका जनै धर्म का डोरी हुन् ॥
कैका चेला राम चन्द्र कै की चेली सीता ।
कति काण्ड रामायण कति अध्य गीता ॥
दसरथका राम चन्द्र जनक पुत्री सीता ।
आठ काण्ड रामायण अठार अध्या गीता ॥
कैकी हो पीपल डाली कैकी हो चौतारी ।
को हुन सुसीला नारी को हुन औतारी ॥
विष्णुकी पीपल डाली पञ्चकी चौतारी ।
सीताजी सुसीला नारी रामचन्द्र औतारी ॥
भैसाकी गोठाली है की गोरुकी ग्वाली है ।

घरवारीकी धनी होइकी परिती वाली है ॥
भैसागी गोठाली नाइ हौ गोरुकी ग्वाली हौ ।
घरवारीकी धनी नाइ हौ पीरती वाली हौ ॥
पराइभेट गाडी है की सरकारी बस है ।
दाख है की दारीम है सुन्तोला रस है ॥
पाराइभेट गाडी होइन सरकारी बस हु ।
दाख होइना दाडीम होइन सुन्तोला सर हुँ ॥

सन्दर्भ ग्रन्थ सूची


- अधिकारी, सूर्य मणि, २०४४ पश्चिम नेपालको एतिहासिक अन्वेषण ।
- ओभ्रा, देवि प्रसाद, २०४९ डोटी क्षेत्रको इतिहांस तथा संस्कृति महेन्द्र नगर सु.प.सा.स.।
- ओभ्रा, रामनाथ र गिरी मधुसुधन, २०५८ शोध सिर्जना तथा संस्कृत काव्य शास्त्र ।
- ओभ्रा, दीर्घराज सरु (गीति लघु काव्य)
- कोइराला, शम्भु प्रसाद, २०५६, लोकसाहित्य सिद्धान्त र विश्लेषण, विराटनगर धरणीधर पुरस्कार प्रतिष्ठान ।
- कलौनी, सिपराज २०६४ सुदुर लोकसाहित्य ।

- चालिसे, विजय विजय, २०३९ डोटेली लोक संस्कृति र साहित्य, काठमाण्डौ साझा प्रकाशन ।
- चन्द, कृष्ण बहादुर, डेउडा कोसेली, २०६२ महाकाली साहित्य संगम महेन्द्र नगर ।
- दास, कमल प्रसाद, २०५० डोटीको संक्षिप्त ऐतिहासिक रुप रेखा समदर्शी, डोटी समाज ।
- थापा, धर्मराज र सुवेदी हंशपुरे २०४१ नेपाली लोकसाहित्यको विवेचना काठमाण्डौ त्रि.वि.पा.वि.के
- ने.रा.प्र.प्र. २०४१ नेपाली बृहद् शब्दकोश, काठमाण्डौं ।
- पन्त, देव कान्त, २०५१ नेपाली तीज कथा धनगडी कैलाली, जनपुस्तकालय
- पनेरु, खेमराज, २०५० डोटेली लोक कविको जीवन दृष्टि, डेउडा गीतको सन्दर्भमा समदर्शी, सिलगडी
- पनेरु, नेत्र प्रसाद, २०५० हाम्रो लोक अभियान समदर्शी, सिलगडी समाज सेवा, डोटी ।
- पाण्डे, गोविन्द प्रसाद २०६०, डेउडा गीत विगत देखि वर्तमान सम्म ।
- प्रभात, जोशी, पदम प्रसाद, २०५९ गौरा पर्व एक परिचय, धनगढी सुदूर पश्चिमाञ्चल संस्कृति र सम्बर्द्धन समिति ।
- बन्धु, चुडामणि, २०५८ नेपाली लोकसाहित्य काठमाण्डौ एकता वुक्स ।
- भट्ट, बासुदेव भाइसाव, २०६१ डोटेली लोक संस्कृति र लोकसाहित्य परिचय महाकाली साहित्य संगम महेन्द्रनगर ।
- बलायर, भक्त बहादुर, राइमती महाकाव्य, वासीङ्टन डी.सी. संयूक्त राज्य अमेरीका ।
- यात्री, नेपाल पूर्णप्रकाश, २०३५ सेती अञ्चल दिग्दर्शन ।



बैतडी जिल्ला
(सिमाना)
संकेत
जिल्ला
गाविस
भारत
भारत
भारत
दार्चुला
बझाङ
डडेलधुरा
डोटी
उ
५
०
५
१०किमि